www.tanneri.com

तन्नेरी

डट कम

सपना पछ्याउँदै

अन्योलमा विद्यार्थी

अध्ययनको समय खुला देखिएको सूचनाप्रविधि उद्योगको प्रवेशद्वारमा ठूलो ताल्चा झुन्डिएको पाउँछन् भर्खरै स्नातक गरेका विद्यार्थी ।

मोबाइल छ, मस्ती छ

बनेनन् युवामन जित्ने चलचित्र

सजावटको शैली

का.जि.प्र.का.द.नं. : ११७/०६५/६६

तन्नेरी डटकम
tanneri.com

वर्ष १ अङ्क ५ सन् २००९, जुन (२०६६ साल जेठ-असार) मूल्य रु. ३०/

सबै मानिसहरु नयाँ परिवेशअनुसार आफूलाई बदल्न चाहन्छन् बदलिंदो चाहनाअनुसार आफूले मनोरञ्जनको रुपमा हेर्ने चलचित्रमा पनि बदलावको अपेक्षा राख्छन् र आफ्नो अपेक्षा अनुसार बनेका चलचित्रलाई माया गर्छन् ।

बनेनन् युवामन जित्ने चलचित्र — मध्य पृष्ठ

खासगरी प्रेमसम्बन्धमा कम्युनिकेसन, सेयरिङ र अन्डरस्टान्डिङको विशेष खाँचो पर्छ नि त ! जोडीमध्ये कुनै एकको मोबाइल फोन नहुने हो भने त उनीहरुको ब्रेकअप हुन्छ–हुन्छ । मेरो पनि त्यस्तै भयो, त्यतिखेर मसँग मोबाइल थिएन, सो स्याड !

१२ **मोबाइल छ मस्ती छ**

म त टेलिभिजनमा समाचार आउँदा च्यानल नै चेन्ज गरिदिन्थेँ । आमसञ्चारमै १२ कक्षा पढ्दासम्म मलाई पत्रकारितातर्फ कुनै आकर्षण थिएन ।

टेलिभिजन समाचार प्रस्तोताका मिश्रित अनुभव १५

गोपाल योञ्जनको प्रसंग आउँदा नारायणगोपालको नाम छुटाउन मिल्दैन । दार्जिलिङको बसाइका साथसाथ संगीतको वहावमा हेलिंदाहेलिंदै आत्मीयता झ्यांगिएपछि यी दुईले मीत नै लगाए । दुईको भेट र सहयात्राले नेपाली आधुनिक संगीत निकै समृद्ध भएको साक्षी छन् स्रोताहरु नै ।

३० **मेरो गीत म उभेको धूलोले सुनोस्**

यस अङ्कभित्र

नयाँ नेपाल ३
- यस्तो दिन आए अचम्म नमान्नू : पिन
- कार्टुन : देवेन्द्र थुम्केली

सम्पादकीय/प्रतिक्रिया ४

थैली १८
- कमोडिटी मार्केट : अरुण घिमिरे
- रोजाइ आफ्नो आफ्नो : विपिन शर्मा

फुर्सद २२
- कर्णालीको तीरै तीर : निर्मल थापा

जीवनधारा २४
- एक गोठालोको आत्मकथा : डा. डी.पी. भण्डारी

कथा २५
- पाण्डुलिपि : कुमार नगरकोटी

उपन्यास २८
- शब्दजरा : शैलेन्द्र साकार

जीवनसंघर्ष २९
- मीनाको सपना

मनोसामाजिक हस्तक्षेप ३२
- प्रश्नोत्तर : अर्चना दाहाल

पुस्तक/विविध ३५

समसामयिक ३८
- पूर्णता नपाउँदै ढल्ने खतरा : पदम गौतम

साथमा
गजल – ललिजन रावल
कविता – राजेन्द्र थापा/अशोक राई
अनुवाद – सिमस हिनी

डबली/शिक्षा



सूचनाप्रविधि उद्योग र शैक्षिक संस्थाबीचको दूरी (१२)

सल्लाहकार : विनोद ढकाल, विपिन मिश्र, विक्रम श्रेष्ठ **प्रकाशक/सम्पादक** : विभोर बराल, **सम्पादन समूह** : निर्मलकुमार थापा, जनक पौड्याल **सम्वाददाता** : अर्चना दाहाल, रेनुका ढकाल, सृष्टि श्रेष्ठ, जीवन कार्की **प्रबन्ध निर्देशक** : देवराज शर्मा, **व्यवस्थापन** : सुदिप कोइराला (बजार) अनिल खनाल (जनसम्पर्क), **प्रवर्द्धन** : तगेन्द्र मगर, किरनकुमार मगर, बुद्धि तामाङ **वितरण**: ध्रुव सापकोटा **कम्प्युटर ले-आउट**: बाबुराम दाहाल **लेखा** : गोमा खतिवडा **फोटोग्राफी** : डी.डी. बस्नेत **मुद्रण** : कल्पतरू प्रकाशन

तन्नेरी डटकम मासिक, फोन नं.: ४४३५४७७, फ्याक्स : ४४४३८५३ , कमलपोखरी, काठमाडौं नेपाल, इमेल : tannerimonthly@gmail.com पो.ब.नं. ११२१६

यस्तो दिन आए अचम्म नमान्नू

जातासु सुतेकी थिइन् कि उठेकी त्यो त उनै जानून्, तर परिषद्को बैठक छाडेर निद्रा लाग्यो भन्दै हिँडेकी थिइन्। त्यसपछि उनी केसरा सुतको बेडरुमबाट आँखा मिच्दै बाहिर आइन्। जातै त जोगी भने जस्तै सुतकोमा नसुतेर के गरिन् होला र, त्यो सोच्नै बेकार छ, कुरा छाडौं। अनि कुरो उठ्यो अतिक्रमणको। त्यो विषय के हो उनले अर्कै बुझ्छिन्।' यहाँ अतिक्रमण होस् कि खतिक्रमण मेरा पिताले आर्ज्या पद हो मैले जोगाउनैपर्छ' हो यस्तै अथवा यस्तै केही उनले सोचेको हुनुपर्छ। उनले कुर्लंदै भनिन्, 'तपाईंहरू के हो यहाँ कोठा काठा चिहाउँदै आउनुहुन्छ। मान्छेको प्राइभेट लाइफ हुँदैन र ? एकान्तमा बसेर मान्छेले के गर्छ के गर्दैन तपाईंहरूलाई के चासो ?'

'अरे भाइ छोड्दो छोड्दो। थोडा सोच समझकर बात कर्ना पडेगा, यिन लोगोंके साथ।'

बाहिर उभिएको भीडलाई शान्त पार्दै उसले भन्यो- 'आप लोग ठहरिए, जवाफ मिलजाएगा।' भित्र ओझेल नपर्दै उसले फेरि सीमा अतिक्रमण गर्‍यो अलिकति। कुममा एउटा कुहिनो राख्यो र कुच्चिएको चिउँडोलाई अर्को हातले थाम्यो। त्योभन्दा पछिको कुरा पनि मेरो दिव्यदृष्टिले देखेको छ तर भन्दिनँ तपाई आफैं अनुमान गर्नुस् के-के भएन। एकछिनको खस्याकखुसुक पछि दुवै बाहिर निस्के।

'ये क्या है कि भैया, ये बहुत पहेले से हि होरहा था। लेकिन क्या है कि यिसमे कोही सत्यता नहीं है। चन्द्रखश्रेजीको तो कभी किसिने नही पुछा कि आपने सीमा अतिक्रमण किहा है कि नही ? तुमलोगों मे से कोही बतासक्ते हो, क्युँ उनसे ये बात नहिंपुछा गया ?' एकजनाले प्याच्च बोल्छ, 'अब त चन्द्रजी चन्द्रमाभन्दा माथि पुगिसक्नुभयो अनि कसरी सोध्ने र ?'

अर्कोले भन्यो, 'त्यत्रो दरबार ह.का.को त कुरो यसै सेलायो भने चन्द्रखस्रेले कति सीमा अतिक्रमण गरे भन्ने कसले चासो राख्ने ।'

'नहि भइ, ये तो यिनसे जुडी हुई बात है न यिन्हिकि बहेन जो थि। उस वक्त सीमाका कोही बात नहीं उठा अभी ये सिस्टर से मिनिस्टर बनी तो सीमाका बात उठाते हो ?'

त्यसपछि जातासु र सुतले नेपाली र हिन्दीमा एकै व्यहोराको विज्ञप्ति पढे:

'यहाँ कुनै सीमा अतिक्रमण भएको छैन। गर्नेले पनि गरेको छैन भोग्नेलाई पनि थाहा छैन। त्यसैले यो अतिक्रमण को कुरा हाम्रो सम्बन्धमा डाहा गर्नेहरूले उठाएको अफवाह हो। सक्नुहुन्छ, भने यसलाई नपत्याउनुस्। यदि पत्याउनुहुन्छ भने त्यो तपाईंको समस्या हो हामीलाई नसोध्नुस्। कृपया, चियापान गरेर तृप्त भएर जानुहोला।'

चियापानमा चिया थियो, दहीको लस्सी थियो, अनि सेलरोटी र जेरी थिए। त्यो खाइसकेपछि जिज्ञासुहरू दंग पर्दै निस्किए: 'जय भापाल !'

जन आँखो

– देवेन्द्र थुम्केली

दलहरू जीवित रहून् !

विगतका दुई सय वर्षलाई मात्र फर्किएर हेर्ने हो भने पनि थाहा हुन्छ मुलुकको शासनसत्ता हातमा लिएकाहरूको प्रमुख एजेन्डा हुनेगर्थ्यो, बन्द । जनताको चेतनास्तरलाई बढ्न नदिन राणाहरूले पठनपाठन, आमसञ्चारलगायतका क्षेत्रलाई बन्द गर्ने हरसम्भव प्रयास गरे । राजा महेन्द्रले राजनीतिक दलहरूलाई बन्द गरिदिए । बहुदलीय व्यवस्थाको आगमनपछि फुकुवा भएका दलहरूमा पनि बन्दमोह कायम रह्यो र उनीहरूले मुलुकलाई नै बन्द गर्ने नयाँ प्याकेज ल्याए । राजनीतिक परिदृश्यमा अनपेक्षितरूपमा प्रवेश पाएका पूर्वराजा ज्ञानेन्द्रले त झन् महेन्द्र युग हुँदै राणाकालसम्म फर्किएर क्रमशः दलहरू अनि आमसञ्चारलाई पनि बन्द गर्ने प्रयत्न गरे ।

समयको गतिलाई बन्द गरी सत्तामा टिकिरहन सबैले चालेका कदम प्राकृतिक नियमविपरित थिए । अन्ततः इतिहासको किताबका काला पानाहरूमा बन्द हुनपुगे तिनका कुकृत्यहरू ।

गणतन्त्र नेपालको प्रादुर्भावपश्चात पनि सत्तामा टिक्ने वा सत्तामा पुग्ने बाटोका रूपमा बन्दको प्रयोग हुन छाडेको छैन । ससाना घटनामा राजमार्गहरू बन्द भइरहेछन् । राष्ट्रपतिको असंवैधानिक कदम तथा जातीयवर्गीय स्वायत्तताको नाममा एकीकृत नेकपा माओवादी संयुक्तले मुलुकमा खण्डीय बन्दको नयाँ आविष्कार गरेको छ । आफ्नै पार्टीको एउटा पक्ष सत्तामा गयो भनेर मधेसी जनअधिकार फोरमको अर्को पक्षले पनि बन्दको सर्वप्रिय कार्यक्रम अघि सार्‍यो । हाल सत्तामा रहेका एमाले र कांग्रेसले पनि अनेकौं पटक बन्द गराएकै हुन् र सत्ताच्युत भएपछि पुनः गर्ने नै छन् ।

बन्दबाट जनतालाई कति हैरानी भएको छ, त्यसको चर्चा नगरौं । मुलुकको आर्थिक सामाजिक परिवर्तनको अपेक्षा गरिरहेका जनता सत्ता परिवर्तनको दुषित खेलबाट वाक्क भइसकेका छन् । आज राजनीतीक मञ्चमा देखिएका पात्रहरू पुराना झैं इतिहासका पानामा नबिलाऊन् र बन्दै गराउनका निमित्त नयाँ पात्रको उदय नहोस् भन्ने चाहन्छन् जनता ।

त्यसैले समयको चक्रले पाखा लगाउनुपूर्व सबै दलहरू नेपाल खोल्नका लागि लागिपरून् र उनीहरू सफल हुन् जनताको मनको ढोका खोलेर त्यहाँ आफ्नो स्थान बनाउन । हाम्रो शुभेक्षा ।

प्रतिक्रिया

गुनासो

आकर्षक कलेवरमा स्तरीय सामग्री बोकेको तन्नेरी डटकमको चौथो अङ्कले मलाई प्रभावित पार्‍यो । विविधता बोकेको तन्नेरीमा वर्तमान समयका राम्रा सर्जन नयनराज पाण्डेको कथादेखि लिएर ‘ग्ल्यामर’ले समेत ठाउँ पाएको छ। डबली स्तम्भको मार्फत धेरैजनाको अभिव्यक्तिलाई अटाउन सक्नु पत्रिकाको अर्को विशेषता हो ।

मलाई भने तामझामअन्तर्गत छापिएका रमाइला तस्वीरहरूले आकर्षित गरे। मन्थलीमा भएको साहित्यिक जमघटका केही रोचक तस्वीरहरू पनि छापिएका रहेछन्। तर, मेरो एउटा गुनासो छ। तस्वीर मन्थलीमा लिइएको हो भन्ने जानकारी पनि राखिदिएको भए कृष्णचन्द्र सिंह प्रधानलगायतका सर्जकहरू

मन्थलीको माटोमा रमाउन पुगेछन् भन्ने आमपाठकलाई थाहा हुन्थ्यो ।

समग्रमा पत्रिका राम्रो छ र भविष्यमा अझै परिष्कृत हुँदैजानेछ भन्ने मेरो विश्वास छ। तन्नेरी डटकमको दीर्घजीवन देखेको छु मैले ।

जगदीश घिमिरे
चोभार, काठमाडौं ।

अन्योलको औषधि

तन्नेरी डट कमको चौथो अंकको सामग्रीहरू विशेष लागे। साहित्य, प्रविधि, मनोरञ्जन सबै क्षेत्रका विषयवस्तु समेटिएको पत्रिका विविध क्षेत्रका सबैको लागि उपयोगी होला भन्ने मलाई लाग्छ। तिनमा पनि म एक विद्यार्थी भएको नाताले ‘एसएलसीपछिको अन्योल र अवसर’ लेखले बढी तान्यो। उच्च शिक्षाको प्रारम्भिक खुड्किलोमा आफ्नो रोजाइ ठम्याउन नसकी अलमलमा परेका म जस्ता तन्नेरीलाई यसले समाधानको बाटो दिएको छ ।

आज पनि देशको शैक्षिक पाटोमा एसएलसीलाई ‘फलामे ढोका’को रूपमा व्याख्या गरेर थुप्रै स्कुले युवाहरूको दिमागमा हाउगुजी थप्ने काम गरिएको छ। र पनि बर्सेनि लाखौं विद्यार्थीले यो ढोका पार गर्छन् र त्यसपछिको अध्ययनयात्रामा के-कसो गर्ने भन्नेमा अलमलमा पिरोलिन्छन् । यस्तो अलमलको अवस्थालाई चिर्न तन्नेरी पत्रिकाको यस अंकको उक्त सामग्रीले औषधिकै काम गरेको छ ।

हामीलाई एसएलसी आउनुअघिदेखि नै क्याम्पस-जीवन र भविष्यको पढाइ के-कसो हुने हो, कहाँ के पढ्ने, के पढ्दा के हुन्छ, कुन पढाइले सोचेको गन्तव्य हासिल हुन्छ भन्ने मानसिक त्रासले गाँजिरहेको हुन्छ। त्यसमाथि अभिभावक साक्षर र जानेसुनेको नभएर सरसल्लाह दिन नसक्ने भएमा हामीले अर्को समस्या झेल्नुपर्ने हुन्छ। अभिभावक र आफन्तले एसएलसीको हाउगुजी देखाउनाले हाम्रो सोचाइ र योजना बन्दाबन्दै पनि बेकामी बन्छ। एसएलसीको नतिजाअनुसार कुन-कुन श्रेणीका विद्यार्थीले कुन विषय पढ्ने भन्नेमा पनि हाम्रो शैक्षिक क्षेत्रमा संकुचित मानसिकताले डेरा गरेको छ। यो सोच हट्नैपर्छ। ब्रिज कोर्सको उपयोगिता र यसको सम्भावना तथा विषयछनोटमा विद्यार्थीको रुचि र सपनाको मिलनबिन्दु कुन हदसम्म फलदायी हुन्छ भन्नेमा हामीले एसएलसी दिँदै गर्दा र अझ दिएर बसेपछिको फुर्सदको समयमा गम्भीर रूपले सोच्नैपर्छ ।

मनिषा कक्षपति
सल्लाघारी, भक्तपुर ।

सूचनाप्रविधि उद्योग र शैक्षिक संस्थाबीचको दूरी

अन्योलमा विद्यार्थी

विभोर बराल

सूचनाप्रविधि शिक्षाप्रति विद्यार्थीको आकर्षण उच्च रहेको पाइन्छ । अध्ययन सकिनासाथ "राम्रो जागिर" पाइने आशा उनीहरूको मनमा हुन्छ । विद्यार्थीको रोजाइ बुझेर नेपाल संस्कृतबाहेक नेपालका अन्य सबै विश्वविद्यालयले सूचनाप्रविधिसँग सम्बन्धित विभिन्न प्रोग्रामहरू सञ्चालनमा ल्याएका छन् । बीआईएम, बीआईटी, बीसीएस आईटी, बीबीआईएस, बीसीआईएस, बीएस्सी कम्प्युटर साइन्स, बीसीए, बीई कम्प्युटर आदिको डिग्री हातमा बोकेर बर्सेनि हजारौंको संख्यामा सूचनाप्रविधि स्नातकहरू आफ्नो सपना खोज्दै बजारमा प्रवेश गर्छन् । सजिलै उच्चस्तरको जागिर पाउने विद्यार्थीहरूको सपना त्यसबखत टुक्रिन पुग्छ जब उनीहरूको कल्पनाविपरीत व्यावसायिक क्षेत्र निकै कठोररूपमा प्रस्तुत हुन्छ । अध्ययनको समय खुलाजस्तो लागेको सूचनाप्रविधि उद्योगको प्रवेशद्वारमा ठूलो ताल्चा झुन्डिएको पाउँछन् उनीहरू ।

शैक्षिक क्षेत्रका कमजोरी

'फ्रेस ग्रयाजुएट'ले बजारमा सरल प्रवेश नपाउनुमा आफ्नो पनि कमजोरी रहेको यस क्षेत्रसँग सम्बन्धित व्यक्तिहरू स्विकार्छन् । धेरैको निर्क्योल छ, मूलभूतरूपमा समस्याका तीन कारण छन्- शिक्षक, पाठ्यक्रम र विद्यार्थी स्वयं ।

लामो समयदेखि शिक्षणका साथै विभिन्न विश्वविद्यालयको पाठ्यक्रम निर्माणमा समेत संलग्न रहेका डा. सुवर्ण शाक्य जब राष्ट्रिय सूचना केन्द्रमा प्रवेश गरे उनलाई महसुस भयो कक्षामा पढाइएका कुरा वास्तविक जिन्दगीमा जाँदा बेग्लै हुने रहेछ । 'क्याम्पसमा सैद्धान्तिक ज्ञान दिइन्छ तर त्यसको प्रयोग कहाँ हुन्छ भन्नेबारे शिक्षक स्वयं पनि अनभिज्ञ हुन्छ,' डा. शाक्य थप्छन्, 'बजारको ट्रेन्ड'को बारे शिक्षकलाई जानकारी हुनुपर्छ, शिक्षक कुनै न कुनै रूपमा उद्योगसँग जोडिएको हुनुपर्छ ।'

शिक्षकहरूको अस्थिर मनस्थितिले पनि शिक्षाको गुणस्तरमा नकारात्मक असर गर्ने गरेको छ । 'ब्रेन ड्रेन'को समस्याले समग्र सूचना सञ्चारप्रविधिको क्षेत्रलाई नराम्रोसँग गाँजेको छ । 'उहाँहरूलाई हामीप्रति विश्वास नभएर हो वा देशैप्रति विश्वास नभएर हो, राम्रा शिक्षकहरूलाई हामीले 'होल्ड' गर्न सकिरहेका छैनौं,' शिक्षाविद् तथा कलेज अफ अप्लाएड बिजनेसका प्रिन्सिपल रमेश पाण्डे शिक्षकहरूमा निहित विदेशमोहलाई लक्षित गर्दै दुखेसो गर्छन् ।

प्रायजसो क्यापसमा 'फुल टाइम' शिक्षक नहुनु र शिक्षकमा पढाउनेबाहेक अन्य अनुसन्धानात्मक कार्यमा संलग्न हुने रुचि नहुनुले पनि समस्या खडा गरेको पाइन्छ । कम्प्युटर एसोसिएसन नेपालका शिक्षा समन्वय समूह प्रमुख तथा प्राइम कलेजका प्रिन्सिपल नरेश शाक्य भन्छन्, 'हामीहरूले राम्रा शिक्षकहरूको 'क्रिटिकल मास' बनाउन सकेका छैनौं न त उहाँहरूलाई 'रिसर्च'मा सामेल हुने वातावरण नै प्रदान गर्न सकेका छौं ।'

कतिपय विश्लेशकका अनुसार

समस्याको जरो भनेको पाठ्यक्रम हो। सूचना सञ्चारप्रविधिको क्षेत्रमा हुनेगरेका तीव्र परिवर्तनलाई पाठ्यक्रमले अंगीकार गर्न सकिरहेको छैन। बजारमा प्रयोग हुन छाडिसकेका सिस्टम, कन्सेप्ट तथा प्रोग्रामिङ भाषाहरू अझै पनि कक्षाकोठामा पढाइएकै छन्। 'शिक्षण संस्था बजारको मागअनुसारको जनशक्ति निर्माणमा केन्द्रित हुनुपर्छ,' प्राइम कलेजका सत्यबहादुर श्रेष्ठ दाबी गर्छन्, 'तर, 'अपडेट' नगरिएको पाठ्यक्रमका कारण त्यो हुनसकिरहेको छैन।'

वैज्ञानिक परिवर्तनको अभावमा कतिपय संकायका विद्यार्थीहरूलाई परीक्षा उत्तीर्ण गर्ने धौ-धौ परिरहेको हुन्छ। 'इन्जिनियरिङको विद्यार्थीलाई कसरी 'पास' गर्ने भन्ने तनाब रहन्छ,' सास सोलुसन्सका प्रविण झा भन्छन्, 'बीईमा पहिल्यै यति धेरै 'लोड' छ कि विद्यार्थीका लागि थप 'इन्टनरसिप'को त सम्भावना नै रहँदैन। उनीहरूलाई बजारको माग कस्तो छ र त्यसका लागि आफूलाई कसरी तयार गर्ने जस्ता विषयमा सोच्ने फुर्सद नै हुँदैन।'

प्राज्ञिक शिक्षाले आत्मसात् गर्नुपर्ने मूल्य-मान्यताले पनि कहिलेकाहीँ बजारमुखी जनशक्ति निर्माणमा अवरोध खडा गर्ने गरेको छ। 'व्यावसायिक तालिम र 'एकेडेमिक' शिक्षा फरक कुरा हो,' क्याब कलेजका महेश यादव भन्छन्, 'हामीले 'सफ्टवेर इन्जिनियरिङ' भनेर पढाउने विषय पूर्णरूपमा सफ्टवेर निर्माणमा मात्र केन्द्रित नहुन सक्छ।'

व्यावसायिक क्षेत्रका कमजोरी

सूचनाप्रविधि उद्योग आफैं पनि आन्तरिक समस्याले जेलिएको छ। कतिपय अवस्थामा उद्योगले चाहेर पनि नवआगन्तुकलाई उचित स्थान दिनसकिरहेको छैन। व्यापारको अलावा देश तथा समाजप्रति

सुवर्ण शाक्य, अध्यक्ष- राष्ट्रिय सूचना केन्द्र

बजारको मागअनुसार परिवर्तित हुँदै व्यवसाय चलाउनु व्यापारिक निकायको बाध्यता हो। शैक्षिक क्षेत्रको आफ्नै मूल्य तथा मान्यताका कारण छिटोछिटो पाठ्यक्रम परिवर्तन गर्न सजिलो छैन। त्यसैले यी दुई क्षेत्रबीचको खाडल पुर्न पनि गाऱ्हो भएको छ। बीआईएमजस्ता केही "प्रोग्राम" निकै राम्रा छन्, तर विद्यार्थीले आफैंले पनि भरपुर मेहनत गर्नुपर्छ। यो क्षेत्र आफ्नो बाटो आफैं बनाउनेहरूको हो।

महेश यादव, कलेज अफ अप्लाइड बिजनेस

सूचनाप्रविधि उद्योग र शैक्षिक निकायबीच ठूलो खाडल छ। प्राज्ञिक शिक्षा व्यावसायिक तालिम नभएकाले पनि यस्तो स्थिति देखापरेको हुनसक्छ। कुनै पनि पाठ्यक्रम आफैंमा पूर्ण हुन सक्तैन। शिक्षण संस्थाहरूकै बीचमा पनि सामञ्जस्यको अभाव देखिएको छ। यो असहज स्थितिको अन्त्यका लागि सबै सरोकारवालाहरू मिलेर एउटा सर्वमान्य "प्याकेज" नै बनाउनु जरुरी छ।

दिलबहादुर भुजेल, सीबीएफई प्रा ली

केही युनिभर्सिटीहरूले बजारसँगको दूरी घटाउन व्यावसायिक संस्थाका व्यवस्थापकहरूलाई डाकेर उनीहरूको आवश्यकता बुझ्न अन्तर्क्रियात्मक कार्यक्रम पनि राख्न थालिसकेका छन् । यो राम्रो प्रयास हो र सबैले यसप्रकारका कार्य अघि बढाउनुपर्छ ।

आफ्ना लागि कस्तो जनशक्तिको आवश्यकता छ भन्ने शैक्षिक संस्थालाई जानकारी गराउने जिम्मेवारी उद्योगको हो । पाठ्यक्रमलाई तारन्तार परिवर्तन गर्न नसके पनि क्याम्पसहरूले अतिरिक्त विषयका रूपमा बजार उपयोगी तालिम प्रदान गर्न सक्छन् । 'विद्यार्थीको दक्षता अभिवृद्धि गर्न हाम्रोजस्ता कलेजहरूले उपयोगी विषयहरू 'ननक्रेडिट' को रूपमा पनि पढाउने गरेका छौं,' महेश यादव भन्छन् ।

विद्यार्थीको कमजोरी हटाउन र बजारको मागअनुरूपको दक्षता अभिवृद्धि गर्न व्यावसायिक तालिम प्रदायकहरूको पनि महत्वपूर्ण भूमिका रहन्छ । 'क्याम्पसको पढाइ बढी 'थ्योरेटिकल' हुन्छ तर हामी 'प्र्याक्टिकल' केन्द्रित हुन्छौं,' कम्प्युटर प्वाइन्ट नेपालका व्यवस्थापक मनोजकुमार

मनोज कुमार, कम्प्युटर प्वाइन्ट नेपाल

प्रायजसो विद्यार्थी अन्योलग्रस्त हुन्छन् । कलेजले उनीहरूको क्षमता बुझेर विषय छनोटमा समेत सहयोग गर्नुपर्छ । विद्यार्थीलाई दक्ष बनाउनु मूल कुरा हो । ग्रेडिङ सिस्टममा मलाई विश्वास छैन, केवल पास या फेल भन्ने नतिजा हुनुपर्छ । हामीले प्रयोग गर्ने शैक्षिक सामग्रीमा पनि समस्या छ । एउटा किताब पढेर वा पढाएर कुनै पनि क्षेत्रको बारेमा सही जानकारी प्राप्त गर्न सक्दैनौं ।

सत्यबहादुर श्रेष्ठ, प्राइम कलेज

शैक्षिक क्षेत्र र उद्योगको बीचमा नियमित अन्तर्क्रिया भइरहनुपर्छ । यसले दुवैलाई एकअर्काको बारेमा जान्न मद्दत गर्छ । बजारको अपेक्षा र आवश्यकतासँग परिचित भएमा मात्र शैक्षिक संस्थाहरू त्यही रूपको जनशक्ति निर्माणमा लाग्न सक्छन् ।

भन्छन्, 'क्याम्पसबाट 'पासआउट' भएपछि विद्यार्थीहरूको अर्को गन्तव्य भनेको हाम्रो जस्तो संस्था हुनेगरेको छ ।' मनोजको भनाइलाई सही थाप्दै प्रविण झा भन्छन्, 'बीई सकिएपछि म पनि उहाँकै संस्थामा पुगेँ, त्यसपछि बल्ल कम्पनी खोलेको हुँ ।'

सूचनाप्रविधि उद्योग र शिक्षण संस्थालाई नजिक ल्याउन राज्यद्वारा सञ्चालित संस्थाहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । 'सूचना प्रविधि उच्च आयोगजस्ता संस्थाले यी दुई क्षेत्रबीच रहेको खाडल पुर्ने काम गर्नुपर्छ । अन्य देशमा समन्वयको भूमिका सूचना प्रविधि मन्त्रालयले गर्ने गरेको पाइन्छ, नेपालमा पनि त्यस्तै 'मोडल' अंगीकार गर्न सकिन्छ,' नरेश शाक्य भन्छन् ।

शिक्षण संस्थाहरूसँग सम्बन्ध सौहार्द बनाउन अन्य मुलुकमा स्वयं कम्पनीहरू अघि सरेको अनेक उदाहरण छन् । भारतमा 'इन्फोसिस' नामक कम्पनीले 'क्याम्पस कनेक्ट' भन्ने कार्यक्रम नै सुरु गरेको छ जसले प्रतिभाशाली विद्यार्थीको छनोट गरी अध्ययनकालमै उनीहरूलाई अनेक किसिमले सहयोग गर्छन् । 'याहु इन्डिया लगायतका कम्पनीहरूले शैक्षिक क्षेत्रसँगको सम्बन्ध प्रबल बनाउन धेरै कोसिस गरेका छन्, नेपालमा पनि त्यस्ता प्रयास चाँडै सुरु हुनेछन्,' नरेश आशा राख्छन् ।

सूचना सञ्चारप्रविधि व्यावसायी करुण थापाका अनुसार कसैलाई नियुक्त गर्नुअघि त्यस व्यक्तिसँग 'डिग्री' छ कि छैन भन्ने कुरा कम्पनीहरूका लागि महत्वपूर्ण हुँदैन । 'बिल गेट्स पनि कलेज 'ड्रप आउट' हुन्, उनीजस्ता धेरै छन् जसले क्याम्पसको पढाइ पूरा नगरे पनि सूचना सञ्चारप्रविधिको क्षेत्रमा क्रान्ति ल्याएका छन्,' थापा दाबी गर्छन्, 'क्याम्पसले होइन व्यक्ति आफूले आफैंलाई बनाउने हो । ऊभित्र 'केही गरौं' भन्ने भावना हुनुपर्छ, उसको लागि उद्योग सधैं खुलारूपमा प्रस्तुत हुनेछ ।' थापाका अनुसार प्राज्ञिक शिक्षा ग्रहण गरेर होस् वा तालिम लिएर होस्, विद्यार्थीले आफूलाई

प्रकाश कुमार, लर्डबुद्ध एजुकेसन फाउन्डेसन

सूचना प्रविधिको क्षेत्रमा हरेक दिनजसो परिवर्तन भइरहन्छ, तर अधिकांश विश्वविद्यालयका पाठ्यक्रम भने पुरानै रहने गरेका छन् । यो समस्यालाई मनन गरेर हामीले हरेक ६ महिनामा बजारलाई बुझी सोही अनुरूप पाठ्यक्रममा परिवर्तन गर्ने जमर्को गरेका छौं ।

सक्षम बनाउने प्रयासको सुरुवात आफैंबाट गर्नुपर्छ। त्यस्तै, विद्यार्थीहरूमा देखापरेको कलाप्रतिको अरुचि तथा लोपोन्मुख सिर्जनशीलताबाट पनि उनी दुखी छन्। ‘प्राविधिक भयो भन्दैमा यो क्षेत्र कला निरपेक्ष रहन सक्तैन। वेबपेज डिजाइनरको रूपमा मेरो कम्पनीमा आएकाहरूमध्ये अधिकांशमा सिर्जनशीलता भन्ने कुरै छैन। उनीहरूलाई ‘सिन्ट्याक्स’ थाहा छ तर रङको संयोजनको बारेमा पटक्कै ‘सेन्स’ छैन।’

विद्यार्थीलाई प्राविधिक ज्ञानको साथै उनीहरूमा निहित सिर्जनशीलतालाई उजागर गर्ने प्रयास गर्नु पनि उत्तिकै महत्वपूर्ण रहेको सुदर्शन श्रेष्ठलगायत धेरैको राय छ।

सुदर्शन श्रेष्ठ, एभिएम

विद्यार्थीहरूको सिर्जनशील क्षमता खस्कँदै गएको छ। सिर्जनशीलताको अभावमा कुनै पनि कार्य प्रभावकारी ढंगले पूर्ण गर्न सकिँदैन। तसर्थ, सबै क्षेत्र मिलेर विद्यार्थीहरूलाई सिर्जनशील बनाउन छिट्टै नै एउटा सार्थक कदम चाल्ने बेला भइसकेको छ।

भनिन्छ, कुनै पनि समस्यालाई पहिचान गर्नु नै त्यसको आधा समाधान हो। शिक्षण संस्था तथा व्यावसायिक क्षेत्र दुवैले समस्या र त्यसका कारणको धेरथोर जानकारी पाइसकेका छन्। अब तिनको समाधानका लागि दुवै क्षेत्रले हातेमालो गरी अघि बढ्नुपर्ने हुन्छ र त्यसको लागि सरकारद्वारा सञ्चालनमा ल्याइएका सूचनाप्रविधि निकायहरूले समन्वयकर्ताको भूमिका निर्वाह गर्न सक्छन्। ●

अटल गुरु



कुनै व्यक्ति अन्तरआत्माको आवाजको आधारमा आफ्नो जीवनको मूल्य, मान्यता र सिद्धान्तको निर्माण गर्छ र आजन्म त्यसमा अडिक भएर बस्छ भने पक्कै पनि ऊ साधारण हुन सक्दैन। विगत ३८ वर्ष देखि प्राध्यापन पेसामा रहेका रमेश पाण्डे आजको भौतिकवादी दुनियाँका त्यस्तै एक दुर्लभ पात्र हुन् जो धन र ऐश्वर्यलाई होइन आफ्नो कर्तव्यलाई सर्वोपरी ठान्छन्।

उनको शिक्षणयात्रा त्रि-चन्द्र, नेपाल कमर्स क्याम्पस, शंकरदेव, काठमाडौं युनिभर्सिटी हुँदै कलेज अफ अप्लाइड बिजनिस (क्याब)सम्म आउँदा धेरै कुरा बदलियो तर उनी बदलिएनन्। सञ्चारकर्मी जयप्रकाश त्रिपाठीका अनुसार दृढता र अनुशासनका लागि रमेश पाण्डे प्रतिबद्ध छन्। उनको सोचाइको स्तर माथि भए पनि ‘शिक्षा’ भन्दा माथि उठेर सोच्न उनले भ्याएकै छैनन् जसकारण उनी लाखौं विद्यार्थीका ‘चेहेता’ गुरु बनेका छन्।

अनुशासनको हकमा कठोर भएकाकारण पाण्डे सर बेलाबखत समस्यामा पनि पर्नेगरेको त्रिपाठी बताउछन्। शंकरदेवमा क्याम्पस चिफ हुँदाको कुरा हो, विद्यार्थी युनियनको चुनावको दौरान उनले क्याम्पसको निश्चित स्थानमा मात्र पम्प्लेटिङ र पोस्टरिङ गर्न पाउने नियम बनाएका थिए।

एक विद्यार्थी समूहले त्यो नियम उल्लंघन गऱ्यो। उनले त्यस कार्यको विरोध गरे। पुरस्कारस्वरूप अर्को समूहलाई विजयी गराउन खोजेको आरोप आफ्नै सहकर्मीहरूबाट व्यहोर्नुका साथै उनीहरूकै इशारामा गरिएको सांघातिक आक्रमणको सिकारसमेत हुनपुगे उनी।

पाण्डे सरका शिष्यसमेत रहिसकेका क्याबका भाइस प्रिन्सिपल ऋषिराज गौतम शिक्षाक्षेत्रप्रति उनले गरेको त्यागबाट प्रभावित छन्।

गौतमका विचारमा शैक्षिक वातावरणलाई सुदृढ पारी विद्यार्थीलाई कसरी सक्षम बनाउन सकिन्छ भन्ने उद्देश्यका लागि आफ्नो जीवन समर्पण गरेका पाण्डे सरजस्तो अर्को व्यक्ति मुलुकभित्र पाउन मुस्किल छ। तर, आफ्नो विचारमा अडिग रहने पाण्डे सरको विशेषताले कतिपय अवस्थामा उनी र उनका सहकर्मीलाई अप्ठ्यारोमा पनि पार्नेगरेको गौतमको ठहर छ।

उनको सोचाइको स्तर माथि भए पनि “शिक्षा” भन्दा माथि उठेर सोच्न उनले भ्याएकै छैनन् जसकारण उनी लाखौं विद्यार्थीका “चेहेता” गुरु बनेका छन्।

आफ्नो विश्वासमा अविछिन्न रहने उनी अर्काको विचारमाथि न्याय गर्न सक्तैनन् जसका कारण कहिलेकाहीँ सहकार्य मुस्किल हुनजान्छ। आफ्ना आदर्श गुरुले अरूको भावनालाई पनि बुझ्ने जमर्को गरिदिए उत्तम हुने गौतमको सुझाव छ। ●

मोबाइल छ मस्ती छ

प्रविधिको विश्व छोप्ने परखेटा व्यक्तिको मुठीसम्म कैद हुन आइपुगेको पछिल्लो समयमा आधुनिकताको परिचायक सञ्चारको बहुप्रचलित साधन मोबाइल फोनमा युवापुस्ताको झुम्म्याइ थामिनसक्नुको छ । दोहोरो कुराकानीको माध्यमको रूपमा सजिलो सञ्चारसाथी मोबाइल हालका दिनमा "बोल्ने डब्बा" मा मात्र सीमित नरही रेडियो र संगीतको स्वाद मेट्न र क्यामेराको तलतल मेटाउने रूपमा समेत बहुपयोगी हुन थालेको छ ।

जीवन कार्की

'वोउ ! मोबाइलबारे कुरा गर्ने ?' साथीहरूसँग चियाको चुस्कीसँगै गफको फाँको मारिरहेका सन्दीप पोखरेल सुरुमै मुडमा देखिए, 'अचेल त रुटिन नै बनेको छ, रातिको १० बजे कुरिन्छ अनि त्यसपछि बेडमै पल्टिई-पल्टिई मोबाइलमा अनलिमिटेड गफिएर बिताइन्छ ।' केही समयअघि नेपाल टेलिकमले नमस्ते मोबाइलको शुल्क राति १० बजेपछि प्रतिमिनेट एक रुपैयाँको हाराहारीमा झारेपछि निस्फिक्री गफगाफ गर्ने प्रचलन बढेको उनको अनुभव छ। अनलिमिटेड भन्नाले राति कतिञ्जेल फोनमस्तीमा बिताउँदा रहेछन् २३ वर्षीय यी तन्नेरी ? 'यसले कति लामो फोन गर्छ उनलाई सोध्नुपर्छ', सँगै नारिएर बसेका अर्का तन्नेरी अमृत अर्यालले चोरऔँला सोझ्याउँदै छेउमै बसेकी निकिता (परिवर्तित नाम) तर्फ कटाक्ष फ्याँके । जमघटमा हाँसो गुञ्जायमान भयो ।

व्यङ्ग्यको तातो निशानामा परेका सन्दीप संकोच भरिएको मुहारमा रमाइलो ठट्टाले खित्का पोत्दै यसो उता चिहाए, उनी लज्जावती झार झैँ लल्याकलुलुक भइन् । 'होइन-होइन, त्यस्तो केही छैन', गोलीजस्तै अकस्मात् निस्किएको कुराको खुलासालाई पर्दा हाल्न आरोपित प्रेमी कस्सिए, 'उनी त मेरो साथीमात्र हुन्, यस्ता केटी साथीहरूसँग त म कति गर्छु-गर्छु, फोन ।' नाम जोडिएको प्रेमिकाकै सामुन्ने उनले आफू धेरै केटीसँग फोनमस्तीमा

रम्ने गरेको हाकाहाकी सुनाए । उनका विचारमा सामान्यतया आजका अधिकांश युवायुवतीले मोबाइल फोनलाई विपरीत लिंगीसँगको आमोदप्रमोदमा नै उपयोग गर्ने गरेका छन् । विषयवस्तु पनि त्यस्तै हुन्छन् रे, प्रेमसम्बन्ध र ख्यालठट्टा रमाइलोका ! यसको प्रमाण उनले आफूसमेत त्यसबाट अछुतो नरहेकोबाट दिए । 'कति रात त निदाउने कुरा पनि भुलिन्छ र भोलिपल्ट गाह्रो पर्छ,' रमाइलोसँगै गुनासोको ठेली पनि बाक्लो छ, उनको ।

प्रविधिको विश्व छोप्ने पखेटा व्यक्तिको मुठीसम्म कैद हुन आइपुगेको पछिल्लो समयमा आधुनिकताको परिचायक सञ्चारको बहुप्रचलित साधन मोबाइल फोनमा युवापुस्ताको झुम्याइ थामिनसक्नुको छ । दोहोरो कुराकानीको माध्यमको रूपमा सजिलो सञ्चारसाथी मोबाइल हालका दिनमा 'बोल्ने डब्बा' मा मात्र सीमित नरही रेडियो र संगीतको स्वाद मेट्न र क्यामेराको तलतल मेटाउने रूपमा समेत बहुपयोगी हुन थालेको छ । मोबाइलको सर्वसुलभ प्रयोगसँगै नाडीघडी बाँध्ने प्रचलन पनि धेरै हदसम्म घटेको अनुभव छ युवाको । सहरिया जमातदेखि झ्याङ्गिँदै गाउँले परिवेशसम्म मोबाइल र मस्ती पर्याय नाम भएको छ, अहिले तन्नेरीहरूमाझ । केही वर्षअघिसम्म सीमित गन्यमान्य उद्यमी, नेता र कामकाजी वर्गको पहुँचमा रहेको मोबाइल फोन पछिल्लो समयमा निम्नवर्गदेखि स्कुले विद्यार्थीसम्मको हातहातमा 'गहना' बन्न थालेको पाइन्छ ।

यस्तै, गहना सजाउनेमध्येका हुन् त्रि-चन्द्र क्याम्पसमा स्नातक अध्ययनरत बालाजु नेपालटारका अमृत अर्याल । साथीहरूसँग मोबाइल सेट साटफेरको विषयमा कुराकानी गर्दै भेटिएका उनी नयाँ डिजाइनको सेट बोक्न सधैं उत्सुक रहन्छन् । उनीजस्ता युवाले बोक्ने मोबाइलसेट पनि दुई-चार नाम चलेका कम्पनीभित्रैका पर्छन्- नोकिया, सामसुङ, सोनी इरिक्सन, मोटोरोला, एलजी आदि । कानमा इयरफोन घुसारेर संगीतको सुरमा झुमेन भने मोबाइल बोकेको मज्जा मिल्दैन उनीहरूलाई । 'मल्टिमिडिया भएको मोबाइलसेट छैन भने त बोरै हुन्छ नि !' साथीहरूले कलेजमा कक्षा चल्दाचल्दै मोबाइलमा गीत सुन्ने, बेन्चमा टाउको निहुराएर निर्धक्क गफ चुट्ने गरेको अनेक किस्साका साक्षी रहेका अमृत आफू पनि संगीतपारखी रहेको छनक दिन्छन् । तर, मोबाइलको सेवालाई आफूले दुरुपयोग गर्ने नगरेको उनको सीधा जवाफ छ । भन्छन्, 'पढाइबाहेकको समयमा बुबाको हाउस वायरिङसम्बन्धी काममा सघाउन मोबाइलले निकै मद्दत पुऱ्याउँछ ।' बुबाको अह्राइखटाइको खबर मोबाइलमा पाएर त्यसैअनुरूप व्यावसायिक काम अघि बढाउँछन् अमृत । 'आवश्यक पर्दा कामकाजमा युज गर्नुपर्ने हो, तर ठिटाठिटी विनाअर्थ मोबाइलमा झुन्डिएर बस्छन्,' यो कुरा सन्दीपले देखेभोगेको यथार्थ हो । तन्नेरीहरूमा गर्लफ्रेन्ड र ब्वाइफ्रेन्ड एकअर्कासँग गफ गरेर टाइमपास गर्ने रूपमा मोबाइल बढ्ता प्रयोग हुने उनको कुरामा ठाडै प्रतिवाद गरे अमृतले । 'सबैले लाभ लिने हिसाबले मोबाइल प्रयोग गर्छन् भन्ने छैन तर के-कसरी त्यसलाई सदुपयोग गरेर फाइदा लिने हाम्रै हातको कुरा हो,' बुझकी पारामा भने । कहिलेकाहीँ साथीहरूसँग हाइहेल्लोमा रमाइलो गरेर जिस्किने बेग्लै कुरा हो भन्ने लाग्छ उनलाई ।

'आजको नयाँ पुस्ताको मन र मगज 'थ्री एम'को सेरोफेरोमा घुम्छ क्या !' सन्दीपले सुनाए । के-के रहेछन् त थ्री एम ? 'मनी, मोबाइल र मोटरबाइक ।' फोनबाट सम्पर्कसूत्र बढ्ने र त्यसले सम्बन्ध के-कस्तो बनाउने भन्नेमा महत्वपूर्ण भूमिका खेल्ने बताउँदै गर्दा अमृत रसिक देखिए, 'खासगरी प्रेमसम्बन्धमा कम्युनिकेसन, सेयरिङ र अन्डरस्टान्डिङको विशेष खाँचो पर्छ नि त !' थपे, 'जोडीमध्ये कुनै एकको मोबाइल फोन नहुने हो भने त उनीहरूको ब्रेकअप हुन्छ-हुन्छ ।' भुक्तभोगी जस्तै सुनाइरहेका उनले बल्ल रहस्यलाई सप्रमाण खोलिदिए, 'मेरो पनि त्यस्तै भयो, त्यतिखेर मसँग मोबाइल थिएन सो स्याड !'

'हुन त मोबाइल फोन हल्काफुल्का हाइहेल्लो गर्नमै धेर प्रयोग हुन्छ,' सन्दीपले यति भन्नासाथै निकिताले थपिहालिन्, 'हो नि, कोही त मिस्ड कल हान्नैलाई मोबाइल बोकेजस्ता लाग्छन् ।' मिस्डकलको लखेटाइबाट आजित भए झैं मनको तीतो पोखिन्, 'आफू पैसा हालेर मोबाइल चलाउन नसक्ने र मिस्डकलमात्र गर्नखोज्ने हो भने बुबाआमा र अरूको पैसामा मोबाइल चलाएर काम छैन ।' कमाउने कामकाजी मान्छे र मोबाइलबीचको नाता मात्र सुहाउँदो हुने उनको आशय थियो ।

घरकै कामधन्दामा रहने गृहिणीलाई घरमा फोनसेट हुँदाहुँदै छुट्टै मोबाइलको केही कामै नपर्नेमा उनले जोड दिइन् । 'गाँठी कुरा निस्कियो है, गृहिणी र हामी विद्यार्थीलाई भन्दा त बरु भरिया र

युवाले बोक्ने मोबाइलसेट पनि दुई-चार नाम चलेका कम्पनीभित्रैका पर्छन्- नोकिया, सामसुङ, सोनी इरिक्सन, मोटोरोला, एलजी आदि । कानमा इयरफोन घुसारेर संगीतको सुरमा झुमेन भने मोबाइल बोकेको मज्जा मिल्दैन उनीहरूलाई ।

मजदुरलाई पो भारी कता खसाल्नुपर्ने हो र काममा कता आउनुपर्ने हो भन्ने समस्या टार्न मोबाइल फोनको खाँचो पर्ने देख्छु म त,' सन्दीपले फेरि जोडे। तर, उनीहरू जस्ता अधिकांश युवासँग एनटीसी र मेरो मोबाइलको छुट्टाछुट्टै सिमकार्ड र अझ कतिपय त दुइटा फोनसेट बोक्छन्। 'अहिले त एउटै सेटमा दुइटा सिम अट्ने चाइनिज मोबाइल आएपछि मोज भएको छ,' अमृतले खुसी बाँडे। मोबाइलमा सबैभन्दा धेरै मिस्डकलकै 'खेती' फस्टाएको भुक्तभोगी छन् उनीहरू। 'आएको कलमा पनि चिन्दैनचिनेको नम्बरबाट परिचय गरौँ न, कता के गर्दै हो भनेर सोध्छन् केटाहरू त, क्या महसुर पो हुन्छन् बाइ,' निकिताले मोबाइलको मस्तीको अर्को पाटो खोलिन्। तर, त्यत्तिकैमा दिमाग खराब पारेर भने बसिँदैन रे ! बरु नयाँ मान्छेसँग फोनमा त्यसरी गफिँदा रमाइलो टाइमपास हुने भएकाले कतिपय केटीहरू अप्ठेरो मान्दैमान्दै भए पनि बोल्ने गरेको उनले पाएकी छन्। यस्तो मोबाइलमस्तीलाई केटाहरू भने 'काने मजा'को संज्ञा दिन्छन्।

मोबाइलमा रत्तिँदै जाँदा कामको मेलोमेसो केही नभए पनि गफहरू त्यसै फुर्दै जाने कुराको साक्षी छन् धेरै युवा। स्कुल, कलेज र अफिसका साथीसंगीसँग दैनिक गफिने उनीहरू दुई/चार दिन बोल्दाबोल्दै कुनाकन्दराको अन्जान व्यक्तिसँग 'फोन-फ्रेन्ड'को रूपमा अटुट साइनो गाँसिसक्छन्। कमलादीस्थित हिलबर्ट इन्टरनेसनल कलेजमा +२ की छात्रा मधुरिमा खुसल पनि त्यस्तै फोन-फ्रेन्ड पाएर दंग छिन्। रङ नम्बरबाट आएको फोनमा नारी-स्वर सुनेर उताको पुरुष-आवाजले फोनवार्ता लम्ब्याउँदै साथी बन्ने प्रस्ताव गरेछन्, पछि भेटघाट पनि भएछ दुवैको। 'अहिले हामी राम्रो साथी छौँ, गफगाफ र भेटघाटको सजिलो माध्यम मोबाइल भएको छ,' उनले भनिन्। उनी दुई हजार रुपैयाँ पर्ने सेट चलाउँछिन्। 'कुराकानी गर्न काम चलिहाल्छ, महँगो बोकेर के काम ?' सादा हिसी पोख्दै उनले सादापनको परिचय दिइन्। 'ओइ, त्यसो नभन् न, लोडसेडिङको बेला गीत सुन्न त अलि दामी सेट चाहिएन भन् त ?' पाँचजनाको जमघटमा रहेका तन्नेरीमध्ये १८ वर्षीया निरु बुढाथोकीले सुझाइन्। मधुरिमामा त्यसको कुनै असर परेन।

बागबजारको गल्लीभित्र साइबर क्याफेको पेटीमा लस्करै भेटिएका उनीहरूमध्ये पवन र राधिका अलि गुमसुम छन्। 'राति १२-१ बजे कहाँकहाँबाट फोन आउँछ भन्या, क्या टेन्सन !' विस्तारै खुल्दै गरेकी राधिकाले आफूले मोबाइलमा गफको मस्तीभन्दा भोगेको हैरानीको बेलिबिस्तार लगाइन्, 'मध्यरातमा फोन गरेर बिहे गर्छु, 'आइ लभ यू' भनेर सताउँछन्।' गाजलको घेराबन्दीमा परेर बाक्लिएका उनका आँखामा रिसको एक लहर दौडियो। निद्रा खलबलिएर भोलिपल्ट 'टेन्स' हुन्छ रे, उनलाई ! फोनमा के-के कुरा गर्छन् उनीहरू ? निरुले सबैको प्रतिनिधित्व गरे झैँ सुनाइन्, 'सबै कुरा हुन्छ नि, केटीहरूबीचमा चाहिँ ब्वाइफ्रेन्डको कुरा हुन्छ, कसको कस्तो ब्वाइफ्रेन्ड भनेर।' सबै गरेर मोबाइल सेवाप्रदायकलाई नाफा दिलाउनमा आफूहरू जस्तै युवाको भूमिका पनि कम नभएको उनले ठट्टा गरिन्। १५ हजारको सेट बोक्ने पवन पनि साथीभाइलाई हाइहेल्लो गर्दैमा सातामा सय रुपैयाँ सक्छन्। 'कहिलेकाहीँ रिफ्रेसमेन्टका लागि नयाँ नम्बरमा छुस्स कुरा गरिन्छ,' गम्भीर भावका उनी यतिखेर मस्किए।

नक्सालमा साउन्ड सिस्टम पसल चलाउँदै आएका आकृत परियार (१८) युवाहरू मोबाइलका लती बन्नुमा बेरोजगार समस्या प्रमुख रहेको औँल्याउँछन्। 'बेरोजगार भएकैले फुर्सद धेरै भएर अरू अलमलिने उपाय नपाएपछि मोबाइल फोनमा झुन्डिएर समय बिताउने र पैसाको नास गर्ने गर्छन्,' उनले आफ्नो अनुभवी विगत सम्झिँदै बताए, 'एसएलसी दिएर बसेको खाली समयमा नै हो मोबाइलको लतमा फस्ने।' ठाउँ न ठहर, बेला न कुबेला फोनमा झुन्डिएर बस्ने प्रवृत्तिलाई उनले कुलतको संज्ञा दिनसमेत छुटाएनन्। उनका सर्कलका साथीहरूलगायत उनी स्वयं पनि यो कुलतका 'सिकार' भएका छन्। छुट्टाछुट्टै कलेज पढ्ने उनीहरूको जक्सन पनि मोबाइलकै सम्पर्क-सूत्र हो। 'नचिनेका साथीसँग फोनमा २/३ घन्टा बिताउनु र रातभरि जाग्राम बसेर गफिइरहनु राम्रो कुरो हो त ?' ब्रिलियन्ट कलेजमा १२ कक्षाका विद्यार्थी मनिष लामा जंगिए, फेरि एकैछिनमा शान्त मुद्रामा आए, 'तर, म नै त्यसो गर्छु।'

गेम खेल्ने, म्युजिक सुन्ने, भिडियो हेर्ने, क्यामेरा चलाउने र एसएमएसमा रमाइलो जोक्स सेयर गर्ने उनीहरू मोबाइल सेट पनि महिना-दुई महिनामा बदलिइरहन्छन्। कहाँबाट आउँछ पैसा ? 'मोबाइलको कुरामा साथीहरूसँग जस्तोसुकै कुरा पनि मिलिहाल्छ नि !' आकाशप्रकाश सिंहले सजिलै बताए, 'अलिअलि घरबाट पाएको पकेट खर्च जोगायो अनि थोरै साथीभाइसँग ऐंचोपैंचो चलायो भने काफी हुन्छ।' उनीहरू मोबाइल सेट पनि साटासाट गरेर चलाउँछन्। मोबाइल र रिचार्ज कार्डकै लागि कतिपय साथीले घरमा बुवाआमाको थैलीमा 'लामो हात' पनि गर्ने गरेको उनीहरूले चाल पाएका छन्।

'पहिले फोन-फ्रेन्ड अनि कुरा हुँदाहुँदै गर्लफ्रेन्ड', मनिष युवाहरूमा हुने विपरीतलिंगी फोनविज्ञान केलाउँछन्। महँगो मोबाइलले केटीहरूलाई आकर्षित गर्न होडबाजी पनि चल्छ उनीहरूको साथी सर्कलमा। फेसनको रूपमा नयाँ पुस्तामा प्रभाव फैल्याउँदै लगेको मोबाइल प्रचलनले ढाँट्ने संस्कृतिको पनि विकास गर्दै लगेको उनीहरूको एक स्वर छ। 'बाटोमा हिँडिदैछु भने घरमा छु भन्यो, छेउमै रहेको मान्छेलाई पनि बाहिरतिर छु भनेर झुक्याउँदा पत्तै पाउँदैनन्', छिरिङले मोबाइलको 'फाइदा' बताए। 'तर, जहाँसुकै भए पनि कसैले फोन गरेपछि आफू फेला परिहालिन्छ मोबाइलमा, यो भने घाटो हो,' उनले अर्को पाटो खोतले। ●

PRIME
CHARTERED ACADEMY

The First & Only Institute Providing
Complete CA Clases
Since its Inception

for details
PRIME CHARTERED ACADEMY
Naya Baneshwor, Suruchi Marga (on the way to Shankhamul)
Tel: 4783206, Fax : +977-1-4784678,
web: www.primeca.com.np

टेलिभिजन समाचार प्रस्तोताका मिश्रित अनुभव

टेलिभिजनको प्रवेशसँगै नेपाली सञ्चार जगत्मा पनि नयाँ तरङ्ग फैलिएको छ । आमजनता सूचना पाउने अधिकारबाट सु-सूचित हुँदै गएका छन्, जसमा टेलिभिजनको भूमिकालाई मुख्य मान्न सकिन्छ । टेलिभिजनमा देखिने दृश्यमध्ये हामीले उठाउन खोजेको प्रसङ्ग न्युज एङ्करको मात्रै हो ।

जनक पौड्याल

मानिस सधैं आफ्नो पहिचनको खोजीमा हुन्छ । आफूले अँगालेको पेसाबाट समाजमा चिनिन चाहन्छ । समाजसँग व्यक्ति विशेषको पहिचान उसले अपनाएको पेसाअनुसार नै निर्धारण हुन्छ । त्यसैले होला, समाजसँग प्रत्यक्ष जोडिने पेसाप्रति मानिसको आकर्षण बढी देखिन्छ । मानिस त्यस्तो पेसाको खोजीमा हुन्छ जसले समाजमा इज्जत, मान-प्रतिष्ठा र पैसा कमाउन सकियोस् । तिनै सम्मानजनक रुपमा हेरिने पेसामध्येमै पर्छ, पत्रकारिता । किनकि पत्रकारिता आमजनताको सूचनाको हकसँग सम्बन्धित पेसा हो । सञ्चार क्षेत्रलाई राज्यको चौथो अङ्गका रुपमा समेत लिने गरिन्छ । नेपालमा पनि मिडिया क्षेत्रमा

नयाँ पुस्ताको आकर्षण बढ्दो छ । नयाँ पुस्ताले रुचाउने पेसा भएकाले तन्नेरी डटकम मासिकले यसपल्ट टेलिभिजनका समाचार प्रस्तोता (न्युज एङ्कर) हरूको अनुभव साटासाटको कार्यक्रम आयोजना गर्‍यो ।

टेलिभिजनको प्रवेशसँगै नेपाली सञ्चार जगत्मा पनि नयाँ तरङ्ग फैलिएको छ । आमजनता सूचना पाउने अधिकारबाट सुसूचित हुँदै गएका छन्, जसमा टेलिभिजनको भूमिकालाई मुख्य मान्न सकिन्छ । टेलिभिजन भन्नेबित्तिकै हाम्रा आँखाअगाडि विभिन्न प्रकारका दृश्यहरू नाच्न थाल्छन् । टेलिभिजनमा देखिने दृश्यमध्ये हामीले उठाउन खोजेको प्रसङ्ग न्युज एङ्करको मात्रै हो ।

टेलिभिजनलाई सामूहिक कार्यको प्रतिफल मानिन्छ । टेलिभिजनमा एक्लैले केही पनि गर्न सकिँदैन । न्युज एङ्करले समाचार वाचन गर्नुअगाडिसम्म समाचार तयार गर्नका लागि धेरैले मिहिनेत र योगदान दिएका हुन्छन् । सामान्यतः कुनै पनि समाचार रिपोर्टर, क्यामरामेन, भिडियो एडिटर, न्युज प्रोड्युसर हुँदै न्युज एङ्करसम्म आइपुग्छ । हामीले देख्दा एङ्करलाई टेलिभिजनको स्क्रिनमा देख्छौं र उनीहरूले गरेको कामप्रति हामी मोहित हुन्छौं । हामीलाई पनि आत्मविश्वास हुन्छ कि, टेलिभिजनमा सजिलै समाचार पढ्न सकिन्छ । नसकिने कुरा त केही पनि छैन, तर त्यसभित्रका अवसर र चुनौतीका बारेमा पनि जानकारी राख्नु उत्तिकै आवश्यक छ ।

सिम्रिका शर्मा
कान्तिपुर टेलिभिजन

'मलाई नर्सिङ पढ्ने रहर थियो, तर बुबाले पत्रकारिता पढाउन जोड गर्नुभयो,' कान्तिपुर टेलिभिजनकी न्युज एङ्कर सिम्रिका शर्माले आफ्नो विगत कोट्याइन्, 'म त टेलिभिजनमा समाचार आउँदा च्यानल नै चेन्ज गरिदिन्थें । आमसञ्चारमै १२ कक्षा पढ्दासम्म मलाई पत्रकारितातर्फ कुनै आकर्षण थिएन ।' सिम्रिकाले न्युज एङ्कर हुन्छु भन्नेसमेत सोचेकी थिइनन् । तर, १२ कक्षा सकेपछि उनले काठमाडौं पोस्टमा छापिएको विज्ञापन हेरेर कान्तिपुर टेलिभिजनमा न्युज एङ्करका लागि एप्लिकेसन दिइन् । 'तीनचोटिको छनौट प्रक्रियापछि म कान्तिपुर टेलिभिजनमा समाचार प्रस्तोताका रुपमा छानिएँ,' सिम्रिकाले आफ्नो कान्तिपुर प्रवेशको कथा सुनाइन्, 'म अङ्ग्रेजीमा समाचार पढ्न चाहन्थें, तर मलाई नेपाली समाचार पढ्ने जिम्मा दिइयो । मैले पनि आफूले पाएको जिम्मेवारीलाई कुशलताका साथ पूरा गरिरहेकी छु जस्तो लाग्छ ।' सिम्रिका अहिले आफ्नो कामबाट जति सन्तुष्ट छिन् त्यति नै भविष्यप्रति सशङ्कित पनि, 'अहिले त म आफ्नो कामप्रति सन्तुष्ट नै छु, तर, मेरो लक्ष्य के हो भन्नेमै म अलमलिएको छु,' उनले

भविष्यप्रति सङ्केत गरिन्, 'न्युज एङ्करिङ गरेर म माथि बढ्ने ठाउँ नै देख्दिनँ । पत्रकारिताको विद्यार्थी भएकाले मलाई रिपोर्टिङमा जाने रहर छ, तर त्यो वातावरण चैं मिलेको छैन ।'

सुनिल कोइराला
एभिन्युज टेलिभिजन

एभिन्युज टेलिभिजनका न्युज एङ्कर सुनिल कोइराला समाचार पढ्नुलाई जागिरका रुपमा हेर्छन्, 'म आफूलाई दिएको जिम्मेवारी हरेक दिन पूरा गरिरहेको छु, यो जागिर सिवाय अरु केही होइन ।' उनी न्युज एङ्करिङबाट सोचेजस्तो सफलता हात पार्न नसकेको स्वीकार्छन्, 'म आफूलाई पत्रकार हुँ भन्न पनि सक्दिन, मेरो काम समाचार पढ्ने हो, म त्यो पूरा गरिरहेको छु । त्योभन्दा बढी मैले केही गरेजस्तो लाग्दैन । तर हरेक दिन नयाँ चुनौती थपिएको महसुस भने हुन्छ ।'

समाचार प्रस्तोता हुँदा धेरैले चिने पनि आममानिसले सोचेजस्तो आर्थिक उपार्जन गर्न भने नसकिने पत्रकार कमल कुमारको धारणा छ । हाल नागरिक दैनिकमा कार्यरत कमलले कान्तिपुर टेलिभिजनमा खेल समाचार पढ्दाताकाको अनुभव सुनाए, 'समाचार पढ्छ भन्ने चिन्नेले कतै लाइनमा बस्नुपर्ने काम पऱ्यो भने अगाडि जान ठाउँ छाडिदिन्थे, त्यतिबेला चैं खुसी लाग्थ्यो, तर न्युज एङ्करको लाइफ स्टाइलप्रति अरुको जुन एक्सपेक्टेसन हुन्छ, त्यो एकरत्ति पनि पूरा गर्न सकिँदैन । सामान्य तलबमा जागिर खानुबाहेक हामीले कुनै उपलब्धि हाँसिल गर्न सकेका छैनौँ ।'

कमल कुमार
नागरिक दैनिक

'अँध्यारो नहुँदो हो त हामीले उज्यालोको महसुस गर्न नै कहाँ पाउँछौँ र ?' आफ्नो कामबाट आशावादी देखिएका एभिन्युज टेलिभिजनका पत्रकार एवं समाचार प्रस्तोता प्रेम बानियाँले हौसला भरे, 'हामी अहिले जुन स्थितिमा छौँ, त्यो साँच्चै नै चित्त बुझ्दो छैन, तर म यही अँध्यारोको बीचमा उज्ज्वल भविष्य देखिरहेको छु ।' प्रेम आफ्नो कामलाई जागिर मात्र ठान्दैनन्, 'हामी पत्रकारिता गर्छौं, आमजनताका समस्या खोतल्छौं, त्यसको समाधान खोज्नतर्फ लाग्छौं, हामी एकदुई जनाले गरेको कामबाट हजारौँले सहज अनुभव गर्छन् भने मात्र हामी सफल हुन्छौं ।' गाउँकै चौतारीको पिपलको बोटमा छापिने हस्तलिखित पत्रिकामा पहिलोचोटि कविता छापिएको थाह पाएपछि आमा खुसी भएको क्षण सम्झँदै प्रेमले भने, 'भित्ते पत्रिकामा नाम देखेपछि आमा खुसी भएको क्षणले नै मलाई पत्रकारितातर्फ लाग्न प्रेरणा दिइरह्यो । नाम छापिनु ठूलो कुरा रहेछ भन्ने लाग्यो । मैले कसरी अगाडि बढ्न सकिन्छ भनेर हरदम सोचिरहेँ । आज म जुन ठाउँमा छु, त्यसबाट म सन्तुष्ट छु । आर्थिक रुपमा हेर्ने हो भने, यस पेसाबाट प्रसस्त पैसा कमाउन सकिने अवस्था छैन, तर आत्तिइहाल्नुपर्ने अवस्था पनि म देख्दिनँ ।'

प्रेम बानियाँ
एभिन्युज टेलिभिजन

नेपालमा निजी टेलिभिजनको इतिहास डेढ दशक लामो पनि छैन । भर्खरै मात्रै टेलिभिजन च्यानलहरूको सङ्ख्या बढ्दै छ । एसै पनि लगानी गरेर टेलिभिजन च्यानल सञ्चालन गर्नेहरू नाफा चाहन्छन् । त्यसमाथि लोडसेडिङको मारले खर्च घटाउनुलाई सञ्चालकहरूले बाध्यता भने पनि अवसरका रुपमा प्रयोग गरे । लोडसेडिङको कारण देखाउँदै नेपालका निजी टेलिभिजन सञ्चालकहरूले टेलिभिजनमा संकटकाल घोषणा गरेर केही समय प्रसारणसमेत बन्द गरे । केही टेलिभिजन च्यानलले यही बाहनामा सञ्चारकर्मी, प्राविधिक र कर्मचारीलाई अवकास दिए । यस्तो जटिल स्थितिबाट गुज्रिरहेका टेलिभिजन च्यानलहरूले हामीले चाहेजस्तो मूल्य दिएर हाम्रो श्रम किन्न सक्ने अवस्था छैन । तर, निजी टेलिभिजनहरूले छोटो समयमै जुन उचाइ प्राप्त गर्दै गइरहेका छन्, त्यसबाट आशावादी भने हुन सकिन्छ ।

कान्तिपुर टेलिभिजनका न्युज एङ्कर रुपेश श्रेष्ठलाई कान्तिपुरमा आउनुअघि लाग्थ्यो, कान्तिपुरमा जागिर खाइयो भने ५-६ वर्षमा नै कार चढेर हिँड्न सकिएला । 'तर, कल्पना र यथार्थमा धेरै फरक हुँदो रहेछ,' रुपेशले आफ्नो अनुभव सुनाए, '११ कक्षा पढ्दादेखि मैले क्लासिक एफएममा समाचार पढ्न थालेँ । कान्तिपुर आएको दुई वर्ष बितिसक्यो । मैले पहिला जे सपना देखेँ, त्यो पूरा हुन गाह्रो छ । तर, मलाई मेरो पेसाप्रति कुनै गुनासो भने छैन ।' रुपेशलाई लाग्छ, सञ्चार क्षेत्रमा काम गर्नेहरूलाई सञ्चारसँग सम्बन्धित केही सुविधा राज्यले पनि उपलब्ध गराओस् । श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन नै हुन नसकिरहेको अवस्थामा रुपेशले सोचेजस्तो राज्यले केही गर्ला भन्नु पनि तत्काललाई कल्पना नै हो ।

रुपेश श्रेष्ठ
कान्तिपुर टेलिभिजन

न्युज एङ्करकै रुपमा काम गर्नुपर्दा भित्रि गुनासाहरू टेलिभिजन च्यानलअनुसार नै फरकफरक आउँदा हुन् । कतिपय टेलिभिजन च्यानल व्यावसायिक हुन सकेका छैनन् । च्यानल थपिने क्रम बढ्दो छ । जति टेलिभिजन खुले पनि व्यावसायिक हुन सकेनन् भने त्यहाँ काम गर्नेको हित हुनसक्छ भनेर सोच्न पनि सकिँदैन । तर, प्रतिस्पर्धाले नयाँ अवसर भने पक्कै जन्माउँछ ।

रमा लामिछाने
सञ्चारकर्मी

२०६२ सालतिर एसएलसी दिएपछि उद्घोषणको तालिम लिएकी रमा लामिछानेले टेलिभिजनमा समाचार पढ्ने अवसर आउला भन्ने सोचेकी पनि थिइनन् । 'मलाई एफएममा बालबालिकासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने रहर थियो तर चितवनको सिजर्नी एफएममा समाचार पढ्ने मौका मिल्यो । म समाचार पढ्थेँ, तर समाचारबारे

केही थाहै हुँदैनथ्यो, मात्र पढ्थेँ । सिनर्जी र गोर्खा एफएम हुँदै म एबीसी टेलिभिजनसम्म आइपुगेँ ।' पत्रकारिता अध्ययनमा व्यस्त रमा अहिले भने एबीसीबाट बाहिरिसकेकी छन् । अझै नेपाली टेलिभिजन जगत्मा ढुक्क भएर काम गर्ने वातावरण बन्न नसकेको गुनासो छ रमाको ।

गोकुल श्रेष्ठ
सगरमाथा टेलिभिजन

२०६० सालमा रेयुकाईले दिएको पत्रकारिता तालिमबाट गुल्मीका गोकुल श्रेष्ठ यो पेसातर्फ तानिए । उनी पहिला प्रिन्ट मिडियाप्रति रुचि राख्थेँ । गोकुलले आफ्नो पत्रकारिताको प्रारम्भिक समय गुल्मी र बुटवलमा बसेर साप्ताहिक पत्रिकामा खर्च गरे । 'बुटवल सानो लाग्न थालेपछि म अवसरको खोजीमा काठमाडौँ आइपुगेँ । काठमाडौँ त एउटा सागर नै हो, डुबिने हो या तैरिने केही टुङ्गो थिएन,' गोकुलले आफ्नो विगत कोट्याए । तर कामप्रति समर्पित भएर निरन्तर लागिपर्ने हो भने, स्थापित हुन सकिन्छ भन्ने प्रमाण हुन् गोकुल । अहिले गोकुल सगरमाथा टेलिभिजनमा रिपोर्टिङ, न्यूज एङ्करिङ र टक सोसमेत चलाउँछन् । 'म यो पेसाप्रति विश्वस्त छु, तर ढुक्क हुन सक्ने अवस्था आएको छैन,' गोकुलले आफ्नो पेसाप्रति देखिएको अस्थिरतातर्फ सङ्केत गरे ।

कल्पना भण्डारी
सगरमाथा टेलिभिजन

नेपालमा पत्रकारिताको अध्ययन हुन थालेकै पनि धेरै भएको छैन । त्यसैले सञ्चारकर्मीका रुपमा काम गर्नेहरू पत्रकारिता अध्ययन नै नगरी आएका पनि प्रसस्त छन् । पछिल्लो समयमा मात्र आम सञ्चार अध्ययन गर्ने विद्यार्थी बढ्दै गएका हुन् । जहाँ जसरी अवसर भेट्यो त्यसलाई 'फेस' गर्ने नेपाली परम्परा नै बनिसकेको छ । सगरमाथा टेलिभिजनकी समाचार प्रस्तोता कल्पना भण्डारी एमबीबीएस गर्ने सपना बुनेर अस्कलमा आईएस्सी पढ्न थालेकी थिइन् । उनले त्रि-चन्द्रमा बीएस्सी पढ्दा पढ्दै पाँच सय रुपैयाँ तिरेर लिएको उद्घोषण तालिमले उनलाई टेलिभिजनमा कार्यक्रम चलाउने र समाचार पढ्नेतर्फ अकर्षित गऱ्यो । उनको अध्ययन र उनको रुचिमा अकास-पतालको फरक देखापऱ्यो । उनले सगरमाथामा न्युज एङ्करका लागि आवेदन दिइन् र छनौट पनि भइन् । 'म समाचार पनि पढ्छु र कहिलकाँही रिपोर्टिङ गर्छु । म अहिले रिपोर्टिङतिर बढी इन्ट्रेस्टेड छु,' कल्पनाले आफ्नो रुचि सुनाइन् ।

सुशील पाण्डे
एबीसी टेलिभिजन

हुन त मान्छेको स्वभाव नै नयाँ कुरा खोज्नेतर्फ केन्द्रित हुन्छ । एकै ठाउँमा अडिएर बस्ने प्रवृत्ति मान्छेमा हुँदैन । मान्छे हरदम आफ्नो रुचिअनुसारको कामको खोजीमा हुन्छ । अङ्ग्रेजीमा एमए गरेर अध्यापन गरिरहेका नुवाकोटका सुशील पाण्डेले एबीसी टेलिभिजनमा अङ्ग्रेजी समाचार प्रस्तोताका लागि आवेदन दिए । एबीसीले उनलाई छनौट गऱ्यो । अहिले उनी अङ्ग्रेजी समाचार पढ्ने र सम्पादनको काम गर्छन् । 'जुन उत्साहका साथ म टेलिभिजनमा प्रवेश गरेँ, अहिले त्यो हराउँदै गएको छ । अध्यापनतर्फ फर्किने कि यही पेसामा अल्झिने दोसाँधमा छु । मैले न्युज एङ्करिङको काम रहरले अपनाएँ तर भविष्य देखेको छैन,' सुशीलले आफ्नो अनुभव सुनाए ।

निराजन खनाल
नेपाल टेलिभिजन

निजी क्षेत्रमा जुन निरासा हुन्छ, सरकारी क्षेत्रमा त्यो कमै हुन्छ । सरकारी क्षेत्रमा काम गर्नेहरूको कम्तीमा पनि जागिरको सुरक्षा हुन्छ । तर, काम नगरी कतै पनि स्थापित हुन सकिँदैन । मान्छे कुनै पनि पेसामा टिक्नु भनेको उसको क्षमतामै निर्भर रहन्छ । नेपाल टेलिभिजनका समाचार प्रस्तोता निराजन खनाल आफ्नो कामबाट सन्तुष्ट छन् । क्षमता छ र मिहिनेत गर्न सक्यो भने जहाँ पनि आफ्नो प्रभाव छाड्न सकिन्छ भन्ने मान्यता राख्छन् निराजन ।

उनले आफ्नो टेलिभिजन प्रवेशको प्रसङ्ग निकाले, 'नेपाल टेलिभिजन आउनुभन्दा अगाडि म दाङको स्वर्गद्वारी एफएममा काम गर्थे । एनटीभी मेट्रोका लागि विज्ञापन खुलेपछि म काठमाडौँ आएँ । मेरो काठमाडौँ प्रवेश सार्थक भयो, म एनटीभी मेट्रोमा छानिएँ ।' दुई वर्षदेखि नेपाल टेलिभिजनमा समाचार वाचन गरिरहेका निराजन रिपोर्टिङमा पनि उत्तिकै खट्छन् । 'नेपाल टेलिभिजनमा जागिरमात्र खाएर बस्नेहरू छन्, जागिर मात्र खाने सोच हो भने त केही भन्न सकिन्न, तर आफ्नो क्षमता देखाउनका लागि मिहिनेत गर्नु जरुरी छ, म सक्दो मिहिनेत गरिरहेको छु । मलाई आफ्नो पेसाप्रति कुनै गुनासो छैन ।'

हरेक क्षेत्रमा सकारात्मक र नकारात्मक पक्ष हुन्छन् । जसले पनि आफ्नो अनुभवअनुसारकै व्याख्या गर्ने हो । तर, कुनै पनि पेसामा प्रवेश गर्नका लागि आफुनो रुचिलाई मात्र आधार बनाउनु हुँदैन । त्यस पेसामा प्रवेश गर्न आवश्यक दक्षता हासिल गर्नैपर्छ । न्युज एङ्करिङ देख्नमा जति सजिलो र अकर्षक छ, त्यतिकै चुनौतीपूर्ण छ ।

अहिलेसम्म जो जसरी यो पेसामा प्रवेश गरे पनि, अबको पुस्तालाई पत्रकारिता अध्ययन नगरी यो क्षेत्रमा प्रवेश गर्न गाह्रो छ । विषयगत अध्ययनसँगै देश-विदेशका परिघटनाहरूसँग पनि उत्तिकै अद्यावधिक हुनुपर्ने हुन्छ । टेलिभिजनमा पढिने समाचार प्रत्यक्ष र संवेदनशील हुनाले उच्चरण र शैलीलाई पनि उत्तिकै ध्यान दिनुपर्छ । नयाँ नयाँ टेलिभिजनको प्रवेशसँगै प्रतिस्पर्धा पनि बढ्दो छ । यो भीडमा आफ्नो छुट्टै पहिचान बनाउनु आफैँमा चुनौती हो । नेपाली टेलिभिजन जगत्मा अहिले केही अप्ठ्यारो परिस्थिति देखिए पनि यसको भविष्य नै नभएको भने पक्कै होइन । बढ्दो टेलिभिजन च्यानलले नयाँ नयाँ अवसर जन्माइरहेका छन् । त्यो अवसर प्राप्त गर्नका लागि लगनशील, मिहिनेत र विषयगत दक्षताको खाँचो पर्दछ । ●

लगानीको नयाँ र भरपर्दो बजार वस्तु बजार

अरुण घिमिरे

वरिष्ठ अर्थशास्त्री जोन रबिन्सनका अनुसार वस्तुको भइरहेको मौज्दातमा वृद्धि गराउनु लगानी हो । वास्तवमा लगानी त्यही नै हो जसबाट अतिरिक्त आयआर्जन गर्न सकियोस् । तर, आज कैयन लगानीकर्ताहरूको लगानी अर्थशास्त्री रबिन्सनले भनेअनुसारको हुनसकिरहेको छैन । वास्तविकता नबुझी मुनाफा कमाउन सकिन्छ भन्ने हल्लाको भरमा लगानी गर्नाले आज धेरै लगानीकर्ताहरू घाटाको सिकार बन्नु परेको छ, जुन कुरा हामी नेपाली सेयर बजारमा देख्न पाइरहेका छौं ।

लगानीकर्ताले लगानी गर्नुअगावै आफूले लगानी गर्न लागेको क्षेत्र, बजारका बारेमा सम्पूर्णरूपले खोज तथा अध्ययन गर्न आवश्यक हुन्छ । लगानीबाट भविष्यमा प्राप्त गर्न सकिने प्रतिफल, लगानीको जोखिम, लगानीको लचकता र लगानीको क्षेत्र कतिसम्म विश्वसनीय र दीर्घकालीन हो लगानीकर्ताले पहिले नै विचार पुऱ्याउनु जरुरी हुन्छ । आजको नेपाली सेयर बजारमा कैयौं लगानीकर्ताहरूको स्थिति निराशाजनक हुनुको पछाडि यही नै मुख्य कारण पनि हो । सेयर बजारमा लगानीको वास्तविकता नबुझी तत्कालका लागि फाइदा हेर्नाले आज धेरै लगानीकर्ताहरू डुबेको अवस्था छ भने बैंक तथा वित्तीय संस्थाहरू ह्वात्तै सुन्निएका छन् । जसको कारण लगानीकर्ताहरू नै हुन् । त्यसैले अब लगानीकर्ताहरूले लगानीका लागि नयाँ अवसर र क्षेत्रहरूको खोजी गर्न आवश्यक देखिन्छ ।

लगानीको नयाँ र भरपर्दो क्षेत्र र बजारको रूपमा वस्तु बजारलाई लिन सकिन्छ । वस्तु बजारमा सेयर बजारमा जस्तै वस्तुहरू (कृषिजन्य तथा धातुजन्य) को फ्युचर कन्ट्राक्टमार्फत कारोबार हुन्छ । वस्तु बजारमा फ्युचर कन्ट्राक्टमार्फत कारोबार गरिने हुनाले नै फ्युचर्स बजार पनि भनिन्छ । फ्युचर्स बजारलाई लगानीकर्ताहरूका लागि राम्रो अवसर र लगानीलाई विविधता प्रदान गर्ने भरपर्दो बजारको रूपमा लिएको छ ।

सेयर बजारमा सुचिकृत विभिन्न कम्पनीहरूका सेयर किनबेच हुन्छ भने वस्तु बजारमा सुचिकृत गरिएका कृषिजन्य अथवा धातुजन्य वस्तुहरूको किनबेच हुन्छ । एक्सचेन्जमा सूचीकृत वस्तुहरूमा सुन, चाँदी, तामा, जिंक, कच्चा तेल, गहुँ, कफी, कटन, सोयाविन, प्राकृतिक ग्याँस इत्यादि पर्दछन् । यी वस्तुहरूको फ्युचर एक्सचेन्ज बजारमा चौविसै घण्टा फ्युचर कन्ट्राक्टमार्फत कारोबार गर्न सकिन्छ । फ्युचर कन्ट्राक्टमार्फत कारोबार गर्न पाइने हुनाले नै यस बजारमा भविष्यमा हुन सक्ने सम्भावित जोखिमहरूबाट पहिले नै बच्न पनि सकिन्छ ।

सेयर बजारमा सेयरको मूल्य नेपाल स्टक एक्सचेन्जमा भएको माग र आपूर्तिले निर्धारण गर्दछ भने वस्तु बजारमा वस्तुको मूल्य राष्ट्रिय तथा अन्तराष्ट्रिय कमोडिटी बजारमा भएको माग र आपुर्तिको सम्बन्धले निर्धारण गर्दछ । वस्तु बजारमा वस्तु तथा तिनको मूल्यको जानकारी विभिन्न सञ्चार माध्यमहरू एवं वस्तु बजारका ब्रोकर कम्पनीहरूबाट लिन सकिन्छ । विद्युतीय माध्यमबाट प्रत्यक्षरूपमा फ्युचर कन्ट्राक्टमार्फत वस्तुहरूको किनबेच तथा व्यवस्थापन वस्तु बजारमा सहजै गर्न सकिने भएका कारणले विश्व भरी नै अहिले वस्तु बजार भर पर्दो र पारदर्शी बजारको रूपमा लगानीकर्ताहरूले लिएका छन् । अर्कोतर्फ फ्युचर बजारमा कम रकम (मार्जिन) मै वृहत् प्रकृतिको कारोबार गर्न पाइने हुनाले यसले सानादेखि ठूला सबै वर्गका लगानीकर्ताहरूलाई समेटेको पनि छ ।

विश्वमा सन् १८४८ बाट मात्र फ्युचर बजारको सुरुवात व्यवस्थित रूपमा भएको हो भने भारतमा सन् २००३ देखि यो बजारको सुरुवात भएको हो । नेपालमा पनि दुई वर्षअघिदेखि यो बजारको सुरुवात भइसकेको छ । कमोडिटिज तथा मेटल एक्सचेन्ज नेपाल (कोमेन) नेपालको पहिलो फ्युचर एक्सचेन्ज बजार हो । त्यस्तै मर्कन्टाइल एक्सचेन्ज नेपाल (मेक्स नेपाल) अर्को फ्युचर एक्सचेन्ज बजारको रूपमा आइसकेको छ । कोमेनले दुई वर्षको दौडानमा नेपालमा फ्युचर बजारमा धेरै सफलता प्राप्त गर्दै आएको देखिन्छ । कोमेनको हरेक साता तुलनात्मकरूपमा कारोबारमा वृद्धि पनि भइरहेको छ । यसको पछाडि बजारको प्रकृति राम्रो हुनु नै प्रमुख कारण हो । कोमेनको उपस्थितिले धेरै नेपाली लगानीकर्ताहरूले अहिले वस्तु बजारमा लगानी गर्ने अवसर पाएका छन् । लगानीकर्ताहरू धेरै हदसम्म बहुमूल्य धातुहरूमा लगानी गर्न आकर्षित भएको देखिन्छ । कोमेन अन्तर्गतका कमोडिटी ब्रोकर कम्पनीहरूमा अधिकांश लगानीकर्ताहरूले सुनमा लगानी गरिरहेको अवस्था छ । यद्यपि, चाँदी तथा तामामा पनि लगानी हुने गरेको पाइन्छ ।

विश्वमा सुन वैकल्पिक विश्व मुद्राको रूपमा अगाडि आएको छ । गरगहना र औद्योगिक उपयोगमा मुख्यतः प्रयोग हुँदै आएको सुन अहिले लगानीको राम्रो आधार बनेको छ । विश्वभर आर्थिक मन्दी देखिएपछि लगानीका हिसाबले सुन खरिद गर्नेहरूको संख्या उल्लेखनीय मात्रामा बढेको पाइन्छ । अमेरिकामा आर्थिक संकट देखिएपछि अन्य क्षेत्रमा लगानी गर्न भन्दो सुनमा लगानी सुरक्षित हुने देखेर लगानी गरेको अवस्था छ भने अमेरिकी डलरले विश्व मुद्राको हैसियत केही हदसम्म गुमाइसकेको हुनाले एसियाका धेरै देशहरूले डलरभन्दा सुन बढी खरिद गर्दै गरेका छन् । भविष्यमा पनि सिमित उपलब्धता र बढ्दो मागका कारण सुनको मूल्य सुदृढ रहने हुनाले सुन लगानीको राम्रो क्षेत्र बन्ने विशेषज्ञहरूको तर्क छ । त्यसैले अब सुनमा लगानी गर्नु दौड जित्नु सरह हो । अन्ततः सुन, चाँदी, तामाजस्ता बहुमूल्य धातुहरूलगायतका वस्तुहरूको कारोबार हुने फ्युचर्स एक्सचेन्ज बजार भनेको के हो, यस बजारमा सूचीकृत वस्तुहरूको कारोबार कसरी गर्न सकिन्छ र यस बजारमा गर्ने लगानी कतिसम्म सुनिश्चित छ जस्ता विषयमा लगानीकर्ताहरूको चासो बढ्नु जरुरी देखिन्छ । ●

रोजाइ आफ्नो-आफ्नो

विपिन मिश्र

दुई/तीनवटा पसल चहारेपछि श्रीमान् दिक्क भए र अरू पसलमा गाडीबाट उत्रनै छाडे। अरू एक दुई पसलमा छिरेपछि बल्ल श्रीमतीको चित्तबुझ्दो कपडा पाइयो। आफ्नो रोजाइको सामान पाएपछि लोग्नेको कुरा काट्दै भनिन्, 'साह्रै अव्यावहारिक हुन्छन् लोग्नेमान्छेहरू।' पसले मुसुमुसु हास्यो मात्र। पर्दा, कार्पेटलगायत धेरै कुरा मनपर्दो एकैठाउँमा पाएपछि उनी दंग परेकी हुन्। श्रीमान्ले पनि आफ्नो रोजाइ एकै पटकमा व्यक्त गर्न सकेका त होइनन्। फरक यतिमात्र श्रीमान् हेर्दा छरितो, बस्दा आरामदायी र केही भिन्न देखिने सामान मन पराउँछन् भने श्रीमतीलाई कलर कम्बिनेसनकै बढी चिन्ता छ। अनि अर्को चिन्ता सोफाको कपडा चाँडै मैलिने पो हो कि ! कार्पेटमा भुवा आउने पो हो कि ! ६० वर्षको उमेर पार गरेर पनि किनमेल गर्दा दुवैजनाको ठाकठुक परिरहन्छ। तर, दुवैजनाको रोजाइले गर्दामात्र सामान राम्रो भएको कुरा झिकिदियो भने अलिकति लजाएर दुवै स्विकार्छन् यो कुरालाई।

यो एउटा प्रतिनिधि घटना हो। अक्सर गरेर पति-पत्नीबीच सामान किन्ने सवालमा अरू इन्टेरियरका सामान किन्दा केही भनाभन पर्छ। वास्तवमा उनीहरूको रोजाइ पनि भिन्न हुन्न। तर, के कुरामा विमति हुन्छ त ? फर्निसिङ व्यवसायी सुनिल शर्माको भनाईमा- रोजाइको अपूर्णतामात्र हो। जस्तो कि अक्सर लोग्नेमानिसले आफ्नो निर्णय तुरुन्त गर्ने र श्रीमतीको रोजाइलाई महत्व नदिने पनि गर्दछन्। महिलाहरू बढी संवेदनशील हुन्छन्, विशेषगरी 'कलर कम्बिनेसन' को कुरामा। हो, त्यो कुरा पुरुषहरूले पहिला विचार गर्न चाहँदैनन् र पछि पछुताउन सक्छन्। त्यसरी नै महिलाहरूको रोजाइमा हुनसक्ने कमजोरी भनेको सामानहरू कत्तिको व्यावहारिक (Practical) छन् त्यो अनुमान गर्न नसक्नु। जसले गर्दा सोचेजति आरामदायी र चलाउन सजिलो नभएर पछुताउनुपर्ने हुन्छ। श्रीमान् र श्रीमतीको रोजाइका विषय अक्सर गरेर भिन्नै हुने गर्छन्। अनि विवादको कारण हुनसक्छ प्राथमिकताका कुरा अथवा आ–आफ्नो हठ। प्राथमिकताको कुरा गर्दा कलर कम्बिनेसन, आउटलुक र प्राक्टिकालिटी सबै आवश्यक कुरा हुन्। त्यसैले यिनलाई एकै तहमा राखेर सोच्नु नै बुद्धिमानी हुनसक्छ।

इन्टेरियर डिजाइनर सानुराजा शिल्पकार पति-पत्नीबीच हुने रोजाइको सरल समाधान दिन्छन्, पहिलो- सामान्य मतभेद भए दुवैजनाले केही कुरामा कम्प्रमाइज गर्नु अथवा अर्को इच्छालाई रेस्पेक्ट गर्नु। दोस्रो- एकले अर्कोलाई आफ्नो तर्कमा राम्रो तरिकाले कन्भिन्स गर्नु। तेस्रो- अरू व्यक्तिलाई निर्णय प्रक्रियामा सहभागी गराउनु छोराछोरी वा सम्बन्धित कोही। चौथो चिट्ठा गर्नु अथवा आलोपालो गर्नु वा एउटा सामान श्रीमान्ले अर्को श्रीमतीले रोज्नु। यति गर्दा नभए सामान नै नकिन्नु वा नबनाउनु विवाद नै हुँदैन।

शिल्पकार भन्छन्, 'सबैको टेस्ट त फरक-फरक हुन्छ नि, तर दुईजनाले प्रयोग गर्ने भएपछि दुवैको इच्छा पूरा हुन जरुरी छ।

यही विषयमा इन्टेरियर डिजाइन पेसा नै अँगालेकी शिल्पकारकी पत्नी अमिता भन्छिन्, 'व्यक्तिगत कुरामा त म विवाद नै गर्दिनँ। उहाँको रोजाइमा नै चित्त नबुझे पनि टाउको हल्लाइदिन्छु, तर क्लाइन्टका कुरामा कहिलेकाहीँ हामीबीच पनि मतभेद हुन्छ। क्लाइन्टलाई पनि उचित सल्लाह दिनुपर्ने भएकाले हामी केही उत्तम विकल्प छानिदिन्छौं र तीमध्ये कुन रोज्ने समस्या भए आफ्नो विचार राखिदिँदा प्रायः सहजै विवाद सुल्झन्छ। तर, एउटा कुराचाहिँ के छ भने आफूसँग असम्बन्धित विषयमा पति वा पत्नी कसैले पनि हस्तक्षेप गर्न हुँदैन बरु उचित सल्लाहमात्र दिएर निर्णय गर्न स्वतन्त्र छाडिदिनुपर्छ। जस्तो कि, किचनको कुरामा श्रीमान्ले धेरै हस्तक्षेप नगर्ने त्यसैगरी श्रीमान्ले बढी प्रयोग गर्ने, हुनसक्छ स्टडीरुम, बारजस्ता कुरामा श्रीमतीले विवाद नगर्ने।

मिलेर किनेकोमा त समस्यै भएन, तर विवाद भएकोमा पनि केही हदसम्म अरूको इच्छाले पनि प्रभाव पारेको हुन्छ। तर, यस विषयमा मनोविमर्शकर्ता अर्चना दाहाल भन्नुहुन्छ, 'आफ्नो मेहनत, समय र पैसा परेको सामान सुरुमा चित्त नबुझे पनि आफ्नो भइसकेपछि प्रिय लाग्छ। सामानको उपयोगिता पनि प्रयोग गर्न थालेपछि थाहा हुन्छ नि, त्यसैले किन्नुअघिका मतभेद त्यति दिगो गरी रहँदैन।'

विवाद गर्नुभन्दा मिलेर निर्णय गर्नु नै राम्रो हो। तर, कहिलेकाहीँ विवाद भइहाले पनि सोचविचार गरेर किनिसकेको सामानमा प्रायलाई गुनासो हुँदैन। जसले गर्दा अर्को पटकका लागि मतभेद घटाउँछ। इन्टेरियरसम्बन्धी कतिपय कुरामा पति वा पत्नी एकजनाको निर्णयमात्र पूर्ण नहुन सक्छ। त्यसैले पहिला नस्वीकारे पनि एक अर्काको निर्णय सही रहेको कुरा मनमनमै भए पनि प्रायःले स्विकार्छन्। त्यसैले रोजाइ आफ्नो-आफ्नो भन्ने कुरालाई सहजरूपमा लिए समस्या कम हुन्छ।

बनेनन् युवामन जित्ने चलचित्र

नेपाली चलचित्रको सुरुवात भएदेखि हालसम्म चलचित्र निर्माण इजाजत लिएका सेलुलाइड कथानक चलचित्र आठ सय ८१ छन् भने भिडियो कथानक चलचित्र चार सय ४७ वटा छन् । तर, हालसम्म युवालक्षित गरेर बनाइएको चलचित्र जम्मा एक दर्जनजति मात्र छन् ।

'युवालक्षित चलचित्र पूर्णरूपमा बन्न सकेको छैन, सबै चलचित्र फर्मुलामा आधारित छन्,' कन्सल्टेसन एकेडेमी गार्डेन इंग्लिस बोर्डिङ स्कुलका शिक्षक यामबहादुर कटुवालले भने ।

युवालक्षित भएर बनेका चलचित्र पनि दृश्यकथा एउटै, एक्टिङमा खासै नयाँपन ल्याउन नसक्नाले फिल्म छायांकन गर्ने ठाउँमा समेत समस्या देखिएको साथै बनेका फिल्म पनि उचित किसिमले प्रचार-प्रसार गर्न नसकेकाले युवाहरू नेपाली चलचित्र हेर्न त्यति नरूचाउने कटुवालको भनाइ छ ।

हाल नेपालमा वार्षिक ६० वटाको हाराहारीमा चलचित्र निर्माण हुन्छन् । नेपाली चलचित्रको सुरुवात भएदेखि हालसम्म चलचित्र निर्माण इजाजत लिएका सेलुलाइड कथानक चलचित्र आठ सय ८१ छन् भने भिडियो कथानक चलचित्र चार सय ४७ वटा छन् । तर, हालसम्म युवा लक्षित गरेर बनाइएको चलचित्र जम्मा एक दर्जन जतिमात्र छन् ।

युवापुस्तालाई लक्षित गरी बनाइएका औंलामा गन्न सकिने राम्रा चलचित्रमध्ये तुलसी घिमिरेद्वारा निर्देशित दर्पणछायाँलाई लिन सक्छौं । यो चलचित्रले युवाहरूको मन त जितेको नै थियो साथै उक्त चलचित्र सय दिन मनाउनसमेत सफल भएको थियो ।

नेपाली चलचित्र राम्रो नै हुँदैन के हलसम्म हेर्न जानु भन्नेहरू यो चलचित्र हेरेपछि नेपाली चलचित्र पनि राम्रो हुँदोरहेछ भन्ने देखिए । यदि, नेपाली चलचित्रमा नयाँपन ल्याउन सकियो भने अवश्य पनि नेपाली चलचित्रको बजार र भविष्य दुवै राम्रो हुन्छ भन्नेहरू पनि प्रशस्त भेटिन्छन् । सबै मानिसहरू नयाँ परिवेशअनुसार आफूलाई बदल्न चाहन्छन् बदलिंदो चाहनाअनुसार आफूले मनोरञ्जनको रूपमा हेर्ने चलचित्रमा पनि बदलावको अपेक्षा राख्छन् र आफ्नो अपेक्षा अनुसार बनेका चलचित्रलाई माया गर्छन् भन्ने कुरा दर्पणछायाले देखाइसकेको छ । 'हरेक कलेजमा पढ्ने विद्यार्थीहरूसँग फिल्मको लायक एक न एक घटना हुन्छ त्यही भएर नै फिल्म सबैभन्दा बढी युवावर्गमा लोकप्रिय भएको हो,' काभ्रे बहुमुखी क्याम्पसमा बीएड तेस्रो वर्षमा अध्ययनरत शर्मिला आचार्यको भनाइ छ ।

'दर्पणछाया'पछि 'सावधान', 'सानो संसार', 'सिलसिला', 'पर्खीबसें' तथा हालैमात्र रिलिज भएको 'मिसन पैसा'लगायत केही चलचित्रले आफूलाई युवाकेन्द्रित भएको दाबी गरेका छन् ।

यीमध्ये निखिल उप्रेतीद्वारा निर्माण गरिएको चलचित्र 'सावधान'मा हातमा पढाइको सर्टिफिकेट भए पनि कसरी युवाहरू मिसयुज भएका छन् भन्ने कुरालाई देखाउन खोजिएको छ । त्यस्तै, कलेज पढ्ने युवा-युवतीहरूबीच हुने छेडछाडलाई प्रस्तुत गरिएको राजेन्द्र उप्रेतीद्वारा निर्देशित चलचित्र 'सिलसिला' त साय दिन नै मनाउन सफल भएको छ ।

त्यस्तै, सुरेशदर्पण पोखरेल र निखिल उप्रेतीको 'निशाना' बेचिएका युवतीहरूको कथाव्यथामा आधारित दयाराम दाहालद्वारा निर्देशित 'कहाँ छौ कहाँ' र सागर गजुरेलले निर्माण गर्नुभएको युवा-युवतीको यौनकुण्ठामा आधारित 'पलपलमा' रिलिज हुन बाँकी चलचित्र हुन् ।

यी बनेका युवालक्षित चलचित्रले राम्रो प्रतिक्रिया पाएको हामीबाट लुक्न सकेको छैन भने रिलिज हुन बाँकी चलचित्रले पनि राम्रो प्रतिक्रिया पाउने

चलचित्र सम्बद्ध व्यक्तिहरूको भनाइ छ । तर, युवाहरूको भावनाअनुसारका चलचित्र भने धेरै कम मात्रामा बनेका छन् । सानो संसार चलचित्रका निर्देशक आलोक नेम्वाङ भन्छन्, 'पुरानै शैली, नयाँ सोचमा चलचित्र नबनाएकाले युवालक्षित चलचित्र कम बनेका हुन् ।' युवाहरूको 'लाइफ स्टाइलमा' आधारित चलचित्र नै युवालक्षित चलचित्र हुने नेम्वाङको भनाइ छ । रत्नराज्य लक्ष्मी क्याम्पसमा बीए दोस्रो वर्षमा अध्ययनरत सिर्जना घिमिरे भन्छिन्, 'अहिलेसम्म पूर्णरूपमा युवालक्षित चलचित्र बनेको छैन, यदि बन्यो भने आफ्नो हलमा नै गएर हेर्ने चाहना रहेको छ ।'

सिर्जना थापामात्रै हैन सोही क्याम्पसका गोमा थापा, स्मिता अधिकारी, इश्वरी डंगोल र राज निरौलाको भनाइ पनि उस्तै थियो । हालका दिनमा आएर केहीमात्र युवाकेन्द्रित चलचित्र बनेका छन् त्यही भएर र त ती चलचित्र हिट भएका छन् । सुरुवातमै यस्ता चलचित्रले राम्रो प्रतिक्रिया पाएकाले यसलाई अझ पूर्णता दिने हो भने हिन्दी चलचित्रको साटो युवाहरू नेपाली चलचित्र हेर्न हल धाउँथे । परिवर्तित समाजअनुसार आफ्नो मौलिकता समाजमा युवाहरूको स्थान र युवाहरूको इच्छा र आकांक्षालाई समेटेर चलचित्र बनायो भने आफ्नै नेपाली दाजुहरूले बनाएको चलचित्र हलमा नै गएर हेर्ने आफूहरूको चाहना रहेको बताए । तर, नेपाल टेलिभिजनबाट हरेक शनिबार प्रसारण हुने क्लाप बोर्डका प्रस्तोता राजन घिमिरेको भनाइ भने बेग्लै छ । उनी भन्छन्, 'युवाहरूभन्दा केटाकेटी र विवाहबन्धनमा बाँधिइसकेका मानिसहरू धेरै चलचित्र हेर्ने र उनीहरू पारिवारिक विषयवस्तुमा आधारित चलचित्र मन पराउने हुनाले युवाकेन्द्रितभन्दा पारिवारिक चलचित्र चल्ने र निर्माता, निर्देशकहरू युवाकेन्द्रित चलचित्र बनाउने चाहना हुँदाहुँदै पनि नचल्ला कि भन्ने डरले पारिवारिक चलचित्र बनाएको उनको भनाइ छ ।

अहिले मनोरञ्जनको साधन बढी छ । मनोरञ्जनका लागि विकल्पहरू धेरै भएकाले चलचित्र नै कुर्नुपर्छ भन्ने छैन । युवाहरू आफूलाई मनोरञ्जन प्राप्त गर्नका लागि विभिन्न खेलकुद, कम्प्युटर आदि लगायतका कुराहरूको नजिक हुने गर्दछन् त्यसैले युवालक्षित चलचित्र कम बनेको घिमिरेको भनाइ छ ।

घिमिरेकै विचारमा सहमत छन्, नेपालमा डिजिटल चलचित्र प्रविधिका अभियानता करुण थापा भन्छन्, 'पहिला नेपाली चलचित्र कम बन्थे त्यही भएर मानिसहरू चलचित्र कुरीकुरी हेर्न गर्थे तर अहिले धेरै चलचित्र बन्न थालेका छन् पारिवारिक चलचित्रमा प्रतिस्पर्धा बढी छ त्यही भएर युवालक्षित चलचित्र कम बनेको हो ।'

दर्पणछायाँ पछि सावधान, सानो संसार, सिलसिला, पर्खीबसे तथा हालै मात्र रिलिज भएको मिसन पैसा लगायतका केही चलचित्रले आपूलाई युवा केन्द्रित भएको दाबी गरेका छन् ।

नेपाली चलचित्रहरूमा अवश्य पनि पारिवारिक चलचित्र नै बढी छ । अहिलेका युवापुस्ताहरू रुनेधुने चलचित्रभन्दा पनि समाजसुधारक कसैको नक्कल नगरीकन आफ्नै मौलिकतामा आधारित चलचित्र मन पराउँछन् । हालका दिनका नेपाली चलचित्रहरूमा एकदमै विदेशी चलचित्रको नक्कल देख्न पाइन्छ । आफ्नो नेपाली चलचित्र हेरौं न त भनेर हेर्‍यो भने पहिल्यै हेरिसकेको हिन्दी र अंग्रेजी चलचित्रजस्तो लाग्छ । निर्माता निर्देशकहरू आफ्नो चलचित्र पृथकधारमा बनेको नयाँ किसिमको चलचित्र भनेर प्रचार गर्छन् तर चलचित्र हेर्‍यो नागरिकताको फोटोकपीमा सक्कलबमोजिमको नक्कल ठीक छ भनेको जस्तै हुन्छ । त्यही भएर पनि युवापुस्ताहरू नेपाली चलचित्र हेर्न त्यति नरुचाएका हुन् ।

हो, आधुनिक हुनुपर्छ, तर आधुनिकताको नाममा आफ्नो संस्कृति, परम्परालाई तोड्नु हुँदैन । आफ्नो मौलिकतामा आधारित नेपाली चलचित्र आत्मसात् गरी बनायो भने नेपाली चलचित्रको बजार धेरै राम्रो छ । यसको राम्रो उदाहरणको रूपमा हामी 'बसाइँ' चलचित्रलाई लिन सक्छौं । लिलबहादुर क्षेत्रीको उपन्यासमा आधारित चलचित्रमा एक गाउँले गरिब कसरी आफ्नो प्यारो गाउँ छोडेर बसाइँ सर्न बाध्य हुन्छ भन्ने कुरालाई ज्यादै सरल र सजीव ढंगले प्रस्तुत गरिएका कारण नै यस चलचित्रले पहिलोपटक अन्तर्राष्ट्रियस्तरको एकेडेमी अवार्डमा सर्वोत्कृष्ट विदेशी भाषाको चलचित्रमा मनोनयन परेको थियो । त्यस्तै चलचित्र 'क्याराभान' विदेशीले बनाए तापनि सरल र सजीव ढंगबाट हिमालमा बस्ने मान्छेहरूको कथालाई उजागर गरेको छ । त्यही भएर नै यस चलचित्र ओस्कार अवार्डको मनोनयनमा समेत परेको थियो ।

अहिले चलचित्र निर्माताहरू युवाहरू खाली एक्सन, फेसनेबल र माया-प्रेमका चलचित्रमात्र मन पराउछन् भन्ने भ्रममा परेका छन् तर यस्तो नभई युवाहरू देशप्रेम, संस्कृतिको विकास निर्माणका चलचित्रहरू पनि हेर्न चाहन्छन् । सानोठिमी क्याम्पसकी बीएड प्रथम वर्षमा अध्ययनरत सुनिता मैनाली भन्छिन्, 'परिवर्तित स्थितिमा मायाप्रेम, पारिवारिकभन्दा पनि देशभक्तिका चलचित्रको खाँचो छ । जसको माध्यमबाट युवावर्गलाई मनोरञ्जनमात्र होइन चलचित्रको माध्यबाट आफ्नो काम र कर्तव्यको समेत बोध होस् ।' युवालाई चलचित्रको माध्यमबाट नयाँ जोस र ऊर्जा थपिनुपर्ने खालका चलचित्र बन्यो भने राम्रो हुने उनले बताइन् ।

हो, नेपाली चलचित्रले युवावर्गलाई समेट्नुपर्छ । तर, युवावर्गका लागि नयाँ विचारको र पृथक धारमा चलचित्र बनाएको भन्दै अनावश्यक उत्तेजना फैलाउनेगरी चलचित्र निर्माण हुनुहुँदैन । आर्थिक, सामाजिक, राजनीतिक र विकास निर्माणसम्बन्धी विषयमा चलचित्र निर्माण गरी युवाहरूको काम-कर्तव्य औंल्याई सजीव र सरल ढंगबाट चलचित्र बन्यो भने नेपाली चलचित्र हेर्ने युवाहरू नै बढी हुन्छन् । चलचित्रहरू मनोरञ्जक हुनका साथै उत्साहबर्द्धक पनि हुनुपर्दछ । ●

प्रस्तुति : **रेनुका ढकाल**

► निर्मल थापा

कर्णालीको तीरै तीर...

उनीहरू चामल वा चिनीबाट घरमा बनाइएको घरेलु रक्सीलाई "दारू" भन्दारहेछन्, स्टिलको ग्लासमा मुख बिगार्दै पिएको दृश्य मेरो निम्ति सर्वाधिक घतलाग्दो बनेर दिमागमा बसेको छ ।

तराईको तातो हावाले जीउ सेकाउँदै १ बजे हामी कर्णाली चिसापानीमा उत्रियौं । लामो नदीमा तेर्सिएको लामो (आधा किमी) अत्याधुनिक प्रविधिद्वारा बनाइएको एउटा पिलरमा अडेको पुल तर्‍यौं । पुल नदीजस्तै नीलो रङले पोतिएको थियो । अखबारी पेसामा लागेका दुई-चारजनाले यही बाटो हिंडने क्रममा 'स्थानीय माछा' को निकै प्रशंसा गर्थे । पुलमा रोकिनेबित्तिकै सुरुमा त्यही कुराले झस्काउँछ- यद्यपि म साकाहारी हुँ ।

बर्दिया क्षेत्रको १० किमी घनघोर जंगल काट्नेबित्तिकै कर्णाली पुल आउँछ, पुलपारीको सिमाना कैलालीमा पर्दछ । तर, चिसापानीमा कर्णाली नदीको चिसो पानी सेवनले निम्त्याएको नाम हो भन्ने अड्कल काट्न मलाई सत्यमोहन जोशीलाई सम्झनुपरेन । गर्मीको रापबाट पहाडको फेदीमा आइपुगेका हामीलाई दैलेखसम्म पुग्नु थियो । चिसापानी एकखाले चैनमार्केट हो, एकआपसमा जोडिएका टहराहरूमा दैनिक कामकाजका सामानदेखि खाद्यान्नका सामानहरू लहरै राखिएका थिए । केही होटलवालाहरू भिरमा माछा उनेर चुलोमाथि धूवाँले सेकाइरहेका थिए, ग्राहक पर्खिएको भात-दाल, कोही परदेशी आउने आसमा तम्तयार भई बसेको छ । प्रायः पसलमा उस्तैखाले सामानहरू पाइए पनि शुल्कमा एकरूपता थिएन ।

सहयात्रीमध्ये केहीले छाता, टर्च, चप्पल, चिनी, कपडा र चकलेटका पोकाहरू किने । भर्खरै भारतबाट फर्केका उनीहरूसँगको मिश्रित यात्राको संयोगले मलाई असोचनीय रूपमा बेरिदियो । सुक्खा समयमा परदेश जानु र वर्षात्मा घर फिर्नु उनीहरूको नित्यक्रम हो । जम्बो झोलामा मिनी सपनाहरू कोचेर राखेका उनीहरू आफ्नो रवाफलाई 'दारू' मार्फत भजाउँदारहेछन् । उनीहरू चामल वा चिनीबाट घरमा बनाइएको घरेलु रक्सीलाई 'दारू' भन्दारहेछन्, स्टिलको ग्लासमा मुख बिगार्दै पिएको दृश्य मेरो निम्ति सर्वाधिक घतलाग्दो बनेर दिमागमा बसेको छ । सहयात्रीहरू रक्सीका फ्यान भएकोमा मलाई पनि आँट दिएको थियो । उनीहरूसँग म पनि परदेशबाट काम गरी घर फर्कंदैछु भन्ने भ्रम भएको थियो । सुविधासम्पन्न राजधानीमा बसेर आफ्नो भविष्य टिप्न हिंडेको युवक कहाँ यहाँ कर्णालीको तीरैतीर मातेका मान्छेहरूसँग हिंडिरहेको छ ।

कर्णाली उँदो बग्दो छ, म उँभो ! पहाडी दुर्गमता काटेर आएकाले होला 'कर्णाली' सुस्त र वाचाल थियो । पानी हिंडेको हो वा जमेको, ठम्याउन लरबराउँथें म, तर भन्नेहरू कर्णालीलाई दक्षिणतिर बगाउँछन्, अनि आफ्ना सपनालाई माथि उत्तरतिर फर्काउँछन् । कर्णालीको नाम बेचेर खाने विकासे संस्थाहरू, दलका दलित नेताहरू, अभावको पींडामा जौ पिसेर, नुनको सट्टा आँसु मोलेर निल्न हम्मेहम्मे परेका अबोध, निष्कलंक, इमानदार कर्णालीवासीहरूको अनुहारमा स्पष्ट अभाव र आवश्यकताको संकेत म सहजै जान्न सक्थें ।

पुरानो चिसापानी बजारजस्तो यौवन अहिलेको बूढो चिसापानीमा के हुँदो हो ? "साला, सब कमाइ गरेर भागे" सबैजना कालापहाडी मातेको सुरमा बरबराउँछन् । कुममा कुम जोडिएका टिनका टहराहरू पितमारीसम्म लहरै थिए- यसपछि डराउँदै जान थाले । हिंडेको बाटो पछाडि छुट्यो, नयाँ बाटो अगाडि आयो, हिंडिसकेको बाटोभन्दा हिंड्ने बाटोको लम्बाइ सम्झेर फटाफट हिंड्ने क्रम बढ्यो । बाटोमा पातला पसल थिए, चुरोट, चाउचाउ र चकलेटमात्र पाइने प्रायः पसलको विशेषता कहिलेकाहीं 'चिया' मा जोडिन्थ्यो । सहयात्रीहरू चियालाई नेपालीहरूको जाँड कल्चरमा चिसो-तातो, दुवै रूपमा अर्थाउथे र पिउन बस्थे । तातो चिया पिउनेहरूको टीढलाग्दो संख्यामा म एकजना पातलो मान्छे, कुरूपता टेकेर उभिन पुग्थें । बाटो हिंड्नेहरूले फ्याँकेका फोहोरका टुक्रा-टाक्रीलाई चिन्न खोज्दै हामी अगाडि बढ्यौं । प्रायः खुकुरी चुरोट, रुचि, गोलमोलका खोलहरू फ्याँकिएको देख्दा यी ब्रान्डको लोकप्रियताप्रति छक्क पर्‍यौं । सहयात्रीहरू सबैले आफ्नो तौलभन्दा धेरै तौलका झोला बोकेका थिए, त्यही आँटको रहस्य 'चिसो चिया'मा लुकेको थियो । बाटोमा जथाभावी तेर्सिएका लोकतान्त्रिक ढुंगाहरूलाई एकलात दिएर सामन्तवादको सम्बर्द्धन गरिरहेका थियौं । सोल्टासम्मको सडक सडकखण्डको अपुरो क्रमलाई त्यहींका स्थानीयवासीले पूरा गर्दै थिए । सडकमा काम गर्ने ती परिश्रमी स्थानीयहरूले ढुंगा फोडेको दृश्य हेर्न म रोकिएँ । उही पुरानो पद्धति, बडेमानको ढुंगालाई सानो 'छिनो'द्वारा नांगो आँखा, हात, खुट्टा र छाती दिई हथौडाले हिर्काइरहेका छन् । असुरक्षित काम गराइको परिणाम बडो भयाबह थियो । यद्यपि, उनीहरूमा विश्वास थियो, कुनै पनि अप्रिय घटना हुँदैन भनी । सहरमा सडक बनाउन

अगाडि हेल्मेट लगाउने कामदारहरूसँग दाजें र केही नबोली अगाडि बढें ।

म खालीहातमा छाता टेकाइँ हिँडिरहेको थिएँ, कुइने पुलको नजिक आउँदा एउटा ट्याक्टर देख्नु अवश्य पनि नौलो कुरा थियो, नाकमा सिगान लिएर, धमिलो कछाडमा करिब २०-२५ जना बालबालिका दौडिरहेको ट्याक्टर पछाडि-पछाडि हुर्रिरहेका थिए । ट्याक्टर ड्राइभरले केटाकेटी पछाडि दौडेको चाल पाएपछि प्रफुल्लित हुँदै गमक्क परी गतिलाई बढाउँदै थियो । मानौं अब ट्याक्टर उड्छ । अचम्मलाग्दो ट्याक्टर दृश्य ओइलाउनेबित्तिकै पुल आयो । कुइनेको पुल आम विकट क्षेत्रमा बनाइने फलामे पुलजस्तै थियो । पुलमा हिँड्ने मान्छेहरूभन्दा गाई-भैंसीहरू धेरै थिए । जताजतै गोबर थियो, बारमा रौंका गुजुल्टा थिए । कर्णाली- एउटै नदीमा धेरै नाम र धेरै पुलको प्रसंग यहाँ पनि जोडियो- उही नदीमाथिका उही मान्छेहरू तर फरक अनुभूति । पुलपारी १०-१५ वटा घरहरू थिए, प्रायः सबै होटल नै । के घर, के होटल, गजबको जोड थियो । दुवै प्रयोजनका निम्ति उपयुक्त घरहरूको बनोट र घरेलु व्यापारको सिर्जना आय-आर्जनको माध्यम बनेको थियो । संगीहरू जाडको मातले लोलाएर होला कर्णालीको नदी छेउमा अवस्थित पातलो बस्ती कुइने-तातोपानी माझ उनीहरू सुस्ताएछन् तर २-तीनजना हामी धेरै अगाडि बढिसकेका थियौं, आखिर फर्कियौं र उनीहरूसँगै रात बितायौं । घरेलु रक्सीको सेवनले उनीहरूको अनुहारमा उर्लने ताजगीको बाढीमा आफ्नै निजी परिवेशका गुम्फनहरू हुन्थे । साधारण साँझको खाना र उस्तै ओछ्यानमा रात बिताउनुपूर्व पैसा तिर्‍यौं । वर्ष दिनसम्म भारतमा कामले पेलिएका, परदेशी सहयात्रीहरू छोटो परिचयमाझ पनि धेरै आत्मीय लागिसेकेका थिए । म त्यसबेला छक्क परे, जब उनीहरू बिहान २ बजे उठेर बिहानको नित्यकर्म सकी ३ बजे यात्रालाई सुचारु गर्न झोला बोकेर तम्तयार भए । भाले बास्ने समय पर्खेर बसेका सबै सुतुवाहरू मस्त निद्रामा हुँदाहुन्, सायद बास्ने भाले पनि सपनामा झुलिरहेको थियो होला, सहयात्रीहरू मधुरो टर्चलाइटमा नदीको सुसेली सगँसँगै पहाडी जंगल काट्न थाले । जामु पुलमा आउँदा ६ बजिसकेको थियो, कोहीले चिया पियौं, कोही आउने लामिडाँडाको पीरले पानीको जोहो गर्न थाले । सहयात्रीमध्येको एक होनहार पियक्कडले पानीको सट्टा पूरा एक ग्यालेन रक्सी पो भरेछन्, त्यो कुराको चाल हामीले डाँडाको व्याकुल यात्रामा मात्र थाहा पायौं । बडीचौरसम्म नआइपुगुन्जेल त्यो डाडाँको रापमा हामीले पानी कहि कतै भेटिनौ, साथीहरूले झोलद्वारा आफ्नो प्यासलाई तृप्त पारे म भने यताउती खजुरी (थाकल) टिप्दै गला भिजाउन थाले ।

मुरमुरीमा छुटेको नदीलाई हामीले फेरी कल्यानबाट भेट्यौ, उही तिरैतिर अछाम-दैलेखको सिमाना तल्लो डुंगेश्वरमा आइपुग्दा हामी सबैजना पसिनाले निथ्रुक्क भिजेका थियौ , डुंगेश्वरको धार्मीक महत्वलाई श्रद्धा गर्दै सबैजनाले खोलामा डुबुल्की मार्‍यौं । पहाडको काँपमा मसिनो तर गहिरो रेखा बनाई लहरीरहेको कर्णाली यात्रालाई त्यही बिट मार्‍यौं । मनमा संग्रहितस्पर्शी क्षणहरूको तरोताजा याद र ती पियक्कड सहयात्रीहरू जसको साथले यात्रालाई सहज बनाइदिएको थियो, उनीहरूको स्मृतिले मलाई उही एक ग्यालेन रक्सीसम्म पुर्‍याउछ ।

यात्राको क्रममा हामीले घनघस्याको रापीलो उकालोमा गह्रौं चामलको भारी बोकेर उक्लँदै गरेका केही ग्रामीण महिलाहरू भेटेका थियौं । घरमा लोग्नेमान्छे नभएपछि, कलिला नानीहरूका निम्ति आमाहरूले गरेको उकाली-ओराली साहसिक नै मान्नुपर्छ । अझ चरा खस्ने भीरमा गाई-भैंसीलाई आहार जुटाउन अग्लो रूख चढेकी महिलालाई एकटकले हेरिरहें- तिनले यात्रुलाई देखेकी थिइनन् त्यसैले आफ्नै सुरमा देउडा गीत गाउँदै टुप्पातर्फ बढिरहेकी थिइन् । अभावले सिर्जना गरिदिएको क्रिया-कर्म सायद नियति बन्छ, कर्णालीको नीलो पानीमा यस्तै-यस्तै अभिव्यञ्जनका पातला ढुंगाहरू फ्याँक्दै गन्तव्यलाई घटाइरहेका थियौं । त्यहाँका बासिन्दाहरू सधैं कर्णाली नदीको नीलो रङसँग आफ्नो बाध्यता र अभावको कालो रङ साट्न खोज्छन् तर नेताहरूले भनेजस्तो चामत्कारिक परिवर्तन त्यहाँ चाँडै हुने सम्भावना क्षीण रहेको चाल हामीले पायौं । बाटोमा भेटिएका स्कुले केटाकेटीहरूले आत्मीयतापूर्वक दिएको काफल, थाकल, ऐंसेलु, तिजुको स्वाद जिब्रोमा क्षणिक रहे पनि दिमागमा अमिट तवरले कुँदिएको छ । ●

डा. डीपी भण्डारी

एक गोठालोको आत्मकथा

पञ्चेहरूको आत्मकथामा दुवैको अत्यन्त सम्मोहनकारी सन्तुलन छ । गणेशमानजीले आफैं नलेखेको हुनाले उहाँबारे प्रकाशित कृतिहरू पूर्णतः आत्मकथा नभएर बायोग्राफीतिर बढी लच्किन्छन् अहिलेसम्मको स्वीकृत परिभाषाको सीमाभित्र ।

विद्वता, मौलिकता, व्यंग्य प्रहार र मौलिक चित्रण सामाजिक समालोचनालाई हेर्ने हो भने निराद चौधरी एक सशक्त लेखक मानिन्छन्, धेरै पाठकहरूका लागि । त्यति नै धेरैका लागि एक सिनिकल, निषेधात्मक पूर्वाग्रही, भारतीय संस्कार विरोधी र अंग्रेजी संस्कार समर्थक मानिन्छन् । लोकको मूल्यांकनमा उनी जे भए पनि निराद भारतीय अंग्रेजी लेखकहरूमा अग्रपंक्तिमा आउँछन् । आत्मकथालाई या अरू कुनै विषयलाई माध्यम बनाएर उनले भारत र भारतीयमाथि निर्मम प्रहार गरेका छन् । म आफैं निरादबाट प्रभावित भएको मान्छेः पहिले धेरै अहिले अलिक कम । अर्ध चेतनतः मेरो आफ्नो कथा लेख्ने विचार वा इच्छामा उनको प्रभाव छ कि जस्तो लाग्छ । मैले २५ वर्ष पहिले इच्छा गरेको किताब अहिलेसम्म पनि लेख्न सुरु गर्न नसक्नुमा भने मेरो आफ्नो मौलिक स्वभाव प्रभावशाली भएको हो, अर्को कुनै कारण छैन । अहिले पनि सुरु गर्ने सम्भावना धेरै भिनो थियो, प्रियजनहरूको असली अर्थमा सामुहिक हार्दिक धेरै शक्तिशाली आग्रह नभएको भए ।

परम्परागत लोकमानसको उच्चारित, अउच्चारित मूल्य पद्धतिमा, समग्र धारणामा आत्मकथा त्यसै व्यक्तिको हुन्छ जसले आफ्नो जीवनकालमा लोकमंगल वा अरू कुनै मननीय लक्ष्य प्राप्तिका लागि समर्पित गरेर अविचलित संकल्प सक्रियता, समर्पण र गत्यात्मकथासित जीवनपथमा गएको हुन्छ । विशेषतः ख्यातिप्राप्त राजनीतिक पथिकहरूको जीवन उतार-चढावको नाटकीयले परिपूर्ण हून्छ यदि त्यहाँ संघर्षका कारक र उपकथाहरू छन् भने । बीपी कोइरालाका तीनै आत्मकथात्मक संस्करणहरू- मेरोकथा, जेल जर्नल र आत्मवृत्तान्तको विशिष्टताका कारण उनको जीवनमा उनले आफैंले चुनेको लक्ष्य र त्योसित अन्तर्निहित संघर्षका चरणहरूको निष्ठापूर्वक गरिएको बयान हो- अति सरल, सुबोध्य रोचक शैलीमा गइसकेको गौरवपूर्णकालको दम्भरिक्त स्मृति । सायद प्रजातान्त्रिक समाजवाद आफ्नो राजनैतिक आस्था भएको कारण बीपीले सोध्नुभयो होला कि उहाँका आत्मसंस्करणहरू सबै साक्षर नेपाली पाठकहरूले पढेर बुझ्नून् र आफ्नै स्तरअनुसार अनुरक्षित पनि होइन । त्यसैले होला गणेशमानजी, किसुनजी, रामनारायण मिश्रदेखि रमेशनाथ पाण्डेसम्मको अति उदारतासित व्यक्तिचित्र दिनुभएको ।

> **गोठालाहरू पृथ्वीबद्ध प्राणी हुन्छन्, संसारभरि नै । अति सामान्य धर्तीको गन्ध, सुगन्ध, रूप, स्पर्श, छाया, प्रतिछाया, धक्का र धूलोसित गोठालाहरूको अस्तित्व गाँसिएको हुन्छ ।**

बीपीको स्मृतिहरूमा- दोहऱ्याइदिउँ- काव्यात्मक उडानको अभाव छ, सरल, तथ्यगत तर पढाइ नलाग्ने वर्णनको बाहुल्य छ । पञ्चेहरूको आत्मकथामा दुवैको अत्यन्त सम्मोहनकारी सन्तुलन छ ।

गणेशमानजीले आफैं नलेखेको हुनाले उहाँबारे प्रकाशित कृतिहरू पूर्णतः आत्मकथा नभएर बायोग्राफीतिर बढी लच्किन्छन् अहिलेसम्मको स्वीकृत परिभाषाको सीमाभित्र । तर, उहाँको व्यक्तित्व र संघर्षको चरित्र र गाथाअनुसार कुनै कल्पनाशील लेखकले लेख्ने संकल्प र समय दिन सक्यो भने उहाँको जीवनी उत्पात आकर्षक र सुन्दर हुन्थ्यो । अरू नेपाली राजनेताहरूको स्वलिखित वा अरूलिखित (परलिखित) वृत्तान्त धेरैकम पढ्न पाएको छु । उत्री भद्रजीको पुस्तकलाई आत्मकथा भन्न मिल्छ कि मिल्दैन- म अन्योलमा छु, अनिश्चित । तर, उहाँ एक सुरुचियुक्त राम्रो लेखक ।

मेरो आत्मकथा भनेको एक बेपक्षाको कथा/पक्ष, ठेगाना नभएको कथा । जब यो लोकका बहुसंख्यक नरनारीहरूले कुनै बेताले लेखक आत्मकथाको मर्यादित सीमालाई तोड्न खोज्छ भने त्यसलाई परम्परागत भंजक नभनेर परम्परा तोडक भने हुन्छ भन्ने मेरो मत छ ।

जब सुदूरपश्चिमको मजस्तै गोठालो अथवा मेरो गाउँको धर्मे बोहोराजस्तो गोठालो वा सुदूरपूर्वको अभिको गाउँको चन्द्रमान लिम्बू आत्मकथा लेख्छन् तब त्यहाँ पृथ्वीको गरुत्वाकर्षण बढी हुन्छ, आकाशको उर्ध्वाकर्षण कम हुन्छ । किनकि गोठालाहरू पृथ्वीबद्ध प्राणी हुन्छन्, संसारभरि नै । अति सामान्य धर्तीको गन्ध, सुगन्ध, रूप, स्पर्श, छाया, प्रतिछाया, धक्का र धूलोसित गोठालाहरूको अस्तित्व गाँसिएको हुन्छ । तिनीहरूको अन्तःचेतमा न राजनैतिक क्रान्ति गरेर स्वदेशको रूपान्तरण गर्ने खुलदुली हुन्छ, न जस्तै निन्दनीय अनैतिक साधन-मार्गबाट भए पनि ठूलो धनराशि जम्मा गर्ने सोख र विलासिता र दम्भमा शेष जीवन व्यतीत गर्ने इच्छा जाग्छ सुषुप्ति र जागृतिमा गोठालो यहाँ आदिम निर्बोधता र सरलताको प्रतीक हो- अति नै जटिल हुँदै गएको समय र सभ्यतालाई चकित भएर हेरिरहेको ग्राम्भ परिवेशबाट आएको एक गोज्यांग्रो पर्यवेक्षक, द्रष्टा । अप्रदूषित ग्रामीणता र मानव इतिहासको दुर्बोध्य विराट जटिलताका केही झलकहरू पारस्परिक प्रहसन, विडम्बना लिएर आउन सक्छन् गोठालोको कथाभित्र ।

दुई विश्वयुद्धहरू घटे २०औं शताब्दीको प्रथम र मध्य चरणमा-२५ भित्रको अन्तरालभित्र । अभूतपूर्व त्रास, नैराश्य, गति शून्यता, हिंसा, हत्या, विक्षुब्धताको सामूहिक भावदशा रहयो विकसित र सभ्य देश र समाजहरूभित्र ।

क्रमशः

कुमार नगरकोटी

पाण्डुलिपि

१) अज्ञात लेखक

त्यो कुनै आदिवासी-मौसम थियो सायद....

एउटा आत्मकथाको पाण्डुलिपी मैले रहस्यमय तरिकाले हराएको थिएँ । एक वृद्ध लेखकका निम्ति त्यो एक अकल्पनीय व्यथा, चोट हुनुपर्छ । तर, मेरो कुरा भने अलि बेग्लै प्रकारको थियो -

आफूले दुःख/मेहनतसाथ सिर्जना गरेको नवीन कृति हराएकोमा भन्दा मलाई आफ्नो ALZEIMER (अल्जाइमर) रोगप्रति बढी नै दुःख लागेको थियो । मलाई क्रमशः दिनप्रतिदिन बिर्सने रोगले आफ्नो सिकार बनाउँदै थियो -

धेरै कुराहरू म बिर्सँदै थिएँ । आफ्नो अतीत/जीवनका भावी योजना/दिक, काल र समय गजबसित मेरो स्मृतिको कालोपाटीबाट हराउँदै थिए । प्रायः झस्कन्थेँ । मेरो निजी मनोचिकित्सकका अनुसार म यस्तो अजीव प्रकारको रोगको मध्यम चरणमा थिएँ -

विगत केही समयदेखि म आफ्नो जीवनी लेखनमा व्यस्त थिएँ । आफ्नो जीवन कुनै खास महत्वपूर्ण नभए पनि म अनायास त्यस विधाप्रति आकर्षित भएको थिएँ । सिर्जनात्मक अन्वेषणको अन्त्य भएपछि सायद मजस्ता बूढा लेखकहरू आत्मकथातिर आकर्षित हुन्छन् । मेरा सम्पादकहरू एवं प्रकाशकहरूले मलाई अनावश्यक उचालिदिएपछि मैले त्यस्तो 'आत्मकथा' लेख्ने कठोर निर्णय लिएको थिएँ । आत्माको अस्तित्वबारे अनभिज्ञ मैले कसरी त्यस्तो कृति (या विकृति) लेख्ने आँट गरेँ !

मेरो जीवनी अर्थात् मेरो तथाकथित आत्मकथाको नाम उनीहरूले नै न्वारान गरिदिएका थिए: 'पाण्डुलिपि'

आफ्नो जीवनको लामो अध्याय मैले तपाईंको कोलाहल सहरमा बिताएँ । यसमा अफसोच गरिहाल्नुपर्ने अब कुनै कारण रहेन । कला, साहित्य इत्यादिको सेवाका निम्ति भनी मैले मेरो जति आयु छुट्ट्याएको थिएँ, त्यो अब समाप्त हुँदै थियो । अब अचाक्ली बूढो भइसकेको थिएँ -

साहित्यमा बूढा लेखकहरूको कुनै सुरक्षित ठाउँ अब थिएन । त्यसैले, वृद्धावस्थाका निम्ति भनी मैले काठमाण्डूमा पुस्तौंदेखि रहँदै आएको आफ्नो पुर्ख्यौली घर एउटा लोकप्रिय युवा जादुगरलाई बेचिदिएँ र चापागाउँको दक्षिण भेगमा एउटा आधुनिक आश्रम बनाएँ -

'आश्रम' शब्दले मेरा पाठकहरूलाई एउटा वैदिक समस्या प्रदान गर्ला कि भन्ने मलाई अलिकति त्रास छ । क्षमा पाऊँ । यो आश्रम कुनै धर्मभीरु/आध्यात्मिक-बाबा या यस्तै जोगी, सन्न्यासी बसोबास गर्ने परम्परागत आश्रम कदापि थिएन । त्यहाँ त बरु एउटा निर्वासित बूढो लेखक बस्ने गर्थ्यो जो प्रायः आफ्नो नाम बिर्सन्थ्यो/काम बिर्सन्थ्यो अनि राम बिर्सन्थ्यो -

म क्रमशः अल्जाइमर रोगले ग्रस्त हुँदै थिएँ । मनोचिकित्सकले क्रिपापूर्ण दिएका रंगीचंगी ट्याब्लेट एवं क्याप्सुलमा म अनावश्यक रूपले जीवित थिएँ -

(जमानामा, मेरो पनि कुनै नाम थियो होला ! त्यो व्यक्तिवाचक संज्ञा जसले आफ्नो परिचय बोकेको थियो । घरेलु स्त्रीले आफ्नो पति-परमेश्वरको भुँडी बोके झैं मैले पनि आफ्नो नाम बोकी पञ्जीकृत कार्यालयहरूमा जन्मदर्ता, मृत्युदर्ता इत्यादि गर्न अवश्य गएको हुँदो हुँ....)

आश्रममा म पाण्डुलिपि-चिन्तन गर्थें । आश्रमकै पोखरीमा निर्वस्त्र स्नान गर्थें । बज्रवाराही जंगल घुम्थें । फूलचोकी डाँडा पुग्थें कुनै फकीर झैं । गोदावरी-कुण्ड/बोटानिकत्व बगैंचा / सन्तानेश्वर मन्दिरको थुम्के डाँडाहरूमा म देखा पर्थें -

फर्पिङ/दक्षिणकाली/लेले नाउँ गरेका ठाउँमा विवर्ण हुन्थेँ । कर्मनाशा अनि नक्खु खोलका बगरमा हुटिट्याउँ अनि चिबे चरा अनि गौंथलीहरूसित मनोवाद गर्थें -

मेरो आश्रममा साइबेरिया/मंगोलियाका चराचुरुंगीहरू हिउँदे छुट्टि मनाउन आउँथे । ती अतिथिहरू मेरा असल मित्र थिए । वास्तवमा, चराहरू विश्वका असल नागरिक हुन् । किनभने, उनीहरूसित सीमित देश, राज्य, भूगोल या दसगजा केही हुँदैन -

पासपोर्ट प्लस भिसा नै नलिई विश्वयात्रा गर्ने यी चराहरू आफ्नो भौगोलिक, सांस्कृतिक जराहरू खोजी हिँड्दैनन् -

(यदाकदा, मेरा पुराना पाठकहरूले मलाई पत्र लेख्ने गर्थे । नयाँ पाठकहरूको मनचाहिँ मैले जितिसकेको थिइनँ । सप्ताहान्तमा मात्रै म आफ्नो MAIL-बक्स खोल्थेँ । ती प्रेमिल एवं रमाइला पात्रहरूलाई म आश्रम छेवैको घना झाडीमा लुकीलुकी खोल्थेँ र पढ्थेँ)

वास्तवमा,

ALZEIMER– कालखण्डमा म 'पाण्डुलिपि' लेखिरहेथेँ -

'पाण्डुलिपि' मध्यरातमा लेख्थेँ । कतिपय सुन्दर स्मृतिहरू Foot-नोट्समा पर्थे । अधिकांश विस्मरणीय घटना भूमिका-लेखनका निम्ति छाडिन्थे । प्रेम-प्रसंगका सब-TITLE हरू मुस्किलले दिमागमा फुर्थे । जिन्दगीका यावत् पाद टिप्पणीहरू कहिलेकाहीँ लेखिनबाट वञ्चित हुन्थे । पुस्तक, अन्ततः कसलाई 'समर्पित' गर्ने भन्ने बारेमा पनि मभित्र प्रशस्त द्विविधाहरू थिए । तर एक दिन एक्कासि समाधान निस्की पो गो-

('पाण्डुलिपि' मैले हिउँदका चराहरूलाई समर्पित गर्ने भएँ)

अल्जाइमर/र/पाण्डुलिपि-

म, सम्भवतः दुवैको पीडा-ग्रन्थ लेखिरहेथेँ । ALZEIMER रोगका कारण म क्रमशः बिर्सँदै थिएँ सम्पूर्ण अस्तित्वजनित प्रसंगहरू । मेरो भूत, वर्तमान अनि भविष्य । जन्म लिएपछि मनुष्यले मर्नुपर्छ भन्ने तत्व-ज्ञान म बिर्सन्थेँ । सम्पूर्ण मनुष्य-कर्म/क्रिया-प्रतिक्रिया नाशवान् छन् भन्ने वैदिक बोध बिर्सन्थेँ । तर, तपाईंले मलाई क्षमादान दिन सक्नुहुन्छ किनभने म रोग विशेषका कारण बिर्सन्थेँ । तपाईंको सहरमा त यस्ता मानिसहरू पनि बसोबास गर्छन् जो कुनै रोगविना नै बिर्सने गर्छन् मानव सभ्यता/मानव-करुणा/मानवीय दया, माया एवं आस्था । अनि, मानवीय श्रद्धा .....

(त्यो पाण्डुलिपि मेरो जिन्दगीको शिलालेख थियो)

मेरा सम्पादक प्लस प्रकाशक यार्वाक ऋषिझैं कठोर थिए । उनीहरूलाई दुर्वासा नै चाहिँ भन्न अलिक गाह्रो हुन्छ । मेरो 'पाण्डुलिपि' मेरै आश्रमबाट अपहरणमा परेको थियो या चोरी-सिकारी भएको थियो/म यसै भन्न सक्दिनँ । यार्वाकहरूले त्यसलाई विशेष प्रयोजनका निम्ति भनी नष्ट

गरिदिएका पनि हुन सक्छन् ।

तर, मलाई लाग्छ मेरो 'जीवनी' या आत्मकथा जे भन्नुस्/नष्टै गरिहाल्नुपर्ने खालको थियो भनी पत्याउने कुनै आधार थिएन-

● ● ●

त्यो कुनै आदिवासी-मौसम थियो सायद....

एउटा आत्मकथाको पाण्डुलिपि मैले रहस्यमय तरिकाले हराएको थिएँ ।

सन्ध्या-बेला थियो । पाण्डुलिपि-पीडामा म झुर मनोदशामा थिएँ । दिउँदे चराहरू पनि मलाई 'अलविदा/Good-बाइ/सायोनारा' नै नभनी भुरुर्र भुर्र उड्दै मंगोलिया प्लस साइबेररियाको यात्रामा गइसकेका थिए-

पाण्डुलिपि हराएको शोकमा त्यो साँझ आश्रमको घाट/बगैंचा/झाडीमा बाँसुरी, एकतारे अनि SAXOPHONE बजाउँदै मलामी-धुनमा मन्त्रोबध थिएँ-

ती धुनहरूले चराचुरुंगीलाई डाक्न सकेनन् । म डाँको छाडी रुन थाले । मेरो अश्रु-प्रार्थना चराहरूले सुनेनन् ।

बरु,

बाघ र भालु

मेरो बाँसुरी-धुन खोज्दै/झाडीमा देखापरे-

तर्सें । डराएँ

- नतर्स/नडराऊ । - बाघले भन्यो

- किन नतर्सूँ ? - भनें

- नतर्स/नडराऊ । - भालुले भनी

- किन नडराऊँ ? - भनें । त्यसपछि बाघ/भालुले संयुक्त जवाफ दिए :

- वास्तवमा, हामी बाघ, भालु होइनौं । हामीले त केवल बाघ भालुका छाला ओढेका हौं ।

म : घनघोर आश्चर्यमा परेको छु म ।

भालु : हामीलाई देख्ने सबै मानिस आश्चर्यमा पर्छन् ।

म : यसरी जनावरको छाला ओढी किन हिँडिरहनु भा'छ ?

भालु : तपाईंको 'स्याक्सोफोन' खोइ यता दिनूस् । म बजाउँछु ।

लौ जा ! दिएँ मैले त । भालुले तनमयका साथ स्याक्सोफोन बजाई । KENNY-G को Sex-धुन झैं सुन्दर लाग्यो । बाघले बाँसुरी बजाउन थाल्यो । र, मैले एकतारे बजाएँ । आश्रम क्षेत्रवरपर अनौठो संगीत गुञ्जियो । बाजा बजाउँदै आफ्नै सुरतालमा हामीले विस्तारै पोखरीको फन्का मार्‍यौं-

(कस्तो अलौकिक मस्ती थियो त्यो ! प्राणबाट धुनहरू निस्किएका थिए । असलमा त्यो संगीत आत्माको एकालाप थियो । या हृदयको आलाप थियो । त्यस्तै केही थियो सायद)

बाघ र भालुलाई मैले आफ्नो कुटीमा सम्मानपूर्वक स्वागत गरें । अनि, एक रातकै मात्र किन नहोस् मेरो अतिथि बनिदिन आग्रह गरें । उनीहरू 'गदगद' या यस्तै केही भए-

त्यो रातको भोजन मैले आफ्नो जीवनकै सर्वाधिक स्वादिष्ट बनाएको हुनुपर्छ । अहिले त्यस्तो हेक्का छैन र उनीहरूसित मैले मेरा प्रिय पुराना दिनका पाठकहरूबारे चर्चा गरेको हुनुपर्छ-

असलमा म अल्जाइमरको रोगी हुँ । तपाईंहरूको कथा म बिर्सन सक्छु । आजै, मैले मेरो पाण्डुलिपि रहस्यमय तरिकाले हराएको छु ।

सन्ध्या-भोजनपश्चात् हामीले हल्का दारु 'चियर्स' गर्‍यौं । दारुको म उतिसाह्रो 'फ्यान' नभए पनि यदाकदा विशेष क्षणहरूमा त्यसको स्वाद लिन म रुचाउँथें-

(म सायद

स्वादिलो मानिस थिएँ)

बाघ र भालुले आ-आफ्नो प्रतीकात्मक कथा सुनाउन रुचाए । तर, मैले बीचैमा भन्नुपर्‍यो:

- असलमा म अल्जाइमरको रोगी हुँ । तपाईंहरूको कथा म बिर्सन सक्छु । आजै, मैले मेरो पाण्डुलिपि रहस्यमय तरिकाले हराएको छु । बरु, यसो गर्नूस् तपाईंहरू...

- कसो गरौं ! - बाघ/भालुले सोधे ।

- कसो गर्नूस् भने बरु यसो गर्नूस् तपाईंहरू...

- कसो गरौं ? - बाघ र भालुले कुन्नी कतिऔं पटक सोधे ।

- मैले बिर्सें । साँच्चीऽऽऽ म के बारे बोल्दै थिएँ ?

- तपाईं कुनै पाण्डुलिपिबारे बोल्दै हुनुहुन्थ्यो । - भालुले भनी ।

(पाण्डुलिपि !?

अँ/आच्याऽऽऽ कस्तो पाण्डुलिपि ?!

कसको पाण्डुलिपि !?)

त्यसपछि/मैले मेरा अतिथिहरूसित साइबेरियाका हिउँदे चराचुरुंगीबारे कुरा गरेको हुनुपर्छ । 'चराचुरुंगीहरू विश्वका असल नागरिक हुन्' भनेको, मैले कताकता सम्झने प्रयास गरिरा'छु । साँच्ची ऽऽऽ मैले कहाँ/कसलाई भनेको थिएँ त्यस्तो हास्यास्पद एवं अश्लील कुरा !?

बाघ या भालु कसैले बीचैमा भनेको थियो:

- बडो सुन्दर कुरा गर्नुभो ! नागरिक हुनु त चराचुरुंगी झैं पो हुनु त !

- तपाईंहरूचाहिँ (सोधें हुँला मैले) कुन देशको नागरिक ?

- हामी अनागरिक हौं (उनीहरूले भने होलान्) हाम्रो प्रतीकात्मक कथा सुनाऔं तपाईंलाई ?

- बोध-कथा या प्रतीकात्मक कथा जे-जस्तो सुनाए पनि अब के नै पो होला र ? म बिर्सिहाल्नेछु । अल्जाइमर-रोगद्वारा ग्रस्त बूढो लेखक हुँ म । अँऽऽऽ साँच्ची/कुनै पाण्डुलिपि हराएकोमा म अघि झाडीमा शोकधुन बजाइरहेथें । अँऽऽऽ साँच्ची म अब तपाईंहरूले सुनाउन चाहनुभएको बाघ भालुको कथा 'पढ्न' चाहन्छु । बरु यसो गर्नूस् ....

- कसो गरौं ??

- बरु यसो गर्नूस् ! आ-आफ्नो प्रतीकात्मक कथाको पाण्डुलिपि लेख्नूस् तपाईंहरू । किंवदन्ती/दन्त्यकथा जे जस्तो हो लेख्नूस् । म चाहन्छु मेरा पुराना पाठकहरूले तपाईंहरूको पाण्डुलिपि कथा पढून् । म तपाईंहरूलाई कलम र केही खाली पानाहरू बाँड्छु । तर, कलमहरू कहाँ छन् ?

बाघ/भालु : हामी खोजौं ?

म : हामी के खोजौं ?

बाघ : कलम र खाली पानाहरू

म : तपाईंहरूलाई कलम किन चाहियो रे ?

भालु : कथा लेख्न ।

म : तर, मेरो पाण्डुलिपि खोइ ?

● ● ●

२) अज्ञात पाठक

वास्तवमा म एक अज्ञात पाठक हुँ ।

यस बेला म चापागाउँको दक्षिणतर्फ अवस्थित आश्रममा आइपुगेको छु । आश्रम सुनसान छ । यहाँ कुनै समय एउटा बूढो लेखक बस्ने गर्थ्यो भन्ने कुरा मैले यहाँका स्थानीयवासीहरूबाट सुनेको थिएँ ।

पुराना/बूढा एवं मृत लेखकहरूबारे अध्ययन/खोज गर्दै हिँड्ने मेरो विचित्रको HOBBY छ । यहाँ कुनै समय अल्जाइमरद्वारा ग्रस्त बूढो लेखक बस्ने गर्थ्यो र आज मलाई उसको एकान्तवासले असीम दीर्घ पीडा दिएको छ ।

प्रायः चिज/वस्तु/स्मृति बिर्सने लेखकले अन्ततः बाँच्न बिर्सिदिएछ । उसको अन्त्येष्टिमा उसैले रुचाएका पुराना पाठकहरू नआइदिएकोमा मेरो मन खिन्न छ । MAIL-बक्स चेक गर्छु । चिठी-पत्रहरू केही छैनन् । कसरी एउटा लेखक यसरी 'मौन' बाँच्दो हो !

टेबलमा रित्तो गिलासहरूमाझ केही कागज-पत्रहरू छन् । बाघ र भालुले हस्ताक्षर गरेका TEXT हरू पढ्छु ।

बाघको कथा

प्रिय अज्ञात लेखक !

तिमी निदाएका छौ । सम्भवतः तिम्रा पुराना पाठकहरू पनि निदाएका छन् । म बाघको छाला ओढी हिँड्ने गर्छु । किन यसरी म हिँडेको छु ? मानिसहरू मलाई देखी डराउँछन्/आश्चर्यमा पर्छन् -

असलमा, ओ लेखक ! म पुरुष अहंकारको प्रतिनिधि पात्र हुँ । आज, म यो 'पेज'मा/तिमीले लेख्न दिएको पेजमा केही लेख्दैछु । तिमीलाई सुनाउन सकिएन । बिर्सन्छु भन्छौ ।

कुनै समय यस्तो थियो म आफूलाई बाघ झैं बलशाली/वीर्यशाली ठान्ने गर्थें । जीवनको भरिपूर्णः उत्साह/जोस/जाँगर/फूर्ति/पूर्ण स्वतन्त्र र निस्फिक्री !

त्यसबेला म जंगलको बाघ झैं शक्तिशाली थिएँ -

विवाह गरें । घर-गृहस्थी सम्हालें । बालबच्चाहरू हुर्काएँ । अभिभावक बनें । त्यसबेला पनि आफूलाई मैले बाघ नै ठानें । मेरी श्रीमती मलाई प्रायः भन्ने गर्थी:

- बूढाजी ! फूर्ति नगर । तिमी चिडियाघरको बाघ पो हौ त !

जंगलको बाघ त्यसरी/अनायास चिडियाखानाको बाघ बनें । तैपनि बाघ त आफूलाई ठानिरहें । बाघ त आखिर बाघ नै हो । जंगलको होस् या चिडियाखानाको - सन्तानहरू आ-आफ्नै व्यवसायमा व्यस्त बने । श्रीमतीजी ईश्वरको राज्यमा गइहाली । छोराछोरी भनाउँदाहरू राष्ट्रिय/अन्तर्राष्ट्रिय-राज्यमा मिल्न गए । मेरो आफ्नो राज्यचाहिँ भग्नावशेष हुँदै गयो-

बार्धक्यमा/बुढेसकालमा चारैतर्फबाट एक्लिँदै गएँ । तर पनि बाघ त म बाघ नै थिएँ । मेरो पुरुष अहंकार यस्तै भन्थ्यो ।

आफ्नो आयुको पुछारमा आएर मलाई बोध भयो कि म त सर्कसको बाघ भै'सकेको रहेछु ।

ओ लेखक !

जंगलको बाघ थिएँ । पुरुष थिएँ -

चिडियाखानाको बाघ बनें । पुरुष थिएँ -

सर्कसको बाघ भएँ । पुरुष हुँ -

वास्तवमा म एक अहंकार हुँ । पुरुष-ग्रन्थी अर्थात् बाघ । यसैले, म बाघको छाला ओढी हिँड्छु.....

● ● ●

भालुको कथा

म भालु हुँ ।

तपाईंको सहरमा नगरबधुलाई भालु भन्छन्, कसो !

अप्रिला थियो मेरो नाम । त्यसो त अहिले पनि म अप्रिला नै हुँ । कसरी म भालुको संसारमा पुगें ? आजकाल यसो सोच्ने गर्छु ।

ओ लेखक !

वास्तवमा, जिन्दगी तीनओटा 'c' को मायावी चक्करमा घुम्दो रै'छ ।

पहिलो C : COMPARISION

दोस्रो C : COMPETITION

तेस्रो C : COMPROMISE

तुलना । प्रतिस्पर्धा । सम्झौता -

यी तीन आधारभूत जीवन-सत्य ।

कुनै समय मेरो प्रसिद्धि अविश्वसनीय थियो । म आमभाषामा भन्ने हो भने चमत्कारी सुन्दरी थिएँ -

चलचित्रकी नायिका ! आफ्नो रूप लावण्यले जस्तोसुकै 'बाघ' हुँ भन्नेलाई पनि आफ्नो वशमा राख्न सक्थें ।

मानिस पीडाको 'कुण्ड'मा अनायास फाल हाल्छन् ।

पहिलो C लाई अप्रिलाले रोजी ।

अप्रिलाले अरूसित 'तुलना' गरी । अरूभन्दा ऊ केही कमसल थिई ? वास्तवमा, तुलनाले दुःख, सुखको प्रायोजन गर्छ । तुलनाको आँखाले अप्रिलाले संसार/समाज नियाली । त्यसपछि ऊ 'प्रतिस्पर्धाः COMPETITION' को प्रशंसक बनी ।

ओ लेखक !

यो दोस्रो C को चक्करमा अप्रिला अर्थात् म नराम्रोसित धेरै काल फसें ।

यही मायावी C अर्थात् COMPETITION/प्रतिस्पर्धाको कालखण्डमा

म अभिनेत्रीका साथसाथै 'भालु' भएँ ।

मैले प्रतिस्पर्धा रोजें । ऐश्वर्यशाली भएँ । सहरका तथाकथित मर्यादा-पुरुष एवं जस्तै मैं हुँ भन्ने 'बाघ'हरूसित मैले सःशुल्क रासलीला रचें ।

ओ लेखक !

तिमी मेरो 'महेफिल'मा आएर एक दिन एउटा गीत गायौ:

- तु कौन है

तेरा नाम है क्या ?

सीता भि यहाँ बदनाम हुई...

तिमीले सोधेका थियौ: तेरा नाम है क्या... ?

तिम्रो रित्तो गिलास भर्दै मैले भनेकी थिएँ:

अप्रिला !

- अप्रिला ! - तिमीले भनेको अझै याद आउँछ: अप्रिल इज द क्रुलेस्ट मन्थ् (April is the Cruelest Month) त्यो साँझ अप्रिलको साँझ थियो, लेखक ! र, अप्रिला अब तेस्रो C अर्थात् COMPROMISE/सम्झौताको संविधानमा आफ्नो अस्तित्व खोजिरहेकी थिई

- सीता भि यहाँ बदनाम हुई...

समय ज्यादै बलवान् । मान्छेले कहिलेसम्म प्रतिस्पर्धा गर्ने सामर्थ्य राख्छ ?

अन्त्यमा, भ्रमणमा आउँछ व्यापक 'कम्प्रोमाइज'को GIFT-प्याकेज ।

जिन्दगी/मृत्यु/सफलता, असफलता ।

। सम्झौता ।

सीता पनि बदनाम भएको पुरुष-समाजलाई त्यतै कतै छाडी म पुरानो 'अप्रिला'लाई खोज्न भालुको छाला ओढी आजकाल यताउता ओहोरदोहोर गर्छु ।

जिन्दगी तीनओटा C को मायावी चक्करमा घुम्दो रै'छ -

मेरो DEATH-बेड कहाँ छ/मलाई थाहा छैन । केही मनुष्यजनहरू यसरी भालुको छाला ओढी हिँडेको देखेर मलाई दिमाग पंचर या फ्र्याक्चर भएकी बूढी भन्ने गर्छन् । म हाँस्छु-

ओ लेखक !

म भालु हुँ/अब तिम्रो ओछ्यानमा

अप्रिला अब निदाउँछे । GOOD-नाइट

nagarkoti.kumar@gmail.com

● ● ●

यो फरक कसरी भयो। मबाहेक मेरा दाजुभाइ बहिनीहरू प्रधान नै लेख्छन् र मेरो नामको पछाडिमात्र 'श्रेष्ठ' कसरी जोडियो ? यो प्रश्न हामीलाई चिन्ने जसले पनि राख्ने गरेका छन्। हाम्रो पुर्खा जुन ठाँउबाट पूर्व लागेको थियो त्यो ठाउँमा अहिले पनि जोशी र प्रधानको बाहुल्य छ। श्रेष्ठहरू पनि छन्। त्यसैले पूर्व लागेको हाम्रो पहिलो पुर्खाको थरका बारे हामी कोही पनि प्रस्ट छैनौं। एउटा कुरा भने प्रस्टसँग भन्न सकिन्छ र त्यो के भने उहाँ विशुद्ध नेवार हनुहुन्थ्यो। त्यो कुरा भन्न लागेको कथाले पनि व्याख्या गर्नेछ।

नेपालको इतिहासको प्रसिद्ध कोतपर्वपछि अभ्युदय भएको जंगबहादुरका भाइ रणोद्वीप सिंहलाई गद्दिच्यूत गर्न एउटा ठूलो षड्यन्त्र वि.स. १९३८ मा रचिएको थियो। त्यो पर्व ३८ सालको पर्व भनी इतिहासमा प्रसिद्ध छ। मेरा पुर्खा त्यस बेलाका जल्दाबल्दा कर्णेल इन्द्रजित कहाँ केही काम गर्थे। के काम गर्थे भन्ने कुरा कहीं कतै नलेखिएकाले केही भन्न सकिन्न। हुनसक्छ, कर्णेलको हिसाब किताब राख्ने काम, हुनसक्छ बैठके, ढोके, हुक्के बगैंचे जे पनि। मेरा बाबुबाजेको कुरा बुझ्दा उहाँ कर्णेल इन्द्रजितको कारोबारको हिसाब-किताब राख्ने सुब्बा, खरिदार, मुखिया या यस्तै केही। उहाँ असन बालकुमारी थानका पक्का नेवार हुनुहुन्थ्यो। बिहानै कर साहेब कहाँ जानुपर्ने भएकाले सायद धेरैजसो समय उहाँ दरबारमा नै बिताउनुहुन्थ्यो।

दरबारमा खास विश्वस्त मानिसमा उहाँको गणना हुन्थ्यो। त्यसैबेलाका कर्णेल इन्द्रजितका कति पत्नीहरू थिए त्यो त अहिले भन्न सकिन्न, भन्न सकिने कुरा पनि भएन। सायद धेरैजसो समय दिन भ्याउँदैन थिए। उनकी एकजना पत्नी मेरा हजुरबाका हजुरबासँग प्रेममा फसेकी थिइन्। उहाँहरूको प्रेम कति गहिरो रहेछ त्यो त एकदिन अकस्मात् भागेर हिँडेपछि नै सर्वत्र हल्ला भयो। सायद यही कुरालाई प्रमुख विषय बनाएर नाटककार बालकृष्ण समले 'प्रेमपिण्ड' नाटकको रचना गरेका होलान्।

त्यसबेला जारलाई काट्न पाउनु न्यायसंगत कुरा थियो। पत्नी लाने जारलाई त्यसमाथि आफ्नै महलमा काम गर्ने नेवारलाई काट्नु कर्णेलको बायाँ हातको खेल थियो। उनले आफ्ना केही गुप्तचरहरूलाई नेवारको खोज खबर गर्न अह्राएका पनि हुनसक्छ। मेरा पुर्खा 'प्रेमपिण्ड' का नकुल र सविता भागेर पश्चिम लागे। कर्णेलकी पत्नीको जीउभरि गहना र गुरियाले धपक्क र सुनले झपक्कै थियो रे उहाँको शरीर। पश्चिम एक नम्बर

शब्दजरा

उनकी एकजना पत्नी मेरा हजुरबाका हजुरबासँग प्रेममा फसेकी थिइन्। उहाँहरूको प्रेम कति गहिरो रहेछ त्यो त एकदिन अकस्मात् भागेर हिँडेपछि नै सर्वत्र हल्ला भयो। सायद यही कुरालाई प्रमुख विषय बनाएर नाटककार बालकृष्ण समले "प्रेमपिण्ड" नाटकको रचना गरेका होलान्।

त्रिशूलीनेर पुगेपछि खुबै थाकेर कतै बास बसेको बेला एक या दुईजना डाकाले राति मार्नलाई नांगो खुकुरी चम्काउँदै आफूतिर आउन लागेको मेरा पुर्खाले प्रस्ट देख्नुभयो। रोई-कराई गरी आफूसँग भएको गहना त्यही आक्रमणकारीलाई बुझाएर त्यहाबाट भाग्नुसिवाय अर्को उपाय थिएन। पश्चिम लाग्नु खतरापूर्ण थियो। साथमा भएको सबै रुपैयाँ पैसा डाकालाई बुझाएर मेरा पुर्खा आफ्नी प्रेमिकालाई लिएर काठमाडौं नै फर्की केही समय लुकेर गुप्तबास बस्नुभयो आफन्तहरू कहाँ। एउटा प्रख्यात ज्योतिषलाई आफन्तहरूले हेराएछन्। ज्योतिषले धेरैबेर चिना टिपन हेरेर यस्तो सल्लाह दिए- पश्चिममा ज्यानको खतरा थियो, टर्‍यो। अब पूर्वतिर लाग्नोस्। यहाँबाट पूर्व लाग्दा ठीक १३ दिनमा जुन ठाउँमा पुग्नुहुन्छ- त्यही ठाउँमा घरजम गरेर बस्नुहोला, ज्यान बाच्नेछ र भविष्यलाई पनि राम्रो होला। यस्तो निर्देशन पाएर पुर्खा दम्पत्ति पूर्वतिर लाग्नुभयो। असनको घर आफन्तहरूलाई जिम्मा लगाएर कुम्लो कुटुरो बोकेर त्यो प्रेमी जोडी पूर्व लाग्यो।

असन बालकुमारी थानको त्यो घर कस्तो थियो भन्ने विषयमा मेरा बाजे कृष्णबहादुर श्रेष्ठसँग यस विषयमा कहिल्यै कुनै कुराकानी भएन। किनभने हामी नातिहरू उहाँलाई त्यो सोध्ने अवस्थामा आइपुग्दासम्म बाजेको मृत्यु भइसकेको थियो। ५५ वर्षकै उमेरमा मुटुको व्यथाले उहाँको मृत्यु भयो। घरका बारेमा हजुरआमा शारदाले धेरै बताउन सक्नुहुन्थ्यो। किनभने उहाँहरू त्यो घरमा धेरै बस्नु भएको थियो र मेरा पिता र काकाको जन्म पनि त्यही घरमा भएको थियो।

मेरी आमालाई लिएर वि.सं. २००२ सालतिर पहाडको बाटो १३ दिन हिँडेर

शैलेन्द्र साकार

बा-आमा काठमाडौं आउनुभएको थियो। आमाको भनाइअनुसार त्यसबेला मेरा दाजु परशु प्रधान टुकुटुकु हिँड्नसक्ने भएकाले पूर्व पहाडदेखि काठमाडौंसम्मको यो यात्रा सुरु भएको थियो। त्यति सानो उमेरमा पनि परशु दाइको बाल-हिँडाइ आर्श्चयलाग्दो थियो। एउटा बच्चा बोक्ने भरिया पनि साथै भएकाले अलि सजिलो भयो। वि.सं. २००३ सालको सुरुका केही महिनासम्म मात्र उहाँहरू असनमा बस्नुभयो। मेरो गर्माधान त्यही समयमा भएको रहेछ। मेरो जन्म भोजपुरमा भएको भए पनि म गर्भमा बास बसेको समय रहेछ, बा-आमा काठमाडौंको असनमा बस्ने गरेको बेला। यो पनि एउटा आश्चर्यजनक संयोग नै हो।

असन बालकुमारीको त्यो चार तल्लाको झिंगटीको छानो भएको पुरानो खालको घर थियो। भुइँतलामा रिफेलका अग्ला सिपाहीहरू बस्थे। त्यहाँबाट हनुमानढोका जान एकदम नजिक भएकाले पनि काँठका मानिसहरू त्यहाँ बहालमा बस्न रुचाउँथे। भर्‍याङका कुनाकाप्चातिर अलिअलि र बुइगलमा छ्यासछ्यास्ती सेता ख्याकहरू भेटिन्थे। ती ख्याकहरू भकुण्डो जस्तै गुर्र........... गुड्दै तलमाथि गरिरहन्थे र घरका कुनै सदस्यलाई पनि कुनै किसिमको बिगार गर्दैन थिए। मेरी आमा पहाडबाट खास गाउँले 'मनु' का रूपमा सहर आउनुभएकाले र नेवारी भाषामा पनि नआउने भएकाले उहाँको कतै आवत-जावत थिएन। मेरा बा भने पर्रर नेवारी भाषा बोल्न सक्नुहुन्थ्यो। उहाँले नजिकैको दरबार हाइस्कुलमा कक्षा-८ सम्म पढ्नुभएको थियो र दरबार हाईस्कुलमा प्रथम प्रिन्सिपल बटुकृष्ण मैत्रको लामो दाह्री खेलाएर म बसिरहन्थें भनी धेरैपल्ट हामीलाई बताउनुभएको थियो। बटुकृष्ण मैत्र बंगाली शिक्षक थिए र दरबार हाईस्कुलका प्रथम प्रिन्सिपल। अँ त ख्याकहरू दिनभर कोठाका कुनाबाट भर्‍याङका कुना र भर्‍याङका कुनाहरूबाट सर्दै गुड्दै बुइगलतिर र बुइगलबाट गुड्डु-गुड्डु गरेर झर्दै विचित्र खेलहरू देखाइरहन्थे। तिनीहरूसँग तर्केर, जोगिएर तल/माथि गर्नुपर्दथ्यो। ती ख्याकहरू छुँदा हिउँजस्ता चिसा थिए। एउटा रहस्यमय डर वातावरणमा घुमिरहन्थ्यो। त्यसबेला मेरा बाजे अमाल कोट कचहरी पशुपतिमा जागिर पाएर भोजपुरबाट काठमाडौं आउनुभएको थियो। ●

क्रमशः

मीनाको सपना



तन्नेरी संवाददाता

दुःख सहन कति गाह्रो हुन्छ त्यो एउटा दुःखीलाई मात्र थाहाहुन्छ । त्यसैले कुनै आर्तको आँसु पुछ्न बढेको पहिलो हात अर्को व्यथितकै हुनुपर्छ । समयको क्रुर प्रहारबाट घाइत्ते भएकी मीनाको मनमा एकदिन अनायास यस्तै भाव अँकुरायो । उनले सोचिन् म जस्ता पीडित त समाजमा थुप्रै छन्, बाँकी जीवन म उनीहरूको सेवाको लागि निछावर गर्छु । त्यस दिन पछि उनको जीवनमा नौलो मोड आयो । यात्रा त त्यो पनि सहज कहाँ थियो र ! तर उनी अघि बढिरहिन्, बाटाहरू बिस्तारै सहज हुँदै आए ।

मीनाले आफ्नो जीवन समाजलाई अर्पण गरेको तीन दशक नाघिसक्यो । उनको सत्प्रयास देखेर होस्टेमा हैँसे गर्नेहरू पनि धेरै भए । योगी नरहरीनाथले त उनको संघर्षशील व्यक्तित्व र सार्थक प्रयासलाई देखेर उनलाई 'पूर्वकी दुर्गा' को संज्ञा दिए । हाल उनी उर्लाबारी (मोरङ) मा आफैँले स्थापना गरेको बालगृहलाई दिगो बनाउन लागिपरेकी छिन् । 'नमुना बालगृह' नाम राखिएको उक्त बालगृह झन्डै ३० जना बालबालिकाको साझा घर बनेको छ । मीनाकै अगुवाईमा नारीहरूमात्र मिलेर सञ्चालनमा ल्याइएको सहकारी संस्थाले नमुना बालगृहको व्यवस्थापन सम्हालेको छ ।

बालगृह स्थापनाको सुरुवाती दिन पनि कम रोमाञ्चकारी थिएनन् । मीनासँग सपना थियो र थियो त्यसलाई यथार्थमा परिणत गर्न सक्छु भन्ने आत्मविश्वास । अनमोल हृदय बोकेकी मीनाको थैली भने रित्तो थियो । तर, 'तँ इच्छा गर, म पुऱ्याउँछु' भनेझैँ मन र धन दुवै भएकाहरू उनलाई सहयोग गर्न प्रकट भए । सर्वलाल धिमालले १० कट्ठा जग्गा उपलब्ध गराए भने बालगृहकै संस्थापकहरू मिली पहिलो कोठाको निर्माण गरे । प्रसिद्ध पुराणवाचिका तारा घिमिरेले पनि साथ दिइन् । पुराण लगाइयो र त्यसबाट संकलित रकमबाट थप एक कोठा बनाइयो । सहयोग गर्नेहरूको क्रम टुटेन, क्याप्टेन लालबहादुर, राधा निरौलामात्र होइन खगेन्द्र राईको अग्रसरतामा हङकङमा रहेका सहृदयी नेपालीहरूले पनि उनलाई मन खोलेर सहयोग गरे ।

मीनाका सपनाले विस्तारै मूर्तरूप लिँदै गयो । दुईतले पक्की घर, आँगनमा बच्चाहरूका लागि खेल्ने सामग्री र केही गाईहरू । उनी हौसिइन् । सनै सनै उनको मायालु आँचलको फेरो समातेर बेसहारा बालबालिकाहरू बालगृहमा प्रवेश गर्न थाले ।

'बालगृहमा संरक्षण पाएका प्रत्येक बालबालिकाका कारुणिक कथाहरू छन्,' बालगृहका सल्लाहकार भूमिनन्दन दवाडी भन्छन् , 'मीनाको प्रयासको बारेमा सुनेर त्यहाँ आइपुगेका कतिपय व्यक्ति रुँदै फर्किएको मैले आफैँले देखेको छु ।'

दवाडीका अनुसार प्रायजसो अनाथालयले आफूले संरक्षण गरेर राखेका बालबालिकालाई कसैले पाल्छु भनी माग्न आएमा केही रकम लिएर दिने गरेका छन् । 'विदेशीलाई बच्चा 'अडप्ट' गर्न दिएर त्यसबापत प्राप्त रकम प्रायः अनाथालयको प्रमुख स्रोत हुनेगरेको छ,' दवाडी थप्छन्, 'तर, मीना यस्ता कुराको विरोध गर्छिन्, यसबाट पनि उनको महानताको परिचय पाइन्छ ।'

आश्रमका प्रत्येक बालबालिकामा मीना आफ्नो बाल्यकाल खोज्छिन् । १२ सालमा जन्मिएकी मीनाको तमोर खोलाको कञ्चन जलसँगै रमाउँदै पूर्वी पहाडी गाउँ सवादिनमा बाल्यकालका सुनौला दिनहरू बित्दै थिए । अचानक उनी दस वर्षकी हुँदा बुवा परासर गौतमले उनको बिहे गरिदिए । अबोध मीनालाई त नयाँ लुगा तथा गरगहनामा सजिन पाउँदा रमाइलो नै लागिरहेको थियो । तर, माइती घर छोडी पतीको घर ताप्लेजुङ झरेपछि उनको जिन्दगीमा पीडाबाहेक केही शेष रहेन । ठूलो परिवारमा पुगेकी मीनालाई त्यति कलिलै उमेरमा ठूलै जिम्मेवारीको भारी बोकाइयो । उनले हरसम्भव कोसिस गरिन् सासू तथा ६ जना नन्दभाउजूलाई रिझाउने । दिनप्रतिदिन उनीमाथि अत्याचार बढी नै रह्यो । त्यही पनि मीनाले जिन्दगीका एक दर्जन वसन्तहरू पति सेवामा बिताइन् । र, त्यसको बदलामा उनले दुई पुरस्कार पाइन् । पहिलो- पतिको थर, बराल । दोस्रो- बुवा परासरले नै उनीहरूका लागि निर्माण गरिदिएको घरमा सौताको प्रवेश । माया नपाएकी मीना त्यसपछि अभिभावकको ममताबाट वञ्चितहरूलाई प्रेमको गंगाले रुझाउन पुरानो ढोका बन्द गरेर नौलो बाटो निर्माणमा लागिन् ।

आफ्नै अनुभवका आधारमा मीनालाई थाहा भएको छ, साना उमेरका केटाकेटीलाई माया-प्रेमको असाध्यै ठूलो खाँचो हुन्छ । 'कलिलो उमेरमा के राम्रो हो के नराम्रो बच्चालाई थाहा हुँदैन,' मीना भन्छिन्, 'आश्रममा रहेका मेरा छोराछोरीलाई कसैले पाल्छु भन्छ भने पनि उनीहरू १८ वर्षको नभएसम्म म दिन्नँ ।'

तर, बालगृह चलाउन सहज छैन । 'महँगी यस्तो छ, तीन किलो दालले एक दिन पनि चल्दैन,' आश्रमका सल्लाहकार दवाडी भन्छन्, 'दिगो आर्थिक स्रोतको अभावमा बालगृह चलाउनु अत्यन्तै चुनौतीपूर्ण भएको छ ।'

दवाडीको कुरामा मीना पनि सही थाप्छिन्, 'स्थानीयवासीले कति दिऊन्, हामीसँग भने घरबाट झिक्ने पनि छैन, बारीबाट टिप्ने पनि छैन ।' त्यसैले मीन नयाँ अभियानमा लागेकी छिन्, बालगृहलाई आर्थिक स्थायित्व दिन अक्षयकोष स्थापना गर्ने । आफ्ना काम तथा योजनालाई आमजनसमुदायसम्म पुऱ्याउन उनले वेबसाइट पनि निर्माण गरेकी छिन्- wdcac.org.np । जिन्दगीमा थुप्रै अप्ठ्यारा लडाइँ जितिसकेकी मीना यो युद्धमा पनि विजयी हुने नै छिन् । हाम्रो शुभकामना । ●

'मेरो गीत म उभेको धूलोले सुनोस्'



प्रस्तुतिः जीवन

गोपालको प्रसंग आउँदा नारायणगोपालको नाम छुटाउन मिल्दैन । दार्जिलिङको बसाइका साथसाथ संगीतको वहाबमा हेलिँदाहेलिँदै आत्मीयता झ्यांगिएपछि यी दुईले मीत नै लगाए । त्यसपछिको समयमा गोपालको संगीत र शब्दमा नारायणले थुप्रै गीतमा स्वर दिए ।

नेपाली संगीतलाई जनजनको मनमा घुसाउन गोपाल योञ्जनको उपस्थितिले करोडको काम गरेको छ। यो उनका सिर्जनामा रमाउने हरेक पुस्ताको तृप्त मनले स्विकार्दै आएको छ। उनको निधनको १३ वर्षपछि पनि आज उनको सदाबहार र कालजयी सांगीतिक रचनाले संगीतप्रेमीहरूको ढुकढुकीमा मीठो सोला हानिरहेको छ। आधुनिक सुगम संगीत तथा देशप्रेमले भरिएका राष्ट्रिय गीतका भाकाहरूले उनको याद नेपाली घरदैलोमा ताजा तुल्याइरहेको छ।

उनै गोपाल हुन्, जसले देशभक्तिको भावले भरिएको 'देशले रगत मागे' बोलको जनप्रिय गीतको धुन २०-२१ वर्षको तरुनो उमेरमै तयार पारेका थिए। झट्ट सुन्दा अपत्यारिलो लाग्ने उनको प्रतिभाको यस्तै रोचक किस्सा सांगीतिक इतिहासमा सुरक्षित बसेका छन्। गोपाल-पत्नी रेन्छिन योञ्जन सम्झिन्छिन्, 'उहाँको संगीतप्रतिको गहिरो लगाव र चाहले उमेरमै खुबी भरेको रहेछ।' उनको बहुआयामिक प्रतिभाको प्रमाण दिन गहिराइमा खोजबिन गर्ने कसरत गर्नुपर्दैन, जे छ संगीतप्रेमीहरूको सामुन्नेमै छ। उनले संगीत सिर्जना गरे, गीत लेखे, गीत पनि गाए, समग्रमा उनलाई एउटा पूर्ण प्याकेजको 'म्युजिक ब्रान्ड' भनेर उल्लेख गर्दा बढी नहोला।

'उहाँको सिर्जनाबारे जनमानसमा सबै कुरा पुगे पनि केही पक्षमा भने उहाँलाई चिन्न अझै बाँकी छजस्तो लाग्छ,' रेन्छिन भन्छिन्, 'म्युजिक एरेन्जरको खुबी पनि थियो उहाँमा।' एउटा म्युजिक एरेन्जरमा हरेक बाजा र संगीतको टोन थाहा हुनुपर्ने गुण हुन जरुरी हुन्छ, त्यो गोपालमा रहेको उनले बताइन्। 'तिम्रो जस्तो मुटु मेरो पनि, भनिदेऊ नेपाली दाइ, मैले पुण्य मन पराएँ, पश्चिम कोही पूर्व घर, च्याङ्बा ओइ च्याङ्बा आदि कर्णप्रिय र गीतिरचनाको हिसाबले पनि वजनदार शब्द भएका भाका नेपाली सांगीतिक ढुकुटीमा भरेका उनी संगीत-रचनामा साहित्यलाई निकै अर्थपूर्ण बुनाइसहित आत्मसात् गर्थे। यसको स्वाद उनले आफ्नो हरेकजसो सिर्जनामा दिएका छन्।

गोपालको प्रसंग आउँदा नारायणगोपालको नाम छुटाउन मिल्दैन। दार्जिलिङको बसाइका साथसाथ संगीतको वहाबमा हेलिँदाहेलिँदै आत्मीयता झ्याँगिएपछि यी दुईले मीत नै लगाए। त्यसपछिको समयमा गोपालको संगीत र शब्दमा नारायणले थुप्रै गीतमा स्वर दिए। दुईको भेट र सहयात्राले नेपाली आधुनिक संगीत निकै समृद्ध भएको साक्षी छन् स्रोताहरू नै।

गोपालको संगीतको लोकप्रियता आफ्नो ठाउँमा अबिरल उचाइमा रहे पनि उनको परिचय र सांगीतिक व्यक्तित्वलाई आजको पुस्ताले कुन हदसम्म साँचेर राखेको होला र राख्नेछ भन्ने प्रश्न पनि उत्तिकै उठ्न सक्छ। दार्जिलिङबाट अध्ययनको सिलसिलामा सन् १९६७ अगस्ट महिनाको कुनै

दिन काठमाडौँ टेकेका गोपाल यतैको माहौलमा रत्तिँदै गए । त्यसअघि सन् १९६३ मै कालिम्पोङबाट काठमाडौं आएकी रेन्छिनको १९६८ फेब्रुअरिमा सेन्ट जेभियर्स स्कुलमा पढाउने क्रममा गोपालसँग भेट भयो । गोपाल त्यहाँ संगीत सिकाउँथे भने रेन्छिनले दुई कक्षाका भुराभुरीलाई पढाउने जिम्मा पाएकी थिइन् । मन परापर भएपछि १० महिनाकै अन्तरालमा डिसेम्बरमा परम्परागत मागी विवाहमा लगनगाँठो कसे दुवैले ।

सेन्ट जेभियर्स स्कुलमा गोपालको विद्यार्थी भएर पढेका अहिलेका पपगायक योगेश्वर अमात्य गोपाल गुरुको सिर्जनात्मक खुबीसँगै संगीतप्रतिको गम्भीर भाव निकै अग्लो रहेको बताउँछन् । उनी भन्छन्, 'उहाँकै स्याहार पाएर हामी सही बाटो पहिल्याउँदै अहिलेको जस्तो स्थितिमा आउन सक्यौँ ।' तर, पछिल्लो समयमा गोपाल योञ्जलका सिर्जनाहरू जथाभावी रूपमा जसलाई पायो त्यसलाई बिक्री-वितरण गरिन थालेकोमा उनी चिन्ता पनि गर्छन् । 'एउटा चेलाको नाताले गोपाल सरजस्तो उच्च प्रतिभाको संगीतसिर्जना लाखदेखि डेढ लाखसम्ममा किनेर आफूसँग सुरक्षित राख्न तयार छु, तर जथाभावी ती बहुमूल्य सिर्जना बेचिएको हेर्न सक्दिनँ,' उनी पिरोलिन्छन् ।

साथी नगेन्द्र थापाको निम्तोमा काठमाडौं छिरेका गोपालले त्यसपछिको अवधिमा नेपालको सांगीतिक बजारमा छाउनका लागि खाएको हन्डर र ठक्करको कथा कम मार्मिक छैन । पत्नी रेन्छिन पुराना ती दिनमा फर्किन्छिन्, 'नेपाल भनेर त्यस्तो प्रेमभाव जागेर यता आउनुभयो, तर रेडियो नेपाललगायतका सांगीतिक प्लेटफर्महरूमा बाहिरका भनेर उहाँलाई ठाउँ दिइएन ।' उनी प्रश्न गर्छिन्, 'बाँचुञ्जेल पनि राज्यस्तरबाट उचित रेखदेख नपाएको स्रष्टाले छाडेर गएका रचनाहरूलाई देशको सम्पत्ति मानेर आउने पुस्ताका लागि संरक्षण गर्ने कि नगर्ने ?' सिर्जनाको संरक्षण नगर्दा भावी पुस्ताका लागि अन्याय हुने भएकाले त्यसको राज्यस्तरबाटै संरक्षणको साथै प्रवर्द्धन पनि हुनुपर्ने उनको विचार छ । पछि पुलिस क्लबमा संगीत निर्देशकको रूपमा जागिरे यात्रा थालेपछि भने गोपालको सांगीतिक सक्रियता र निखारमा बढोत्तरी देखिन थाल्यो ।

पछिल्लो समयमा उनी आफ्नै प्रयत्न र लगनमा गोपालका सिर्जनाहरूलाई धमाधम जनसमक्ष ल्याउने काममा अग्रसर छिन् । यसक्रममा ऋतुरंग, निशानी ५३ र वसुन्धरा सीडी तथा क्यासेट एल्बम प्रकाशन भएको छ । सिनेकर्मी छिरिङ रितार र नवीन सुब्बाको साथ लिएर गोपालको 'डाँफेचरी' लोकगाथालाई फिल्म बनाउने काममा जुटिरहेकी उनी श्रीमान् गोपालको कृति र कीर्तिबारे सारमा बोल्नुपरे भन्ने गर्छिन्, 'गीत र संगीत सँगसँगै एकसाथ गर्ने बानी थियो गोपालजीको, त्यसैले वैज्ञानिक र जीवन्त लाग्छन् उहाँका सिर्जनाहरू ।

राज्य वा कुनै निकायबाट संस्थागत रूपमा गोपालको व्यक्तित्व र कृतित्व सम्बर्द्धन गर्ने पहल नभए पनि गोपालप्रेमी तथा संगीप्रेमी स्रोताहरूले दिएको अनवरत चाख र माया धर्मपत्नी रेन्छिनलाई लाख लाग्छ । र, खास माया, आदर र सम्मान पनि यही नै त हो, सायद । ●

दाइसँगका ती दिन

प्रकाश गुरुङ

दार्जिलिङमा गोपाल दाइ र मेरो गाउँ एउटै थियो- हुक्कररोड । सुरुमा उहाँसँग गीत सिक्न जाँदा एउटा गीत एक हप्तासम्म सिकाउनुभयो । एक हप्तासम्म सिकाएपछि पनि मैले केही पारा ल्याउन नसकेपछि एक दिन दाइले भन्नुभयो, 'भाइ, तालसम्बन्धी तिम्रो केही ज्ञानै छैन, तिमी गीत गाउन सक्दैनौ, अबदेखि सिक्न नआए पनि हुन्छ ।' त्यसपछि म खूबै पिरोलिएँ र तालबारे दक्षता हासिल गर्नेगरी तबला बजाउनतिर एकोहोरिएँ । तबलाको गहिराइ निकै हुन्छ, तबला राम्ररी बजाउने मान्छेले अरू जुनसुकै तालबाजा बजाउन सक्ने भएकाले दाइले त्यसरी जोड दिनुभएको रहेछ भनेर पछि बुझ्दै गएँ । तबला बजाउन सिपालु बन्दै गएपछि त दाइसँग विभिन्न कार्यक्रममा हिँड्ने र उहाँ, नारायणगोपाल लगायतका संगीतकर्मीहरूको अनौपचारिक जमघटमा समेत नछुट्ने अंग नै बन्न पुगेँ ।

दाइका त्यतिबेलाका प्रायः गीतहरू, मैले पुन्य मन पराएँ, मखमली चोली चाहिँदैन, लौ सुन म भन्छु आदिमा मैले नै तबलाको ताल दिएको छु । पछि, दाइ काठमाडौँ आएपछि, मेरो पनि काठमाडौँ बसाइको चाँजोपाजो मिलेपछि यता पनि त्यो सहयात्राले निरन्तरता पायो ।

गोपाल दाइको खास विशिष्टता गीत-रचनामा देख्न सकिन्छ । त्यसपछिको क्रममा उहाँको संगीत-सिर्जनाको पाटोलाई हेर्नुपर्छ । दिमागबाट नभई मुटु पगालेर निकालेको सिर्जना र रचना नै मूल्यवान् हुन्छ, गोपाल दाइ त्यस्तै गहिराइबाट जाग्ने साधक हुन् । त्यस जमानामा संगीतकार आफैँ एरेन्जर हुन्थ्यो, काम पनि थोरै हुने भएकाले ध्यान दिन असम्भव हुँदैनथ्यो । एरेन्जर हुन सबै वाद्ययन्त्रमा पकड हुनुपर्छ, गोपाल दाइमा त्यो खुबी थियो ।

नेपाली संगीतमा गोपाल दाइ एकै जनाले शास्त्रीय, लोक, पप, र आधुनिक भाका गरेर जति विविधता दिनुभएको छ, अरू कसैले दिएका छैनन् । यसलाई सांगीतिक जगत्ले बिर्सिएर पनि बिर्सिन मिल्दैन । ●

जब मानिस बाध्यताले बाँधिन्छ, उसका रहर इच्छा, आकांक्षाकाई सम्बन्धका डोरीहरूले जबर्जस्ती बाँध्छन्, तब उसमा हीनताबोध हुन्छ । इच्छाविरुद्ध गरिएका कुनै पनि कार्यले सफलता हासिल गर्न सक्दैन । अनि फेरि असफलताका कारण आत्मबल र आत्मविश्वासमा ह्रास आउँछ ।

प्रश्नोत्तर

म ४० वसन्त पार गर्ने लागेको मान्छे परें । मैले विवाह गरेको पनि झन्डै १७ वर्ष पुग्न लागेछ । सुरु-सुरुका दिनबाहेक मैले उनलाई मनदेखि माया गर्न सकिनँ । हरेक घरायसी क्रियाकलापमा कुरा नमिल्ने त छँदैछ, कुनै पनि विषयमा कुरा मिल्दैन । हरेक प्रयास गर्दै सँगै बस्ने समय मिलायो, तुरुन्तै झगडा भइहाल्छ । हाम्रा दुई सन्तान पनि छन् । कठोर निर्णय लिन पनि अलि गाह्रो छ । आजभोलि सोच्दै छु, छुटि्टने वा पारपाचुके नै गर्ने । मेरा लागि अब उपयुक्त बाटो के होला ? सुझाव पाए आभारी हुने थिएँ ।

- कृष्णजङ MD, USA

प्रश्नका लागि धन्यवाद । मानिस स्वतन्त्र जन्मिन्छ । जब ऊ विस्तारै बढ्दै जान्छ, उसको स्वतन्त्रता घट्दै जान्छ । उसका बन्धनहरू बढ्दै जान्छन् । सामाजिक, नैतिक, पारिवारिक, राजनैतिक, अर्थिक, धार्मिक, कानुनी बन्धनहरूले मानिसलाई उमेरसँगै बाँध्ने गर्छन् ।

कतिपय बन्धनहरू मानिसका लागि स्वस्थकर हुन्छन् । जसका कारण उसले आफूलाई सुरक्षित, महत्वपूर्ण र जिम्मेवार महसुस गर्छ । व्यक्तित्व विकासमा थप ऊर्जा पाएका कारण गतिशील हुन्छ । उसले बन्धनमा पनि स्वतन्त्रताको अनुभव गर्न सक्छ । मानिसले आफ्नो रहरले सम्बन्ध जोड्दा बन्धनलाई स्वीकार गर्न सक्छ र बन्धनभित्रै आफ्नो अस्तित्व जोगाउन सिक्छ । अस्तित्व बचेका कारण ऊ आफूसँग सन्तुष्ट हुन्छ र उसको सम्बन्धमा पनि मिठास आउँछ ।

जब मानिस बाध्यताले बाँधिन्छ, उसका रहर इच्छा, आकांक्षाकाई सम्बन्धका डोरीहरूले जबर्जस्ती बाँध्छन्, तब उसमा हीनताबोध हुन्छ । इच्छाविरुद्ध गरिएका कुनै पनि कार्यले सफलता हासिल गर्न सक्दैन । अनि फेरि असफलताका कारण आत्मबल र आत्मविश्वासमा ह्रास आउँछ । आत्मबल घट्नाले अरूबाट उपेक्षित हुने डर र शंका बढ्छन् । हरेक नराम्रा घटनाका लागि आफैंलाई दोष दिने कारण आफैंलाई घृणा गर्न थाल्छ । अनि आफैंले घृणा गरेका कारण अरूको प्रेमलाई पनि महसुस गर्न सक्दैन । जसका कारण तनाव उत्पन्न हुन्छ र सम्बन्धमा गिरावट आउँछ । आफैंसँग तनावग्रस्त रहेको मानिस अरूसँग घुलमिल गर्न सक्दैन । ऊ एक्लो भएको महसुस गर्न थाल्छ र विस्तारै सबैसँग अलगिएर बस्न थाल्छ । यसरी एक्लै बस्दा उसको मनमा अनेकथरि नराम्रा सोचविचार आउन सक्छन् अनि उसमा समस्या देखापर्न सक्छ ।

यस्तो अवस्थामा अरूले पनि उसलाई अपहेलना गर्ने, गाली गर्ने, दोष लगाउनेजस्ता क्रियाकलाप गऱ्यो भने त झन् उसमा विषाद (डिप्रेसन) नै उत्पन्न हुनसक्छ । त्यसैले यस्तो अवस्थामा उसका कुराहरू सुनेर उसलाई साथ दिनुपर्छ । उसलाई उसको महत्व र अस्तित्व बुझाइदिनुपर्छ । उसलाई बुझ्नुपर्छ र उसका भावनालाई कदर गर्नुपर्छ ।

मानिसको सबैभन्दा ठूलो शक्ति उसको सोचमा हुन्छ । जब उसले आफूलाई महत्वपूर्ण र जिम्मेवार सोच्छ, त्यतिबेला ऊ जतिसुकै जटिल काम गर्न पनि सबल र सफल हुन्छ । त्यसैगरी, जब मानिसले आफूलाई व्यर्थ, कमजोर अनि अस्तित्वहीन सोच्छ, उसको सोचका कारण उसको शक्ति साँच्चै नाश हुन्छ र ऊ कमजोर बन्न पुग्छ । ऊ एक्लो महसुस गर्न पुग्छ र असक्षम हुन पुग्छ ।

त्यसकारण मानिसले ठीक समयमा सही विचारलाई सही ढंगले सोच्यो भने उसमा सकारात्मक शक्तिको विकास हुन्छ र ऊ आफ्नो सोचअनुसार कार्य गर्न सफल हुन्छ । सफलताका कारण उसको अस्तित्व जोगिन्छ । यसरी ऊ आफूसँगै खुसी हुन्छ । फलस्वरूप ऊ अरूलाई पनि खुसी दिन सक्छ । आफ्नो अस्तित्व सँगसँगै अरूको अस्तित्वको पनि कदर गर्न सक्छ जसका कारण सम्बन्धमा सुधार आउँछ ।

रामप्रसादजी, तपाईं एकदमै सक्षम व्यक्ति हुनुहुन्छ । तपाईंले आफ्नो जिन्दगीको लामो समय अर्काका लागि दुःखमा बिताउनुभएको छ । श्रीमती र छोराछोरीप्रतिको जिम्मेवारी महसुस गरेर आफ्नो व्यक्तिगत खुसीलाई त्याग गर्नुभएको छ । यसर्थ, तपाईं अत्यन्तै सहनशील र धैर्यवान् हुनुहुन्छ । तपाईंको श्रीमतीसँगको सम्बन्ध राम्रो नभएको कारण तपाईंलाई दुःख भइरहेको छ । आफूले दुःख पाएको अवस्थामा, जिन्दगी गुजार्नुपरेको बेलामा श्रीमतीसँग रिस उठ्नु, छोडेर एक्लै बस्न पाए हुन्थ्यो भन्ने सोच आउनु स्वाभाभिक हो । लामो समयसम्म निरश जिन्दगी बाँच्नु अत्यन्तै कठिन कार्य हो । यसर्थ पनि तपाईं संघर्षशील र आशावादी हुनुहुन्छ ।

सबैभन्दा महत्वपूर्ण कुरा तपाईंहरूको सम्बन्ध राम्रो नहुनुको कारण क हो ? के कुराले तपाईंहरूलाई नजिक हुनबाट रोकिरहेको छ ? अनि अर्को महत्वपूर्ण कुरा भनेको तपाईंहरू बीचमा यो विषयलाई लिएर केही छलफल भएको छ कि छैन ? यदि, छ भने कस्तो छलफल भएको छ ? छैन भने के कारणले भएको छैन ? तपाईंहरूको दैनिक जीवन कसरी बितिरहेको छ ? कति समय सँगै बिताउनुहुन्छ ? तपाईं के काम गर्नुहुन्छ ? कति समय गर्नुहुन्छ ? तपाईंकी श्रीमती के काम गर्नुहुन्छ र कति समय गर्नुहुन्छजस्ता विषयमा पनि गम्भीर भएर सोच्नुहोस् । तपाईंको रुचि तथा चाहना के हो ? तपाईंलाई के गर्न मन लाग्छ ? अनि मनलागेको काम गर्न कति सफल हुनुहुन्छ ? भन्नेजस्ता कुरालाई पनि ध्यान दिनुहोस् । तपाईंको पारिवारिक समस्याले तपाईंको स्वास्थ्यमा केही असर परेको छ कि छैन ? छोराछोरीलाई तपाईंहरूको सम्बन्धको बारेमा थाहा छ कि छैन ? छ भने कति हदसम्म थाहा छ ? उनीहरूको प्रतिक्रिया कस्तो रहने गरेको छ भन्ने कुराले पनि महत्व राख्दछ । त्यसैगरी, तपाईंको

श्रीमतीको इच्छा, उनको व्यक्तित्व तथा प्रकृतिका साथै उनको भावना कस्तो छ भन्ने कुरा पनि विचारणीय छ ।

एकपटक शान्त वातावरणमा एक्लै बसेर आफ्ना हरेक सानासाना इच्छा, रहर र खुसीहरूको बारेमा सोच्नुहोस् । आफ्नो बानीव्यवहारको बारेमा पनि मनन गर्नुहोस् । आफूले गर्ने हरेक कार्यलाई विचार गर्नुहोस् । आफूभित्रका चाहनालाई बुझ्नुहोस्, आफ्नो व्यक्तित्व चिन्नुहोस् र आफ्ना सबै क्षमताको पहिचान गर्नुहोस् । स्वास्थ्य, रुचि, चाहना, अठोट, संकल्प, विश्वास, आत्मसम्मानको अवस्थाको बारेमा विचार गर्नुहोस् । साथै खानपिन, व्यायाम, स्वहेरचाहको अवस्थाप्रति पनि गम्भीर हुनुहोस् अनि आफू कति सन्तुष्ट छु भन्ने प्रश्न आफैंलाई गर्नुहोस् ।

यसरी तपाईंलाई आफ्नो बारेमा सूक्ष्म-सूक्ष्म कुराको पहिचान हुनेछ । तपाईंको सम्बन्ध राम्रो नहुनुको कारण पनि पत्ता लाग्न सक्छ । जब समस्याको कारण पत्तालाग्छ, तुरुन्तै समाधानको उपाय पनि पत्ता लाग्न सक्छ । त्यसो हुँदा तपाईंको समस्याको समाधान भेटिन्छ । यदि, यति गर्दा पनि तपाईंमा कुनै परिवर्तन आएन र समस्याले तपाईंलाई सताइरह्यो भने तपाईंले यथाशक्य छिटो नजिकको मनोविमर्शकर्तासँग सम्पर्क राख्नुहोला । मनोविमर्शपश्चात् तपाईं आफूलाई खुसी पाउनुहुनेछ । धन्यवाद । ●

मनोविमर्श (साइकोसोसियल काउन्सिलिङ) को आधारभूत तालिम हुन गइरहेको हुँदा इच्छुक व्यक्तिहरूलाई सम्पर्क गर्न अनुरोध गर्दछौं ।

तामिम अवधि : १४ हप्ता **तालिम सुरू हुने मिति** : असारको तेस्रो हप्ता **समय** : १० देखि ४ बजेसम्म

अन्तरंग साइकोसोसियल काउन्सिलिङ एन्ड ट्रेनिङ इन्स्टिच्युट

धापासी, काठमाडौं (राममन्दिरको नजिक)

फोनः ४३६००३५, ४३८६२८४

पोस्ट बक्सः ११७७७

Meridien

eduTech International

METI

Sduty Abroad

Test Preparation

Language Class

Computer Course

Bag Bazar, Kathmandu, Nepal, Phone 4265891, 2012610

info@meridien.com.np # www.meridien.com.np

गजल

—ललिजन रावल

जस्तो कुरा सुने पनि बजी हाल्छ ताली
अलि ढिलै बुरुछौं हामी साँचो हो कि जाली

अन्धकार चिर्नलाई काला रात टेक्दै
कतिकति हिँड्यौं हामी मशालहरू बाली

बिना साँवा अरुै कति ब्याज मात्रै खान्छौ
देखिरा'छु सधैं तिम्रो त्यो हाली मुहाली

बाध्यता र वेदनाका सुस्केरा दिएर
कसले सधैं चोरी लान्छ ओठका ती लाली

फूलबारी जस्तै सुन्दर हुन्छ हाम्रो देश
हामी आफैं फूल बनौं आफैं बनौं माली

कुनै बिहान एउटा नौलो सूर्य उदाउला
स्वागतमा बसी राख सजाएर थाली

राजेन्द्र थापाका

छोटा दुई कविता

घोडा र सवार

घोडालाई गाह्रो पर्दैन
घोडाले सवार छान्नुपर्दैन
सवारले घोडा छान्छ ।
जनतालाई गाह्रो छ
चुनावमा भोट हालेर
पाँच वर्षका लागि,
आफ्नो सवार छान्नुपर्छ ।
कमैयाले माघीमा मालिक छान्ने भाग्य
पाएजस्तै ।

सुत्छ

वच्चा दिनभरि सुत्छ,
रातभरि उठ्छ
र आमालाई सताउंछ,
मेरो सपना पनि दिनभरि सुत्छ,
रातभरि उठ्छ
र, मलाई सताउँछ ।

आलंकारीक नागरिक

अशोक राई
-हङकङ

मिर्मिरे बिहानीमा
रातो प्रभातले चिहाएपछि
नीलो समुद्रपारि
थुम्का-थुम्की पहाडहरू
बिहान निद्रामा उठेर
आँखा मिच्दै गरेका
साना नानीहरू जस्तै लाग्छन्
ठीक केही माथि उचाइमा
काला र हल्का बादलका टुक्राहरू
काउलन गाँउतिर
निस्फिक्री लम्किरहेछन्
तल कैंचे परेका सडकमा रंगीन मोटरहरू
अथक यात्रा भरिरहेका छन्
क्षण अन्तरमा
दृश्यहरू फेरिन्छन्
म भने यतिखेर जे.पी. मोर्गेनको
सत्ताइस तला माथिबाट
जिजीविषाको रंङ नियाली रहेछु ।

जीवनको चौहद्दी
घटनाहरूको आगमन अनि बहिर्गमन
दूर सहरका अनेक झाँकीहरू
हेभीवेट गाडीहरूको भार
त्यो अकासेपुलको पीडा ।

टायम स्क्वाएर छेउको घडीले
सधैं हतारो लाउँछ
अधुरो निद्रा लिएर
१४ नं बसतिर लम्कँदै गर्दा
उसले मलाइ सधैं जिस्क्याउने गर्छ
जहिले जहिले अपूग
सधैं सधैं दौड्धूप
अलार्म समयले लगाएको घुर्की ।

मसँगै उभिएकोछ मजस्तै
तनावग्रस्त टावरहरू
त्यही टावरमा झुन्डिएको छ
अरू गन्डोला जीवन र
ड्रिलले हानेको दिमाखहरू
कैदी छन् दिन अनि कैदी छन्
रातको युक लीनले बटुल्दै गरेको
सुकेका पातजस्तै रंगहीन ।

साकेला आउँछ
चासोक तङनाम आउँछ
ल्होसार आउँछ
ताइमोसान र मंकी हिल रमाउँछन्
क्रिसमस र न्यू इयरसितै
राता फूलहरू सजिन्छन् गेटहरूमा
जंगलमै फुल्छन् टाँकी र शिरीष फूल
अत्तरको तीखो बासना ग्यारेजको
दुर्गन्धसित मिसिन्छ
झोलाभित्रको नुडल्स फिस्स हाँस्छ
कफीले पोल्छ आँत ।

अकासे टावरको पारिपट्टि
कुदिहिँड्ने बादलका टुक्राहरू
मानौं कसैको
नीराकार सपना हो
चरम रापहरूमा
चट्टान फोरिरहेको
कुनै श्रमजीवी मान्छेको
कहिले मिलेनियर बनाउन नसकेको
मार्कसिक्स्को ज्याक्पोट प्राइज् जस्तो ।

कुनै आलंकारिक देशको
आलंकारिक नागरिक
इतर भूगोलको
यान्त्रिक सहरभित्र
यसरी नै
खण्डित सपनाहरू र
विघटित मूल्यहरूको
सालाखाला समय बाँच्ने गर्छ
२४ घन्टे सेभेन लेभेन र म्याक्डोनल जस्तै
बेहिसाब समय बाँच्ने गर्छ ।

गजलकृतिको विमोचन

गजल लेखनमा एक दशकदेखि क्रियाशील युवा गजलकारद्वय विभोर बराल र सप्रेम अर्चनाको छुट्टाछुट्टै दुई गजलकृतिको एक कार्यक्रमबीच राजधानीमा विमोचन गरियो। विभोर बरालको 'उड्दै गए सपनाहरू' र सप्रेम अर्चनाको 'सपना कहाँ छुन सक्छु र !' कृतिको अग्रज गजलकारहरू क्रमशः ज्ञानुवाकर पौडेल र ललिजन रावलले गत जेठ २३ गते शनिबार आरोहण गुरुकुलमा विमोचन गर्नुभएको हो। लेखक, गजलप्रेमीहरूको बाक्लो उपस्थिति रहेको कार्यक्रममा विमोचित कृतिका सर्जकद्वयले आ-आफ्ना कृतिका केही गजल वाचन गरेर सुनाएका थिए। दुवै कृति पाँच वर्षदेखि अनलाइन पत्रकारितामा सक्रिय रहँदै आएको वेब पोर्टल तन्नेरी डट कमले प्रकाशन गरेको हो।

तन्नेरी डट कम र गजल गतिविधिमा क्रियाशील संस्था अनाममण्डलीको आयोजनामा भएको उक्त कार्यक्रमको अर्को आकर्षणको रूपमा रहेको गजल गायनमा गायकहरू रमेश पोखरेल, मिलन सिंह, निर्मल 'म', मदन गोपालले आफ्नै संगीतमा भने सञ्जय तुम्रुक लिम्बू र मनिषा पोखरेलले विकास चौधरीको संगीतमा विमोचित किताबकै छानिएका गजलहरू गाएर उपस्थित गजलप्रेमीहरूलाई मुग्ध बनाएका थिए। सांगीतिक गजल कार्यक्रमको उक्त शृंखलामा तबलामा जीवन राई र गिटारमा सन्जु शाहीले साथ दिएका थिए।

अविस्मरणीय रङहरू

पाँच अग्रज कलाकार। भित्तामा टाँगिएका क्यानभासले ज्यान पाएका छन्। जेठ अन्तिम साता बबरमहलस्थित नेपाल आर्ट काउन्सिलको ग्यालरी हलमा यस्तै रोमाञ्चकताबीच दर्शकहरूले रङ र कुचीको पाको स्वाद चाखे। युवा चित्रकार देवेन्द्र थुम्केलीको संयोजनमा भएको 'द अनफर्गेटेबल इमेजेज' शीर्षकको कलाप्रदर्शनीमा अग्रज कलाकारहरू कर्णनरसिंह राणा, डीबी चित्रकार, वत्सगोपाल वैद्य, मदन चित्रकार र डा. सीमा शर्मा शाहका कलाहरू राखिएका थिए।

काठमाडौं विश्वविद्यालयमा बीएफए (ब्याच्लर अफ फाइन आर्ट्स) अन्तिम वर्षमा अध्ययनरत थुम्केलीले त्यही पढाइअन्तर्गतको शोधपत्रका लागि उक्त प्रदर्शनी प्रस्तुत गरेका हुन्। एक सातासम्म चलेको प्रदर्शनीमा नौ हजार अवलोकनकर्ताले भ्रमण गरेको आयोजकले बताएको छ। प्रदर्शनी थुम्केली अध्यक्ष रहेको सिर्जना मझेरी प्रतिष्ठानको आयोजनामा भएको हो।

प्रयोगशील कविता



विभिन्न कलेजमा अंग्रेजी साहित्य प्राध्यापनरत प्रकाश सुवेदी हालै 'स्टार्स एन्ड फायरफ्लाइज' कविताकृतिमार्फत विद्यार्थीको सानो हुलबाट बौद्धिक पाठकमाझ पेस भएका छन्। जम्मा ४९ ओटा कविता सँगालिएको किताबमा उनले प्रयोगशीलतालाई नै आफ्नो कवित्व बनाएको देखिन्छ। शब्दविहीन वर्गाकार कालो बाकसको रूपमा राखिएको पहिलो कवितादेखि उस्तै वर्गाकार सादा बाकसमा आएर उनले कविताक्रम टुंग्याएका छन्। त्यसमध्ये छोटोमा तीनहरफे कविता पनि पढ्न पाइन्छ। अंग्रेजीमा लेख्ने नेपाली लेखकहरूको समाज (एनडब्ल्यूइएन) ले प्रकाशन गरेको किताबको मूल्य ११० रुपैयाँ राखिएको छ।

गजलको समकालीन स्वरूप

पर्वतका युवा गजलकार आरके अदिप्त गिरीको सम्पादनमा 'ई-समकालीन नेपाली गजल' निस्किएको छ। नेपाली साहित्यमा गजललाई भित्र्याउने मोतीराम भट्ट र उनका समकालीनहरूका गजलसहित पछिल्ला पुस्ताका गजलहरूलाई समेटिएको कृतिमा दुई सय ८२ जना गजलकारका गजलरचना संग्रहित छन्। सम्पादकको कलमबाट गजलमा समकालीनताबारे १६ पेज लामो नालीबेली खोतलिएको कृतिमा उनले पछिल्लो समयमा गजल-लेखनमा बढ्दो सर्जक-सक्रियताका कारण सबैलाई अटाउन नसकिएको स्विकारे पनि समकालीन गजलको स्वरूप उतार्ने यस कृतिको प्रयास प्रशंसनीय छ।

गजलमा नेपालीपनको बहस चलिरहेको पछिल्लो समयमा यस सँगालोले प्रतिनिधि नेपाली गजलको चिनारी बनाउन बल पुर्‍याउने देखिन्छ। ऋतुरंग साहित्य प्रतिष्ठान-पर्वतले प्रकाशन गरेको उक्त पुस्तकको मूल्य २०० रुपैयाँ राखिएको छ।

नेपालमा चे ग्वेभारा



चे ग्वेभाराले आफ्नो ल्याटिन अमेरिकाको भ्रमणलाई लिएर लेखेको पुस्तक 'मोटरसाइकल डायरिज'को नेपाली अनुवाद बजारमा आएको छ। मेडिकल डिग्री हासिल गर्नुअघि, क्युबामा गुरिल्ला युद्ध थालेर सफलता पाई फिडेल क्यास्ट्रोको मन्त्रिमन्डलमा उद्योगमन्त्री बन्नुअघि चेले साथी अलबर्टो ग्रानाडोसँग सन् १९५१ र ५२ को बीचमा मोटरसाइलमा उक्त भ्रमण गरेका थिए।

२३ वर्षको तन्नेरी उमेरमा संसार बुझ्न भनी यात्रामा हेलिएका उनले यात्राक्रममा भेटिएका आम जनमानसको धरातलीय यथार्थ बुझ्ने मौका पाएका थिए। त्यही यात्राकथालाई सिलसिलेवार रूपमा उनले पुस्तकाकारमा उतारेका छन्। उक्त पुस्तकको नेपाली अनुवाद स्वर्णिमा श्रेष्ठले गरेकी हुन्, भने सम्पादन सिद्धिश्वरमान श्रेष्ठले गरेका छन्। डायरी ४४ शीर्षकमा फैलिएको छ। ११६ पृष्ठको पुस्तकको मूल्य ८० रुपैयाँ छ। अनुवादमा अनुवादिकाले नेपाली रङ दिएको पाठकले अनुभव गर्न सक्छन्।

दण्ड



सिमस हिनी

पछिल्ला दिनहरूमा उनले रचना गरेका कविताहरूमा काव्य संरचनाका सास्त्रीय झन्झटबाट आफैंलाई मुक्त राख्दै हिनी विचारको प्रधानतामा बढी केन्द्रित भएको पाइन्छ ।

म अनुभव गर्न सक्छु,
उनका घाँटीमा बाँधिएको डोरीको
खिँचाइले दिएको पीडाको,
उनको नग्न नितम्बमा बतावसले हानीरहेको ।
यसले पोल्छ उनका स्तनलाई
र जलाउँछ अँगारजस्तै पारेर,
अनि हल्लाउँछ,
उनका कमजोर करङहरूको जग ।
म देख्न सक्छु
दलदलमा भासिएको
उनको सुकेको जिउ,
गोडामा बाँधिएको ढुंगो र
उत्रिइरहेका भाटा र हाँगाहरू ।
जसमुनि, सुरुमा उनी
फगत एक बिरुवा थिइन्,
काठको बाक्साभित्र बन्द ।
उनको खौरिइएको टाउको,
मकैका सुकेका काला ढोडजस्तै,
उनका आँखामा कालो, मैलो पट्टि
र उनको इँजार
विस्मृत प्रेमलाई संगाल्ने
फगत एउटा धागो ।
सानी पातकी !
तिमीलाई दण्डित गर्नुभन्दा अघि,
तिमी सुनकेसरी थियौ,
र कुपोषित,
अनि तिम्रो कालो अनुहार, सुन्दर थियो ।
मेरी प्यारी बलिकी बाखी !
तिम्रो अवस्था देख्दा
कताकति मलाई पनि
अलिअलि रामइलो नलागेको भने हैन ।
मलाई थाहा छ अरूले जस्तै,
मौनतामै सही,
तिमीलाई ढुंगा हान्नेथिएँ मैले पनि ।
म एउटा कलात्मक दर्शक हुँ
तिम्रो उदांगिको मस्तिष्कको
कालै डामिएको तिम्रो तालुको
तिम्रा मांशपेसीहरूको,
र तिम्रा उदांगा करङहरूको ।
निःशब्द उभिएको म
रेलिङमा बाँधिएका
तिम्रा धोकेबाज दिदीहरूको रोदन
सुनिरहेको छु ।
हो हामीहरू जस्ताले नै हो
युद्धको वकालत गर्ने,
सभ्य प्रतिशोधका लागि;
यद्यपि, हामीलाई राम्ररी थाहा छ,
आदिम्, आत्मीय प्रतिशोधको मर्म ।

क्याथोलिक बाबुआमाबाट सन् १९३९ मा आयरल्यान्डमा जन्मेका कवि सिमस् हिनीले प्रारम्भिक शिक्षा आफ्नै देशमा सकेपछि बेलायतको क्विन्स विश्वविद्यालयबाट साहित्यमा उच्च शिक्षा प्राप्त गरे । पछि उनले हवार्ड, मसाच्युसेट र ओक्सफोर्डजस्ता विश्वविद्यालयमा प्राध्यापन पनि गरे । १९९४मा उनी पुनः आयरल्यान्ड फर्के र बँचेको समय साहित्य सिर्जनामा समर्पित गर्न लागे । कविताकृतिका अतिरिक्त हिनीले समालोचना र काव्यसिद्धान्तका बारेमा पनि थुप्रै पुस्तकहरू लेखेका छन् । विश्व साहित्यमा उनले दिएको योगदानको उच्च कदर गर्दै सन् १९९५मा उनलाई विश्वकै सर्वोच्च पुरस्कार, नोबेल पुरस्कारद्वारा सम्मानित गरियो ।

हिनीका प्रारम्भिक कविताहरूमा ग्रामिण जीवनका प्रेमिल प्रसंगहरू पाइन्छन् । उनी विलियम बट्लर येट्स्, रोबर्ट फ्रोस्ट, टेड ह्युजेस्, र पेट्रिक काभानागजस्ता मूर्धन्य स्रष्टाहरूबाट प्रभावित भएको कुरा सजिलै थाहा पाउन सकिन्छ । विस्मृत अतीत र इतिहासका स्वर्णिम विम्बहरू उनको साहित्यिक रचनाका विषयवस्तुहरू हुन् । आइरिसहरूको उद्भव र उद्गमसँग सम्बन्धित मिथक र दन्तेकथाहरूले उनका रचनाहरूमा यथेष्ट स्थान पाएका छन् । पछिल्ला दिनहरूमा उनले रचना गरेका कविताहरूमा काव्य संरचनाका शास्त्रीय झन्झटबाट आफैंलाई मुक्त राख्दै हिनी विचारको प्रधानतामा बढी केन्द्रित भएको पाइन्छ ।

प्रस्तुत कविता दण्डमा कविले यौन दूराचारको (सम्भवतः समलिंगी भएको) आरोप लागेर दण्डित गरी भासमा गाडिएकी एउटी जर्मन तरुनी केटीहरूको लासका कारुणिक दृष्यहरूको चर्चा गरेका छन । अनुमानित पहिलो अंग्रेजी शताब्दीतिर गाडिएकी उक्त युवतीको लाश एकजना समाजसास्त्री पी.भी. ग्लोबले सन् १९५१मा आफ्नो अनुसन्धानको क्रममा एउटा भासमुनि फेला पारेका हुन् । प्रस्तुत चित्रणका आधारमा त्यो केटी निर्दोष भएको अनुमान सहजै लगाउन सकिन्छ । अनैतिक यौनजन्य क्रियाकलापमा संलग्न भएको आरोप लागेकी उक्त युवतीलाई निर्घात कुटपिट गरी चरम यातना दिएर निर्वस्त्र पारी मृत अवस्थामा गाडिएको थियो । कवि हिनीले उक्त विभत्स विम्बलाई समाई अन्धविश्वासका आधारमा निर्दोषहरूलाई दण्ड दिने परामपराप्रति व्यंग्य गरेका छन् ।

अनुवादः महेश पौड्याल 'प्रारम्भ'

पूर्णता नपाउँदै ढल्ने खतरा

पदम गौतम

बीपीको समाजवादको नारा लगाए पनि अहिलेको कांग्रेसको मूलधार भने त्यसबेला वैचारिक दरिद्रता र संगठनको अभावमा रहने छ । त्यसबेला कांग्रेसलाई भर गर्ने विदेशी शक्तिहरु एमालेलाई विश्वास गर्न थाल्नेछन् ।

प्रजातान्त्रिक इतिहासमा पहिलोपटक हार्नेहरूको चलखेल र बाहुल्यमा बनेको सरकार मन्त्रीहरूको शपथ नसकिँदै दुर्घटनाको नजिक पुगेको छ । यो घीनलाग्दो राजनीतिक चलखेलका कारण सरकारमात्र नभएर मुलुकका मुख्य राजनीतिक पार्टीहरू विभाजित हुन थालेका छन् । र, शान्ति प्रक्रिया ओझेलमा परेको छ ।

नयाँ सरकारको गठनसँगै मुलुकका राजनीतिक शक्तिहरू विभाजित हुन थालेका छन् । उप-प्रधानमन्त्री विजयकुमार गच्छेदार आफ्ना सहयोगीसहित पार्टीबाट निकालिएका छन् भने नेपाली कांग्रेसमा पहिलोपटक गिरिजाप्रसाद कोइरालाविरुद्ध सहयोगीकै मोर्चाबन्दी सुरु भएको छ । कांग्रेसी नेताहरू पार्टी नेतृ सुजाता कोइरालाविरुद्ध सार्वजनिक स्थानमा बोल्न थालेका छन् । उनीहरू सुजातालाई पार्टीको तर्फबाट सरकारको नेतृत्वमा पठाइएकोमा सरकारविरुद्ध खुलेर लाग्ने अभियानमा देखिएका छन् । निर्वाचित सरकारलाई अपदस्त गरेर थालिएको गठबन्धन सुरुमै संकटमा परेको छ । र, मुलुकका कतिपय मूल मुद्दाहरू अब अन्यत्र मोडिन थालेका छन् ।

मधेसको मसिहाका रूपमा उदाएको मधेसी जनअधिकार फोरम विभाजित भएको छ । अन्य पार्टीहरूबाट विद्रोह गरेर प्रभावशाली बनेको उक्त संगठनभित्रकै विद्रोहले चरम संकट निम्त्याएको छ । पार्टी विभाजनसँगै मुलुकको भविष्यमा गम्भीर अर्थ राख्ने मधेस स्वायत्त प्रदेश पनि अलपत्र परेको छ । यसअघि नै सो नाराको विरोध गर्दै आएका गच्छदारका कारण पार्टी विभाजित भएपछि यस्तो अवस्था आएको हो । उनले केही मधेसी, फोरमभित्रका पहाडे तथा थारू समुदायको रुचिअनुसार सो मुद्दा इतिहासमा सीमित पारेका छन् । यसलाई अहिलेको राजनीतिक खिचातानीको दीर्घकालीन असरका रूपमा हेर्नुपर्ने हुन्छ । यद्यपि यसको औपचारिक रूप भने देखिएको छैन । तर, फोरममा देखिएको विभाजनसँगै तमलोपाले सरकार र मैदान दुवैतिर सक्रियता बढाउने घोषणा गरेको छ । मधेसको राजनीतिका जानकारहरू तमलोपाको यो निर्णयलाई पनि गम्भीर अर्थ लाग्ने घटनाका रूपमा हेर्छन् ।

कांग्रेसमा माओवादीले उठाएको नागरिक सर्वोच्चताबारे पनि बहस सुरु भएको छ । एक दशकअघि संविधानसभाको मुद्दा पार्टीमा स्थापित गराउन पहल गर्ने नरहरी आचार्यको समूहले यो मुद्दा फेरि बहसमा ल्याएको हो । सो समूहले माओवादीले सरकार छोड्दा उठाएको नागरिक सर्वोच्चताको विषय कांग्रेसमा उठाउनुले भविष्यमा यो पार्टीमा माओवादीको मुद्दा बोक्नेहरूको समूह सक्रिय हुनेछ भन्ने देखाउँछ । किनकि माओवादीको व्यवहार जस्तो भए पनि उसले जनताका मुद्दा नै उठाएर राजनीति गरिरहेको छ । भूमिसुधारलगायतका मुद्दाहरूमा कांग्रेसमा यसअघि नै यो समूहले माओवादी नजिकको विचार स्थापित गरिदिएको छ । अर्कोतिर कांग्रेस नेतृ सुजाता कोइरालाको समर्थन र विरोधले गिरिजाप्रसाद कोइरालाको अवसानपछि कांग्रेस वैचारिक, व्यावहारिक र रणनीतिक हिसाबले टुक्रा-टुक्रा हुने करिब-करिब निश्चित छ । सम्भवतः उनको अवसानपछि कांग्रेसको एउटा समूह माओवादीको मुद्दा बोक्ने प्रजातान्त्रिक पार्टी बन्नेछ । बीपीको समाजवादको नारा लगाए पनि अहिलेको कांग्रेसको मूलधार भने त्यसबेला वैचारिक दरिद्रता र संगठनको अभावमा रहने छ । त्यसबेला कांग्रेसलाई भर गर्ने विदेशी शक्तिहरू एमालेलाई विश्वास गर्न थाल्नेछन् ।

माओवादी र कांग्रेसको विकल्प बन्ने सम्भावना बोकेर बसे पनि एमाले हरेक विषयमा बिचौलिया बन्ने मानसिक रोगबाट ग्रस्त देखिन्छ । मुलुकका कुनै पनि विषयमा उसको प्रस्ट धारणा छैन भन्दा पनि हुन्छ । प्रधानसेनापति प्रकरणमा उसले दिएको सुझावले नै सो पार्टीको चरित्र देखाउँछ । एमालेले सो मुद्दामा प्रधानसेनापति रुक्मांगद कटवाल र रथी कुलबहादुर खड्का दुवैलाई कारबाही गर्न सुझाव दिएको थियो । त्यस्तै, कटवाललाई कारबाही गर्ने विषयमा पनि एमालेले माओवादीलाई पहिला समर्थन गरेर पछि धोका दिएको थियो । हरेक मुद्दामा यो शैली र चरित्रले पार्टीको भविष्य नै खतरामा परेको छ । नेताहरू पनि दुईवटा फरक-फरक धारमा विभाजित हुन थालेका छन् । हाल शक्तिशाली बनेका नेता केपी ओलीको दबाबमा रक्षामन्त्री बनेकी विद्या भण्डारीले प्रधानमन्त्री माधव नेपालको निर्देशनको अवज्ञा गर्न थालेकी छन् । गृहमन्त्री छनोटको विवाद, सरकारलाई पार्टी महासचिव झलनाथ खनालको बेवास्ताजस्ता कारणले पनि एमालेबाटै यो सरकारलाई टिकाउने काम हुने देखिँदैन । कुनै पनि बेला कुनै पनि मुद्दामा एमाले विभाजित हुने खतरा अझ बढेको छ । अझ कुनै समयमा कांग्रेस र कुनै समयमा माओवादीको नजिक पुग्नुपर्ने उसको राजनीतिक बाध्यताले गर्दा एमालेका समस्या अझ बढी गहिरा किसिमका छन् । बरु त्यहाँ माओवादीविरोधी धार र सन्तुलित धारको ध्रुवीकरणले गुटको रूप लिन बाँकी छ ।

शान्ति प्रक्रिया र जनताका मुद्दामा काम गर्ने सवालमा त अझ यो सरकार निकै अलोकप्रिय बन्ने निश्चित छ । तराईका सशस्त्र समूहहरू माओवादीको सरकारप्रति भन्दा निकै आक्रामक अभिव्यक्ति दिन थालेका छन् भने पहाडी क्षेत्रका समूहहरू पनि त्योभन्दा अलग सोचमा छैनन् । संविधान निर्माण बिस्तारै ओझेलमा पर्न थालेको छ । सबैभन्दा बढी त सरकारले नेपाली जनताविरुद्ध खुलेर गद्दारी गरेको छ । दाङबाट भारतीय सुरक्षाकर्मीका कारण विस्थापित हजारौं जनता भोक र रोगले छटपटाएको समयमा परराष्ट्रमन्त्री सुजाता कोइरालाले प्रतिक्रिया दिँदै भनिन्- भारतले केही गरेको छैन, नेपालीले हल्लामात्र गरेका हुन् । यो घटनाले कांग्रेस वा एकालेका मतदातासमेत स्तब्ध र लज्जित भएका छन् । ●

तन्नेरी-इमरी
भ्रमण प्रतियोगिता २

फुर्सतको समय कुन स्थानमा बिताउन चाहनुहुन्छ ? (कुनै ३ छान्नुहोस्)

- [ ] नगरकोट
- [ ] धुलिखेल
- [ ] दामन
- [ ] पोखरा
- [ ] पाल्पा
- [ ] मनकामना
- [ ] बन्दीपूर
- [ ] लुम्बिनी
- [ ] गोरखा
- [ ] इलाम
- [ ] चितवन राष्ट्रिय निकुञ्ज
- [ ] बर्दिया राष्ट्रिय निकुञ्ज

तपाईंको भ्रमण प्रायः कति लामो हुन्छ ?

- [ ] १ दिने
- [ ] १ रातको प्याकेज
- [ ] २ वा ३ रातको प्याकेज
- [ ] ४ या ७ रातको प्याकेज
- [ ] १ हप्ता भन्दा बढी

भ्रमणको दौरान के गर्न चाहनु हुन्छ ? (कुनै ३ छान्नुहोस्)

- [ ] साइक्लिङ
- [ ] पदयात्रा
- [ ] सांस्कृतिक भ्रमण
- [ ] दृष्यावलोकन
- [ ] ट्रेकिङ
- [ ] राफ्टिङ
- [ ] खेलकुद
- [ ] अनुसन्धान

भ्रमणअवधिमा प्रतिदिन कतिसम्म रकम खर्चिन रूचाउनु हुन्छ ?

- [ ] रू २००-५००
- [ ] रू ५००-१०००
- [ ] रू १०००-१५००
- [ ] रू १५०० भन्दा बढी

भ्रमणको लागि कस्तो यातायातको साधन तपाईंलाई आरामदायी लाग्छ ?

- [ ] क्याम्पस कार्यालयको बस
- [ ] टुरिस्ट कोच
- [ ] सार्वजनिक सवारीसाधन
- [ ] हवाइजहाज

नाम ______

ठेगाना ______

इमेल ______

फोन ______

आफ्नो रोजाइका विकल्पमा चिनोलगाई कटिङ गरेर पो.व.नं. ११२१६, काठमाडौं वा इमरी ट्राभल्सको कार्यालयमा पठाउनुहोस्। गोलाप्रथाबाट छानिएकाहरुलाई २ दिन एकरातको भ्रमण प्याकेज निःशुल्क उपलब्ध गराइने छ।

Bsoft Nepal (p) Ltd.
KARUNA INTERIOR (P) LTD.
उपलब्धि बचत तथा ऋणसहकारी संस्था लिमिटेड

Dhruva Books   Standard Commodities   Color Nepal

हाम्रा नयाँ प्रकाशन

प्रकाशनसम्बन्धी सम्पूर्ण कार्यका लागि हामीलाई सम्झनुहोस्।

तन्नेरी डटकम, फोन नं.: ४४३५४७७, फ्याक्स : ४४४३८५३ , कमलपोखरी, काठमाडौं नेपाल,
इमेल : tannerimonthly@gmail.com पो.ब.नं. ११२१६